मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ८२ साउन २०७०



मूल्य : रू. २०।-

# लोकतान्त्रिक संविधान निर्माणको प्रश्न

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १९ पूर्णाङ्क ८२ साउन २०७०

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**सम्पादक**
मदन पौडेल

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा, इन्सेक

**व्यवस्थापन**
शैलेश शर्मा

**मुद्रक**
कलर्स प्रिन्ट एण्ड प्रोडक्सन प्रा.लि.
काठमाडौँ




- नेपाली राज्यको सबलीकरण र लोकतान्त्रिक संविधान निर्माणको प्रश्न
  – *प्रा. डा. रामकुमार दाहाल* ८

- न्यायको सुनिश्चितता अझै चुनौतीपूर्ण / *विजयराज गौतम* ६
- निर्वाचन क्षेत्र पुनःनिर्धारणका जटिलता / *डा. पद्मप्रसाद खतिवडा* १५
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमन / *श्यामबाबु काफ्ले* २०
- नेपालमा शिक्षाको अधिकार / *सुशील चौधरी* ३०
- खाद्यअधिकार, कृषि नीति र साना किसान / *कृष्णराज सर्वहारी* ३३
- आमाको नामबाट नागरिकतासम्बन्धी व्यवस्था र प्रयोग / *टिकाध्वज खड्का* ३६
- बालिग मताधिकार र अन्तर्राष्ट्रिय अभ्यास / *लोकराज अवस्थी* ३९
- पुस्तक समीक्षा – *विनोद गौतम* ४४
- कथा : झुसिल्किरा– *निधि* ४५
- कविता : केही छुचुन्द्राहरू– *गोपाल रेग्मी* ४५
- अन्तरवार्ता– *भोजराज पोखरेल* ४६

**नियमित स्तम्भहरू**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)** द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ४२७८७७०, फ्याक्स : ४२७०५५१, इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत

**विदेशमन्त्री भेटमा मर्यादाक्रम ख्याल नराखेको होइन, सुरक्षालगायतका कारणले एउटै स्थानमा भेट्ने अवस्था आएको हो।**




**झलनाथ खनाल**
अध्यक्ष नेकपा एमाले
२६ असार २०७०



**चिया पसलको हल्लाको पछाडि नलाग्नुस् मङ्सिर ४ मै चुनाव हुन्छ। तयारीमा जुट्नुस्।**

**शेरबहादु र देउवा**
वरिष्ठ नेता नेपाली काङ्ग्रेस
कान्तिपुर दैनिक, २० असार २०७०

**दार्चुला बाढीले बगाउँदा कोही गएनन् , तर भारतीय विदेशमन्त्री आउँदा सबै लाम लागेर दर्शनभेटलाई गए।**



**चित्रबहादुर केसी**
अध्यक्ष राष्ट्रिय जनमोर्चा
नयाँपत्रिका दैनिक २७ असार २०७०

## कार्टून




**साभार :**
नागरिक
२०७० असार २३

प्रिय पाठक !

**तपाईँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**
**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?**
**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

# दोस्रो संविधानसभा निर्वाचनका कठिनाइ

संविधानसभाको दोश्रो निर्वाचनको मिति नजिकिँदै गर्दा तोकिएकै मितिमा हुने हो वा होइन यसका बारेमा व्यापक चर्चा परिचर्चा शुरु भएको छ। नेकपा–माओवादी र उसँगै सहकार्यमा रहेका ३३ राजनीतिकदलहरू वर्तमान परिस्थितिमा चुनावमा भाग लिन नसकिने बताउँदै सक्रिय बहिष्कारको रणनीति अख्तियार गर्दै रहेको समाचार सञ्चारमाध्यममा प्रकाशन भएका छन्। नेकपा–माओवादीले त घोषित संविधानसभाको निर्वाचन सफल हुन नदिने भन्दै चुनाव विथोल्ल देशभरका कार्यकर्तालाई निर्देशन दिएको अनि त्यसैअनुसार आफ्ना कार्यकर्तालाई प्रशिक्षणसमेत सञ्चालन गरिरहेको छ। उसले नमुना मतपेटिका फुटाउने जस्ता साङ्केतिक विरोधका कार्यक्रम देशभर सुरु गरिसकेको छ। चुनाव विथोल्ने नेकपा–माओवादीको घोषणाप्रति प्रतिक्रिया दिँदै एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले चुनाव विथोल्ने विरुद्ध प्रतिकारमा उत्रन वाईसीएल कार्यकर्तालाई निर्देशन दिएका छन्। यस्तै चुनावका लागि भनेर गठित सरकारले पनि मतदान गर्ने अधिकार कुण्ठित गर्न नपाइने भन्दै कडा रुपमा प्रस्तुत हुने जनाइसकेको छ।

नेपालमा जनप्रतिनिधि निर्वाचन नभएको पाँच वर्ष पूरा भएको छ। स्थानीय निर्वाचन नभएको त १६ वर्ष नाघिसकेको छ। लोकतन्त्रको मुख्य आधार भनेको आवधिक निर्वाचन प्रणाली हो। जनताले आफ्नो मतको उपयोग गर्न पाउने, आफूलाई मन पर्ने राजनीतिक दल तथा प्रतिनिधि छान्न वा रोज्न पाउने माध्यम भनेको निर्वाचन हो। यदि बिना त्रास र व्यवधान जनताले मताधिकारको प्रयोग गर्न पाएको छैनन् भने त्यसलाई स्वच्छ प्रजातन्त्र वा लोकतन्त्र मान्न सकिँदैन। निर्वाचनको माध्यमबाट जनताको अभिव्यक्ति प्रकट हुन्छ र प्रतिनिधि आफूलाई निर्वाचन गर्ने जनताप्रति उत्तरदायी हुन्छन्। यो अहरणीय हुन्छ। राज्यले कुनै पनि बाहनामा बालिग नागरिकलाई निर्वाचनमा भाग लिनबाट वञ्चित गराउन पाउँदैन। किनभने बालिगमताधिकार भनेका जनताको नैसर्गिक अधिकार हो।

मत दिन पाउनु वा मताधिकार भन्नाले नागरिकहरूले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकार हो। नागरिकले नागरिक भएकै कारणले उपभोग गर्न पाउने त्यस्तो राजनीतिक अधिकार हो, जहाँ नागरिकले सरकारमा आफ्नो प्रतिनिधि चयन गरी राज्य व्यवस्थामा परोक्षरूपले सहभागी बन्ने अवसर पाउँछ। हरेक प्रजातन्त्रिक व्यवस्थामा बालिग मताधिकारको सुनिश्चितता गरिएको हुन्छ। कुनै पनि वाहनामा, लिङ्ग, उमेर, धर्म, भाषा, जात तथा अन्य कारणले सरकारले नागरिकलाई मताधिकारबाट वञ्चित गर्न पाउँदैन। सबै नगारिकलाई मत दिन पाउने अधिकार हुन्छ। जनमुखी कानुन बनाएर सबै नागरिकको मताधिकारको सुनिश्चितता गर्नु राज्यको पहिलो कर्तव्य हो।

संविधानसभाको दोश्रो निर्वाचन सम्पन्न गर्न आवश्यक तयारी गरिरहेको निर्वाचन आयोगले मतदाता सूचि प्रकाशन गर्नेलगायतका कार्यहरु गरिरहेको छ। निर्वाचन आयोगले साउन ७ गतेदेखि लागु हुने गरी निर्वाचन आचारसंहिता लागु गरिसकेको छ। तर, यी सबै तयारीकाबीचमा निर्वाचन आयोगले निर्वाचन बहिस्कार गर्न पाउने राजनीतिक पार्टीको अधिकार भए पनि निर्वाचन बिथोल्ल सक्रिय व्यक्ति लगायतका सबै राजनीतिक दल समूहलाई कानुनी कारबाही गर्न निर्वाचन आयोगले गृहमन्त्रीको ध्यानाकर्षण गराई सकेको अवस्था छ।

राजनीतिक सहमति, विश्वासको आधार र उचित व्यवस्थापनविना गरिएको निर्वाचन, निर्वाचन नभई झाराटार्ने कार्यमात्र हुनेहुँदा यसमा सबै पक्षले समयमै ध्यान दिनु जरुरी छ।

# प्रकाश काफ्ले : शब्दचित्रमा

**स्मृति सन्दर्भ**

नेपालको मानवअधिकारवादी आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दु:खद निधन भएको दुई वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडीसियरी फर ह्युम्यान राइट्सको श्रीलङ्कामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नु भएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टे भीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दु:खद् निधन भएको थियो।

प्रकाश काफ्लेको जन्म २६ डिसेम्बर १९५२ मा सिन्धुली जिल्लाको नाङ्गेडाँडामा भएको थियो। १९६७ मा काठमाडौँको पद्मोदय माध्यमिक विद्यालयबाट एस. एल. सी. पास गरेपछि उहाँले बी. ए. सम्मको अध्ययन पूरा गर्नु भएको थियो।

उहाँले आफ्नो सार्वजनिक जीवनको शुभारम्भ पत्रकारिताबाट गर्नु भयो। १९७३ मा प्राची साहित्यिक पत्रिकाको सम्पादन सँगसँगै लेखनतिर पनि लाग्नु हुने उहाँ स्वतन्त्र पत्रकारको रूपमा "दैनिक समाज" सँग पनि सम्बद्ध रहनु भयो। १९८२ मा हेटौंडाबाट आफ्नै सम्पादनमा उहाँले "साप्ताहिक खबर" सञ्चालन गर्नु भयो। पञ्चायती निरङ्कुशता विरुद्ध जनचेतना अभिवृद्धि गर्न सदा समर्पित रहेर पत्रकारितामा लाग्नु भएका प्रकाश काफ्लेले प्रकाश, छलफल, ज्वाला आदि पत्रिकाहरूको सम्पादन र सञ्चालनमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउनु भयो। त्यस क्रममा उहाँ गिरफ्तारीमा पनि पर्नु भयो।

निरङ्कुशता विरुद्ध विभिन्न न्यायिक आन्दोलनहरूलाई प्रभावित पार्ने र विविध ठाउँमा विस्तारित गर्ने उद्देश्यले उहाँले आफूलाई मानवअधिकारप्रति समर्पित गर्ने निर्णय गर्नुभयो। १९८४ मा मानवअधिकार संरक्षण मञ्चको स्थापना भयो र प्रकाश काफ्ले त्यसको महासचिव चुनिनु भयो। उहाँकै सक्रियतामा सोही वर्षदेखि १० डिसेम्बरका दिन नेपालमा मानवअधिकार दिवस मनाउन थालियो भने राजबन्दी रिहाई अभियान सञ्चालनमा समेत उहाँको भूमिका महत्त्वपूर्ण रहन गयो।

पञ्चायती हिंसा, दमन र उत्पीडनका विरुद्ध मानवअधिकारको बहालीका लागि मानवअधिकार संरक्षण मञ्चको तर्फबाट सक्रिय रहँदै आउनु हुने प्रकाश काफ्ले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सफल बनाउन निकै नै सक्रिय रहनु भयो। युरोप पुगेर नेपाल सहयोग समूह गठन गरी आन्दोलनको पक्षमा प्रचार अभियान चलाउन उहाँ सफल हुनुभयो।

बहुदलीय व्यवस्थाको स्थापना पश्चात् उहाँ २०१७ सालपछि बेपत्ता पारिएकाहरूको खोजबीन गर्ने आयोग, मानवअधिकार हनन तथ्य सङ्कलन समिति, जनआन्दोलन पीडित उच्चस्तरीय समिति र प्रजातन्त्रका सेनानीहरूको नामावली सङ्कलन समितिको सदस्य रहेर आफ्नो जिम्मेवारी सक्रियतापूर्वक पूरा गर्दै आउनु भएको थियो। २०४३ सालमा जनपक्षीय व्यक्तिहरू समेत उम्मेदवार भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन र २०४८ सालको संसदीय आम निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पर्यवेक्षण टोलीका तर्फबाट उहाँले खेल्नु भएको भूमिका अत्याधिक प्रशंसित रहन पुगेको थियो।

मानवअधिकार आन्दोलनलाई नयाँ ढङ्गले अगाडि बढाउने उद्देश्यले स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को उहाँ निर्देशक हुनुहुन्थ्यो। इन्सेकद्वारा सञ्चालित मानवअधिकार सचेतन अभिवृद्धि कार्यक्रमका श्रष्टा प्रकाश काफ्ले नै हुनुहुन्थ्यो। उहाँले नेपालमा मानवअधिकारको स्थितिलाई व्यापक रूपमा समेटेर प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्ने र बँधुवा मजदुर सम्बन्धी अध्ययन अनुसन्धान गर्ने योजनाको निर्माण पनि गर्नुभएको थियो। उहाँको यो सोचाइलाई मूर्तरूप दिएर इन्सेकले मानवअधिकार वर्षपुस्तकको प्रकाशन सुरु गरिसकेको छ भने बँधुवा मजदुरसम्बन्धी प्रतिवेदन पनि प्रकाशित भइसकेको छ। त्यस्तै बँधुवा मजदुर मुक्ति मोर्चा र पीडित महिला मञ्चको गठन गर्नुपर्ने सोचाइलाई पनि उहाँले अगाडि बढाउनु भएको थियो। दक्षिण एशियाली मानवअधिकार मञ्च पनि उहाँकै सोचाइ अनुरूप स्थापना हुन पुगेको छ।

मानवअधिकार आन्दोलनलाई अगाडि बढाउँदै जाने क्रममा उहाँको जिम्मेवारी नेपाललाई केन्द्र बनाएर दक्षिण एशियाली क्षेत्रमा विस्तारित हुन पुग्यो। उहाँले नेपालको राजनीति र मानवअधिकारको स्थितिलाई विश्वसामु परिचित गराउने कुरामा समेत योगदान पुऱ्याउनु भयो।

प्रकाश काफ्ले एशियन कल्चरल फोरम अन डिभलेपमेण्ट, एशिया प्यासिफिक व्युरो अफ एडल्ट एकजुकेशन, साउथ एशियन जुडिसियरी टास्कफोर्स, मानवअधिकार सम्बन्धी एशिया फोरम जस्ता अन्तर्राष्ट्रिय संस्थाहशको सदस्य हुनुहुन्थ्यो। उहाँले पत्रकारको रूपमा बंगलादेश, पाकिस्तान, चीन, उत्तर कोरिया, भारत र हङ्गकङ्गको भ्रमण गर्नु भएको थियो। मानवअधिकारवादी कार्यकर्ताको रूपमा प्रकाश काफ्लेले थाइल्याण्ड, फिलिपिन्स, स्वीट्जरल्याण्ड, जर्मनी, हल्याण्ड, श्रीलङ्का, भारत, बंगलादेश, पाकिस्तान, ताइवान, कोलम्बिया र मेक्सिकोको भ्रमण गर्नु भएको थियो।

सुशील प्रकाश, रूपेश कुमार र स्मृतिको नामबाट लेखहरू लेख्नु हुने प्रकाश काफ्लेले मावनअधिकार सम्बन्धी थुप्रै पुस्तकहरूको सम्पादन गर्नु भएको छ। साउथ एशियन एक्स्चेञ्ज बुलेटिनको नियमित प्रकाशन उहाँकै सम्पादनमा सुरु भएको थियो।

आफ्नो जीवनको अन्तिम समयमा उहाँ भूटानको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउन सक्रिय रहनु भएको थियो। उहाँले भूटानमा मानवअधिकारको स्थिति बारे अध्ययन गर्ने साउथ एशियन जुडिसियरीको संयोजन मात्र गर्नु भएन भूटानी प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई समेट्ने "दि भुटान ट्रेजेडी ह्वेन वील ईट ईण्ड" नामको पुस्तक प्रकाशनमा समेत ठूलो भूमिका खेल्नु भएको थियो।

उहाँको सपना थियो- पिपुल्स सार्कको गठन गर्ने। त्यस्तै उहाँको अर्को सपना पनि थियो- नेपालमा इन्टरनेशनल काङ्ग्रेस अन डेमोक्र्याटिक अल्टरनेटिभ फर डेभलेपमेन्ट, ह्यूमनराइटस् जस्टीस एण्ड पिस् आयोजना गर्ने। यो सपनालाई उहाँले पूरा गर्न पाउनु भएन। हामीले उहाँको यो सपनालाई हृदयमा साँचेका छौँ र त्यसलाई पूरा गर्ने प्रण गर्नुपर्ने आवश्यकता भएको महसुस पनि गरेका छौँ।

मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले अमर हुनुहुन्छ। नामका लागि हैन कामका लागि सदैव क्रियाशील रहनु हुने स्वर्गीय काफ्लेलाई उहाँकै योगदानहरूले अमरता प्रदान गरेका छन्।

स्वर्गीय काफ्लेका योगदानहरू चीरस्थायी रहुन्।

*साउन-भदौ ०५१, वर्ष ३, अङ्क १,*
*पूर्णाङ्क १५ बाट साभार*

# आर्थिक आतङ्‌कवाद



सुबोधराज प्याकुरेल

अचेल नेपालमा बन्द हड्तालको बाढी आएको छ। अस्पतालमा बिरामीको उपचार राम्ररी गरिएन भनेर अथवा प्रहरीले अपराधी भनेर फलानोलाई समात्यो वा फलानोलाई छाड्यो भनेर बाटो बन्द गर्ने, बजार, स्कूल बन्द गर्ने चलन व्याप्त छ। भीडले निर्णय गर्ने र सरकारले त्यसलाई मान्नु पर्ने अवस्थालाई अराजकता भनिन्छ। कतिपय सेवा र पेशा यस्ता हुन्छन्, जसले हड्ताल गर्दा बेसरोकारका र आकस्मिक अवस्थाका मानिसहरू नोक्सानीमा पर्छन्। पुलिसले हड्ताल गर्ने, चिकित्सकले, चालकले, वारुणयन्त्रका मान्छेले हड्ताल गर्ने कुरा सभ्य समाजमा अकल्पनीय हुन्छ। एउटा बिरामीको उपचारमा चित्त नबुझेर गरिएको हड्तालका कारण अरू बिरामी उपचार नपाएर मर्न सक्छन्। सरकारले शुद्ध पानीको मापदण्ड तोक्यो, पानी व्यापारीलाई चित्त बुझेन। उनीहरूले हड्ताल गरे। जनता काकाकुल भए। सरकार लत्रिन बाध्य भयो। परार चितवनको क्यान्सर अस्पतालमा डाक्टर र कर्मचारीको हड्ताल भयो। भनिन्छ कतिपय क्यान्सरका रोगीले समयमा 'केमो' पाएनन्। कतिपय गम्भीर बिरामी समयमा उपचार नपाएर मरे। मधेस आन्दोलनको बेलामा ठेलामा बेथा लागेकी महिलालाई ल्याउँदै गर्दा आन्दोलनकारीले दिएनन्। प्रसव वेदनाले उनले बाटैमा प्राण त्याग्नु पऱ्यो। यसरी एक पक्षको हितका लागि अर्को पक्ष वा बेसरोकारका मानिसलाई नोक्सानमा पार्ने काम कानुनत: अपराध हो भने मानवअधिकारका दृष्टिले गम्भीर प्रकारको मानवअधिकारको उल्लङ्घन हो।

आधुनिक युग स्वतन्त्र बजारको युग हो। तर, नियमन गर्ने तागत सरकारमा छैन र नागरिकमा चेतना छैन भने लाभको लोभमा खतरनाक अपराध हुन सक्छ। उदाहरणका लागि बर्ड-फ्लुले मरेका कुखुरा बजारमा भाउ घटाएर पसलेलाई बेचिन सक्छ। ग्याँस व्यापारीले कमिसन बढाउनुपर्ने माग राखेर इन्धनको हाहाकार मच्चाई दिन सक्छन्। स्वतन्त्र बजारमा कमिसन बढाउनु पर्ने माग राखेर हड्ताल गरिन्छ भन्ने कुरा पत्याउन पनि गाह्रो हुन्छ। कमिसनमा चित्त नबुझे त्यो बस्तुको कारोबार नगर्ने स्वतन्त्रता त हुन्छ। तर, जबरजस्ती कमिसन बढाउन लगाउने चलन चलाउने हो भने सबैले आ-आफ्नो सहुलियत अनुकूलको भाउमा सामान पाउनु पर्ने माग राखेर जबरजस्ती पसल लुटे पनि हुने भयो। भारतको आम-नागरिक पार्टीले बिजुली महसुल नतिर्न आह्वान गर्दै बिजुलीको बिल च्यात्ने अभियान चलाएको थियो। पछि त्यस्तो कर्मको व्यापक आलोचना भएपछि लज्जाबोधका साथ त्यस्तो अभियान रोक्न बाध्य भयो। नीतिगत स्वतन्त्रताको नाममा बैंकहरूले रातारात निक्षेपकर्तालाई दिइने ब्याज ६-७ अङ्कले घटाइदिने र आफूले लिने कर्जाको ब्याजदर ३-४ अङ्कले बढाइदिने चलनका बारेमा ०७० साउनको पहिलो हप्ता राष्ट्र बैङ्कका गभर्नरले नै असन्तुष्टि व्यक्त गर्नु भएको थियो। त्यसलाई मध्यनजर गरी राष्ट्र बैङ्कले लगानी र निक्षेपका बीचको भिन्नतामा अङकुश लगाउने भएको छ। तर बैङ्कहरूले पनि ग्याँस, पानी व्यापारीले जस्तै बन्द हड्ताल गरे भने के होला ?

आजको युग स्वतन्त्र नागरिक र पेशागत सङ्गठनको युग हो। उनीहरूले औचित्य र तर्कका आधारमा सामाजिक सम्बन्ध र सामाजिक न्यायको वकालत गर्छन्। त्यसैले संसद्मा पनि विधेयक बारेको छलफलमा सरोकारवाला त्यस्ता नागरिक सङ्गठन, समाजसँग परामर्श गरिन्छ। उनीहरूबाट पेशागत नैतिकताको अपेक्षा गरिन्छ। तर, जब यस्ता सङ्गठन र जमात नितान्त गुटगत स्वार्थमा लिप्त हुन्छ त्यसपछि त्यसले अराजकताको स्वरूप ग्रहण गर्छ। त्यस्ता अराजक समूहमा अर्काको कमाइ खाने वा आफ्नो सार्वजनिक, राजनीतिक हैसियतलाई नियमित आम्दानीको स्रोत बनाउनेहरू घुस्छन्। सबैजसो देशमा मुनाफाको लोभ र एकाधिकारको लालचले जन्माउने सिन्डिकेट विरुद्ध कानुन बनाइएको हुन्छ। यातायात सिन्डिकेटले मनपरी भाडा असुल्ने, स्वतन्त्र बजारमा प्रतिस्पर्धीलाई छिर्नै नदिने र प्रत्येक सवारीसाधनसँग उनीहरूले असुल्ने शुल्कका बारेमा कतै कसैप्रति जवाफदेही हुनु नपर्ने चलन अराजकता र सिन्डिकेटको विकृत स्वरूप हो। तर, यस्तो कर्ममा तत्कालको आम्दानी गाँसिएको हुनाले यसलाई बलियाको संरक्षण छ। खाना पकाउने ग्याँस उद्यमीले सरकारी संस्थानले ग्याँस उद्योग खोल्न खोज्दा गरेको विरोध यस्तै आर्थिक अराजकताको उदाहरण हो। अहिले हामी आर्थिक र पेशागत अराजकताको चरणमा छौं। तर, यो अवस्था लामो समय रहयो भने यसले आतङ्कवादको रूप ग्रहण गर्ने छ। अफगानिस्तानको ६० वर्ष पुरानो इतिहासलाई हेर्ने हो भने पहिले लोभले अफिम खेती थाले किसानले। किनकी त्यसका व्यापारीले सुरक्षा र उच्च मूल्यको जिम्मा लिए। त्यस आपराधिक खेतीमा पुलिस, शासक र उपल्लाहरू गाँसिए। अनि अफिम बाहेकको खेती गर्न चाहनेले बस्न टिक्न नसक्ने अवस्था आयो। मुल्ला र राजनीतिज्ञहरू पनि गाँसिए र यो विषय धर्म र राजनीतिको अभिन्न अङ्ग बन्न पुग्यो। गैरकानुनी धन्दा वा व्यवहारलाई मौनताको संहिता मार्फत् जबरजस्ती लागु गरिने कर्मलाई आतङ्कवाद भनिन्छ। सन् १८६५ मा अमेरिकामा कु क्लुक्स नामको समूहले समाजलाई आतङ्कित तुल्याएर मनपरी गर्थ्यो। १९६० को दशकमा इटालीको रेड आर्मी र १९४८ को दशकमा यहुदी समूहले इजराइल र प्यालेस्टाइनमा राजनीतिक नाराको आवरणमा निर्दोषहरूउपर आक्रमण गरेर सबैलाई त्रस्त पार्ने र राज्यलाई गलाउने रणनीति लिएका थिए। अराजकता (एनाकिर्जम) को शब्द ग्रीक भाषाबाट आएको हो। यसको अर्थ हुन्छ सरकार बिनाको स्थिति। रूसमा सन् १८२४ मा यही सिद्धान्तका बाकुनिनका समर्थकहरूले जार द्वितीयको हत्या गरेर क्रान्तिको उद्घोष गरेका थिए। जसको नराम्रोसँग दमन भयो। जनताले टुलुटुलु हेरे मात्र। तिनको समर्थन नभएकोले त्यो समूह नासियो। राज्यद्वारा गरिने व्यापक र निरङ्कुश दमनलाई पनि अराजकता भनिन्छ। तर, अराजकता पल्किएपछि यसले आतङ्कवादको स्वरूप ग्रहण गर्छ। जब अराजकतावादीहरूले बल प्रयोगद्वारा आफ्ना लालच पूरा गर्न सकिन्छ भन्ने ठान्दछन् अनि पहिले उनीहरूले विरोधका स्वरको घाँटी निमोठ्ने रणनीति अपनाउँछन्। क-कसले विरोध गर्छन् भन्ने थाहा नहुने हुँदा सार्वजनिक रूपमा कुनै निर्दोषलाई दुर्दान्त तवरले तड्पाउने गर्छन् ताकी अरूले त्यो अत्याचार देखेरै मौन बसून, आतङ्कवादीको आदेश खुरु खुरु मानून्। तर पुँजी बजारको आतङ्क पनि यो भन्दा कम खतरनाक हुन्न। सरकारका नियामक अङ्गलाई निस्तेज पार्ने, उपभोक्तालाई बाध्य पार्ने र मनपरीको संस्कार चलाउने धन्दा स्वतन्त्र बजारका आतङ्ककारीको लक्ष्य हो। असम्भव र झुठो विज्ञापनद्वारा उपभोक्ता झुक्याउने, कानुनी छिद्रको दुरुपयोग गर्ने र अपराधबाट बच्न नेता प्रशासकलाई किन्ने कुरा आधुनिक युगको आर्थिक आतङ्कवाद भित्र पर्छ। यस्तो दुस्प्रवृति विरुद्ध असल नियतका व्यापारी र पेशाकर्मीहरू जागरुक हुनु पर्छ. सरकारले तदारुकतापूर्वक जनचेतनाका बाहकहरूलाई साथ लिएर कानुनी र प्रशासनिक संरचना बनाउनु पर्छ। हामी कहाँ आर्थिक आतङ्कवाद संस्कारका रूपमा उदय हुन खोज्दै छ। यसलाई बेलैमा लगाम नलगाउने हो भने यसले आपराधिक कर्ममा सबैलाई उछिन्न सक्छ।

# न्यायको सुनिश्चितता अझै चुनौतीपूर्ण

**सत्य निरुपण आयोग अध्यादेशमा रहेको क्षमादन प्रावधान जुन द्वन्द्वकालमा गरिएको गम्भीर अपराधमा पनि आकर्षित हुन्छ, यस्तो प्रावधान अन्तर्राष्ट्रिय मानवीय कानुन तथा सङ्क्रमणकालीन न्याय सिद्धान्तको विपरीत छ भन्ने तर्क राख्दै अधिवक्ता माधवकुमार बस्नेतको नेतृत्वमा कानुन व्यवसायीहरूको समूहले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो।**



विजयराज गौतम

द्वन्द्वपीडितहरुलाई न्याय प्रदान गर्नु नेपालको शान्ति सम्झौताका विषयहरूमध्ये प्रमुख मानिन्छ । विगतमा भएका मानवअधिकार उल्लङ्घनका जघन्य घटनाहरूलाई विवेकतापूर्वक सम्बोधन गर्न नसकिए यसले गम्भीर परिणाम निम्त्याउन सक्छ। मानवअधिकार र सशस्त्र द्वन्द्वसँग गाँसिएका कयौं घटनाहरूलाई पूर्णरूपमा ध्यान दिन नसक्दा तथा यस्ता घटनाहरूको अवज्ञा गरिएका कारण नेपालमा भएका मानवअधिकार उल्लङ्घनको विषय अन्तर्राष्ट्रिय समुदायको लागि अध्ययन र सरोकारको विषय भएको छ।

अन्तर्राष्ट्रिय मानवीय कानुन, अन्तर्राष्ट्रिय मानवअधिकार कानून, जेनेभा महासन्धिको साझा धारा ३ आदिलाई सङ्घर्षरत् दुवै पक्षबाट विचार गरिएको भए,त्यसबेला हिंसाको परिमाण न्यून हुन सक्दथ्यो । यस्ता गम्भीर विषयहरूको बेवास्ता गरेकै कारण हिंसाले अनुमान नै गर्न नसकिने बहाव सृजना गऱ्यो। द्वन्द्व निरुपणसँग सम्बन्धित आयोगहरूको स्थापना गरी सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको सत्य तथ्य उजागर गर्न आवाज उठिरहेको छ। तसर्थ विगतमा भएका रक्तपातपूर्ण घटनाहरूको तथ्य विवरण सतहमा ल्याउनु अपरिहार्य हुन्छ, यद्यपि यो त्यति सहज भने छैन।

**आलोचित अध्यादेश**

नेपाल सरकारले सङ्क्रमणकालीन न्याय संयन्त्रलाई स्थापित गर्न अध्यादेशमार्फत केही कदमहरू चाले तापनि यसमा भएका कमजोरीहरूका कारण उक्त अध्यायदेश राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा निकै आलोचित हुन पुग्यो। केही कुटनीतिज्ञहरूबाट उक्त अध्यादेश अन्तर्राष्ट्रियस्तरको नभएको धारणा सार्वजनिक भएको छ ।

मानवअधिकार उल्लङ्घनका घटना तथा विगतमा भएका घटनाहरूलाई समीक्षा गर्ने तथा त्यस्ता घटनाका कारणहरू पत्ता लगाउने उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग स्थापना हुने गरेको अन्तराष्ट्रिय अभ्यास छ । यस सन्दर्भमा नेपाल सरकारले अघि सारेको अध्यादेश भने त्यस्ता कार्य सम्पन्न गर्न सक्षम देखिँदैन । यिनै कारणहरूले गर्दा द्वन्द्वपीडित, अनि अरु सम्बधित सङ्घसंस्थाहरूले सङ्क्रमणकालीन न्याय संयन्त्र त्रुटिपूर्ण र अवैधानिक हुने निष्कर्षमा पुगेका छन्। सङ्घ संस्थाहरूले सरकारलाई अवैधानिक आधारमा गलत अभिप्रायले बनेको सत्य निरुपण अयोगको निर्माण हुनु हुँदैन भन्ने माग पनि जोडदार रूपमा उठाउँदै आएका छन्।

यस्ता आयोगहरूको सिफारिश कार्यान्वयनका लागि आयोगले स्पष्ट मार्गदर्शन प्रदान गर्नु पर्दछ भन्ने बारे इन्सेकले माग गर्दै आएको छ। सर्वोच्च न्यायालय तथा अन्य न्यायालयहरूको निर्णय कार्यान्वयन तथा अल्पकार्यान्वयन हुनु, विगतमा विभिन्न उद्देश्य परिपूर्तिका निम्ति गठित आयोगहरूका सिफारिशहरू कार्यान्वयन नहुनु जस्ता याथार्थले हामीलाई आशावादी हुनका निम्ति प्रोत्साहित नगर्ने भएको हुनाले वा भनौं सङ्क्रमणकालीन न्यायका सयन्त्रहरुको सिफारिशहरू कार्यान्वयन हुने अपेक्षा सहजै गर्न सकिन्न।

आयोगका उद्देश्यहरू कार्यान्वयन गर्न तयार पारिएका आवश्यक विनियमहरू अध्यादेशमा स्पष्ट हुनु पर्दछ। यद्यपि अध्यादेशसँग केन्द्रित हुने विभिन्न विचाराधीन विषयहरू जुन अध्यादेशसँग सरोकार राख्दछन्, यस्ता अस्पष्ट वर्णन समावेश भएको अध्यादेशले आयोगद्वारा गरिएको सिफारिश कार्यान्वयन सुनिश्चित गर्न सक्दैन।

नेपालका मानवअधिकार सङ्घसंस्थाहरूले अध्यादेशबारे कडा विरोध जनाउँदै आइरहेका छन्। जबसम्म सम्बन्धित पक्षहरूको सरसल्लाहद्वारा अध्यादेशको निर्माण गरिँदैन, तबसम्म उनीहरूको यथास्थितिमा कुनै परिर्वतन आउँदैन। यद्यपि उक्त अध्यादेश प्रस्तावना तथा प्रचलन अवधिमा सम्बन्धित पक्षहरूको पूर्ण रूपमा बेवास्ता गरिएको थियो। यसप्रकारको अनादरले गर्दा नै हामी सजग भएका छौं, साथै द्वन्द्वपीडितहरूलाई निश्चित समयमा न्याय प्रदान गरिनुपर्ने न्याय प्रणालीप्रति कम आशावादी हुन थालेका छौं।

२०६९ भदौ १२ मा मानव अधिकारकर्मीहरूले एक वक्तव्य जारी गरी अध्यादेशलाई क्षमादान अध्यादेश भनिएकोमा कडा आलोचना गरेका थिए।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्त नेभी पिल्लेले पनि अन्तर्राष्ट्रिय मापदण्ड विरुद्ध सत्य निरुपण आयोगद्वारा क्षमादान प्रदान गरिने अधिकार समावेश भएको सत्य निरुपण आयोग अध्यादेशमा संशोधन हुनपर्छ भन्ने धारणा व्यक्त गरेकी थिइन्।

हामीले महसुस गरेअनुसार द्वन्द्वपीडितलाई न्याय प्रदान गर्नको निम्ति सरकारी पहलमा स्थापना गरिएका आयोगहरूद्वारा सार्थक काम केही हुन सकेको छैन, यिनीहरू मात्र औपचारिक हुन पुगेका छन्। यस प्रकारका सम्बोधनले हामीलाई ज्यादै चिन्तित बनाएको छ। किनभने यी प्रावधानहरू राजनीतिक तथा प्रशासनिक तवरले क्षमादान

अनुमति दिन दुरूपयोग हुन सक्छन्। परिणामत: अध्यादेशमा व्यवस्था गरिएका क्षमादान प्रावधान चिन्ताको विषय बन्न सक्छ।

राजनीतिक लेनदेन तथा सहमतिको नाममा नेपाली जनताको मानवअधिकारप्रति राजनीतिक दलहरूले पर्याप्त ध्यान दिन नसकेको तिक्त अनुभव हामीले भोगेका छौँ। नेपाली जनताको मानवअधिकारलाई राजनीतिक क्षेत्रले समुचित ध्यान नदिएको अवस्था पनि छ। सङ्क्रमणकालीन न्याय संयन्त्रद्वारा क्षमा गर्ने सकिँदैन भन्ने पनि होइन। क्षमाको सन्दर्भमा हाम्रो ध्यान प्रत्यक्षरूपले द्वन्द्वपीडितहरूप्रति हुनु पर्दछ। सङ्क्रमणकालीन संयन्त्रको लामो प्रक्रिया पूरा गरे तापनि आफूले न्याय नपाएको अनुभूति भयो भने हिंसा तथा बदला दोहोरिन सक्ने खतरा रहन्छ। यसप्रकारका प्रावधानहरूको अनुचित प्रयोगले निम्त्याउन सक्ने सम्भावित परिणामहरूप्रति उक्त अध्यादेशले त्यति चासो दिएको देखिँदैन।

वर्तमान अध्यादेशले स्पष्टरूपले गम्भीर मानवअधिकार हननका विषयहरूलाई परिभाषित गर्ने प्रयत्न गरेको छ तथा सिफारिश कार्यान्वयन व्यवस्था गर्नुका अतिरिक्त आयोगका अध्यक्ष तथा सदस्यहरूको चयन गर्ने तथा न्यूनीकरण गर्ने सन्दर्भमा अचूक हुने प्रयास गरेको छ।

न्यायाधिवक्ताको विवेक अनुरुप त्यसबेलादेखि सरकारी निर्णयकर्ताहरूले आयोगद्वारा सिफारिश गरिएको व्यक्तिहरूलाई अभियोग लगाउने वा नलगाउने भन्ने बारे, अध्यादेशको खण्ड २८ बमोजिम अध्यादेशद्वारा आयोगको गठन गरिनु विवेकपूर्ण मानिएको छ।

२०७० वैशाख १६ गते सर्वोच्च न्यायालयले सत्य निरुपण आयोग अध्यादेशको कार्यान्वयनबिरुद्ध अन्तरिम आदेश जारी गऱ्यो।

सत्य निरुपण आयोग अध्यादेशमा रहेको क्षमादान प्रावधान जुन द्वन्द्वकालमा गरिएको गम्भीर अपराधमा पनि आकर्षित हुन्छ, यस्तो प्रावधान अन्तर्राष्ट्रिय मानवीय कानुन तथा सङ्क्रमणकालीन न्याय सिद्धान्तको विपरीत छ भन्ने तर्क राख्दै अधिवक्ता माधव कुमार बस्नेतको नेतृत्वमा कानुन व्यवसायीहरूको समूहले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो।

**निष्कर्ष**

सत्य निरुपण आयोग गठन गर्न प्रस्तुत अध्यादेश अप्रजातान्त्रिक तबरबाट ल्याइएको अध्यादेश हो। यो विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान २०६३, विगतमा गरिएका विभिन्न सम्झौताहरू, विगत संविधानसभामा पेश गरिएका प्रस्तावहरू र सकारले मानवअधिकार र पीडितहरूको अधिकार र न्यायप्रतिको जिम्मेवारीको विरुद्धमा छ। जबसम्म नागरिक समाजलाई अयोगको विषयवस्तु अन्तिम रुप दिन संलग्न गराइँदैन, यो अध्यादेश सर्वस्वीकार्य हुन सक्दैन।

यस अध्यादेश द्वन्द्व रुपान्तरणको सामाजिक मनोवैज्ञानिक प्रक्रिया अन्तर्गत गम्भीर कदम चाल्नुको सट्टा राजनीतिक कपटको रूपमा परिणत हुन पुग्छ।

त्यसैले यो अध्यादेशद्वारा गठन भएको आयोगले पीडित पक्षलाई पुन: द्वन्द्वमा संलग्न गराउने प्रबल सम्भावना बढेर गएको छ। राजनीतिक इमान्दारिता घटेर गइरहेको यस्तो परिस्थितिमा यस्तो कदमको सही ढङ्गले निर्णय गरिनु पर्दछ। द्वन्द्व पीडितहरूलाई भौतिक समृद्धि प्रदान गर्नु एक प्रकारको न्याय भए तापनि द्वन्द्व पीडितहरू र उनीहरूको आश्रितको जीवन कसरी प्रभावित भएको छ र उनीहरूलाई कस्ता व्यवहार गरिएको छ भन्ने कुरालाई अझ महत्व दिनु पर्दछ। सशस्त्र द्वन्द्वमा गरिएको मानवअधिकार उल्लङ्घनका असरहरूलाई धमिल्याएर बिर्साउन सकिँदैन। त्यसैले मानवअधिकारका लागि सक्रिय सङ्घसंस्थाहरू यस विषयमा तबसम्म अडिग रहनु पर्छ जबसम्म द्वन्द्वपीडितहरूको न्यायको सही ढङ्गले सम्बोधन हुँदैन।

## हत्या अभियोगी स्वतन्त्र: दण्डहीनताको पराकाष्ठा

पोकली गाविस-२ ओखलढुङ्गाका ३५ वर्षीय उज्जन श्रेष्ठ उर्फ भुवनको २०५५ असार १० गते रामेछाप जिल्लाको धोवीबजार भन्ने ठाउँमा धानको वीउ किन्न जाँदा हत्या गरियो। श्रेष्ठलाई बालकृष्ण ढुंगेलले गोली हानी हत्या गरेका थिए। त्यसपछि उनको लासलाई लिखु खोलामा फालिएको थियो।

उज्जनका भाई गणेश कुमार श्रेष्ठले उक्त हत्याको दोषीउपर असार १६ गते मंगलबार बालकृष्ण ढुंगेल लगायत अरु केहीका विरूद्ध किटानी जाहेरी दिए।

उज्जनका परिवारका अनुसार उनको हत्या ब्राम्हण महिलासँग भएको अन्तरजातीय विवाहसँग जोडिएको थियो। ती महिला ढुङ्गेलका नातेदार पनि हुन्। गणेश श्रेष्ठलाई ०५९ मङ्सिर ६ गते उनकै छोरीको अगाडि हत्या गरिएको थियो। उनका परिवारकाअनुसार उनले दिएको किटानी जाहेरीको बदलामा उनको हत्या गरेको थियो। गणेशकी छोरीले पनि विचलित भएर केही समयपछि आत्महत्या गरिन्। ओखलढुंगा जिल्ला अदालतले ०६१ सालमा आरोपित ढुङ्गेल विरुद्ध जन्मकैद र सर्वस्वहरणको फैसला सुनायो। तर, २०६३ असार ११ गते राजविराजको पुनरावेदन अदालतका न्यायाधीश वैजनाथ उपाध्यायको इजलासले उनलाई सफाइ दियो। सर्वोच्च अदालतले ढुंगेललाई दोषी ठहऱ्याउँदै सजाय गर्ने फैसला गरेको थियो। अदालतको फैसला अझै कार्यान्वयन गरिएको छैन। प्रहरीले ढुङ्गेललाई फरार रहेको भनिरहेको छ भने वरिष्ठ प्रहरी अधिकृतहरुसँग सँगसँगै हिँडेको उनको फोटो सार्वजनिक सञ्चारमाध्यमहरूले प्रकाशन गरेका छन्।

### द्वन्द्वपीडितका परिवारप्रति बेवास्ता

आफ्नो छोराको हत्यारा पत्ता लगाइदिन माग गर्दै भोक हड्तालमा रहेका ५६ वर्षीय नन्दप्रसाद अधिकारी र पत्नी ५५ वर्षीया गंगामायालाई जबरजस्ती लगनखेलस्थित मानसिक अस्पतालमा भर्ना गरियो। उनीहरूको छोरा कृष्ण अधिकारीलाई २०६२ सालमा माओवादीहरूले अपरण गरी हत्या गरेका थिए। पीडितका जेठा छोरा ३० वर्षीय नुरप्रसाद अधिकारीलाई प्रहरीले जेठ २९ गते प्रधानमन्त्री कार्यालय बालुवाटार अगाडिबाट गिरफ्तार गऱ्यो। उनी अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी समक्ष आफ्ना भाइका हत्यारा पत्ता लगाइदिन माग गर्न गएका थिए। पछि इन्सेकको सहयोगमा उनी हिरासत मुक्त भएका थिए।

# नेपाली राज्यको सबलीकरण र लोकतान्त्रिक संविधान निर्माणको प्रश्न

**तराईमा चलेका तराई आन्दोलन, सशस्त्र समूहको ज्यादती, पूर्वमा जातीय राज्य स्थापनाका लागि चलेका पहिचानको राजनीति (Identity Politics) अन्तर्गतका पहल, नेपाली राज्यलाई समाजका सबै समूहबाट आएको प्रत्यक्ष चुनौती, नेपाली राजनीतिक नेतृत्वको गैरजिम्मेवारीपनजस्ता कुराले कमजोर राज्यलाई थप कमजोर बनाउँदै लग्यो। राज्य कमजोर बन्दै गएकै कारण यसले आफ्ना नागरिकहरूलाई शान्ति सुरक्षा प्रदान गर्न सकेन र नागरिकका हित र भलाइका लागि कुनै ठोस कार्य गर्न सकेन भने विदेशमा बसेका नेपाली समुदाय र कामदारको आर्थिक र अन्य हितको खुलेर वकालत समेत गर्न सकेन।**



प्रा.डा. रामकुमार दाहाल

**परिचय** : नेपालको दोश्रो बहुदलीय संसदीय अभ्यास (Second Multiparty Parliamentary Experiment) (सन् १९९०-२००५) ताका नेपालका निर्वाचित सरकारले प्रदर्शन गर्न नसकेको राजनीतिक सक्षमता, कार्यकुशलता, सीप आदिका कारण यस्तो व्यवस्थाबाट मुलुकमा गम्भीर परिवर्तन नहुनेदेखि आफ्ना ४० सूत्रीय माग राखी जनयुद्ध थालनी गर्न पुगेको माओवादी शक्तिले राज्यविरुद्ध सशस्त्र आन्दोलन थालनी गरेपछि नेपाली राजनीतिले नयाँ मोड लिन पुग्यो। राज्य र माओवादी शक्तिबीच जनयुद्ध थालनी भएपछि अन्तर्राष्ट्रिय राजनीतिमा नेपाल शान्ति क्षेत्र (Peace Zone) (जसलाई विश्वका १ सय १७ मुलुकले मान्यता दिएका थिए) बाट द्वन्द्व क्षेत्रमा परिणत हुन पुग्यो। हुनत सन् १९९० को राजनीतिक परिवर्तनपछि पनि नेपालमा कुशासन, भ्रष्टाचार आदि तत्त्वले प्रश्रय पाई नेपाली राज्य संयन्त्र कमजोर बन्न पुग्यो। राज्यको उपस्थिति राजधानीलगायतका केही सीमित क्षेत्रमा मात्र हुन पुग्यो। दोश्रो जनआन्दोलन (अप्रिल २००६/वि.सं. २०६२/६३) पश्चात् नेपाली राजनीतिमा उठेका नयाँ विवाद र मुद्दा (सङ्घीयता, राज्यको पुनर्संरचना, शासकीय स्वरूप, प्रतिनिधित्व, सहभागिता, भाषा, धर्म र जातीय विषयमा आधारित विवादले गर्दा मुलुक नयाँ ढङ्गको जातीय विवादमा होमिन पुग्यो, जसले गर्दा नेपाली राज्य थप कमजोर बन्न पुग्यो। तराईमा चलेका तराई आन्दोलन, सशस्त्र समूहको ज्यादती, पूर्वमा जातीय राज्य स्थापनाका लागि चलेका पहिचानको राजनीति (Identity Politics) अन्तर्गतका पहल, नेपाली राज्यलाई समाजका सबै समूहबाट आएको प्रत्यक्ष चुनौती, नेपाली राजनीतिक नेतृत्वको गैरजिम्मेवारीपनजस्ता कुराले कमजोर राज्यलाई थप कमजोर बनाउँदै लग्यो। राज्य कमजोर बन्दै गएकै कारण यसले आफ्ना नागरिकहरूलाई शान्ति सुरक्षा प्रदान गर्न सकेन र नागरिकका हित र भलाइका लागि कुनै ठोस कार्य गर्न सकेन भने विदेशमा बसेका नेपाली समुदाय र कामदारको आर्थिक र अन्य हितको खुलेर वकालत समेत गर्न सकेन। राज्यको सक्षमताका ह्रास (Erosion in the Capability of the State) भएकै कारण विदेशी शक्तिले नेपालमा एक कमजोर राज्य (Weak/Embronic State/Fragile State), राजनीतिक हिसाबले अस्थिर राज्य (Politically Unstable State) को दर्जा समेत दिन पुगे। यस्तो अवस्थामा एक असक्षम राष्ट्रका लागि दोश्रो संविधानसभामार्फत् एक लोकतान्त्रिक संविधानको निर्माण गर्ने काम समेत झन् जटिल बन्न पुगेको छ। यस्तो अस्थिर परिस्थितिलाई वैदेशिक शक्तिले आफ्नो हित सम्बर्धन गर्न आफ्नै अनुकूल प्रयोग गरिदिएकाले कमजोर नेपाली राज्यका लागि यसले थप चुनौती थपिदिएको छ। यस लेखमा नेपाली राज्य कसरी सवल र सक्षम हुन (Strrengthening and Consolidating Nepalese State) सक्छ र लोकतन्त्र कसरी संस्थागत हुन (Institutionalization of Democratic Polity) सक्छ र दोश्रो संविधानसभाले कसरी कुशलतासाथ लोकतान्त्रिक संविधान निर्माण गरी सङ्क्रमणकालीन अन्त्य गरी राजनीतिक स्थिरता कायम गरेर मुलुकलाई संवैधानिक दिशा दिने प्रयत्न गर्ने छ त्यसबारे चर्चा गरिने छ।

**नेपाली राज्यको सवलीकरणको मुद्दा (Issues of Strengthening and Consolidating Nepalese State) :** विश्व बैंकले प्रतिपादन गरेको न्यूनतम शासन गर्ने राज्य (Minimalist State) ले राज्यको भूमिकालाई कम गर्ने

(Downsizing the Role of the State) प्रयास गरे तापनि खुला बजार नीति (Free Market Policies) अपनाउने राज्यमा पनि राज्यको भूमिका कमजोर रहेको छैन। यस्तो राज्यमा विकास निर्माणका कार्यमा सरकार, नागरिक समाज (सार्वजनिक क्षेत्र र बजार (निजी क्षेत्र) सबैको समान भूमिका खोजिए तापनि यूरोपेली र अमेरिकी राज्य कमजोर भएको छैन। त्यसैले विश्व बैङ्कको यो राज्यलाई कमजोर बनाउने दर्शन तेश्रो विश्वका लागि उपयोगी र व्यवहारिक देखिएको छैन। युरोपेली र अमेरिकी राज्यहरू शक्तिशाली भएकाले नै यिनीहरूले आफ्ना नागरिकको सुरक्षा र हितका लागि कार्य गर्न सफल भएका छन्। राज्य कमजोर भए यसले आफ्ना नागरिकलाई न्यूनतम तहको शान्ति सुरक्षा समेत प्रदान गर्न सक्तैन, राज्य र जनताको चौतर्फी आर्थिक विकास त धेरै परको/टाढाको कुरा हो। त्यसैले राज्यको सवलीकरणको मुद्दा नेपालमा पनि अति महत्त्वपूर्ण विषयवस्तु बनेको छ।[१]

**नेपालमा राज्य संयन्त्र (State Mechanism Institutions) :** नेपालमा विद्यमान राज्यीय संयन्त्र र संस्थाको अध्ययन गर्नुपूर्व नेपाली राज्यको वर्तमान अवस्था (Current status of State Institutions) कस्तो छ, नेपाली राज्यलाई यति कमजोर बनाउन को जिम्मेवार छन् (Who/Which Agencies are Responsible for Making State) जस्ता कुराको पनि चर्चा गरिनु आवश्यक छ।

**नेपालका राज्य तत्त्व (State Actors/Factors)-** व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, कर्मचारीतन्त्र, सेना र राज्य नियन्त्रिक वित्तीय, शैक्षिक संस्था आदिको वर्तमान अवस्था त्यति सन्तोषप्रद छैन। विश्वको र देशभित्रको बदलिँदो परिस्थिति र वर्तमान अवस्थामा जनताको माग र आवश्यकतालाई यी संस्थाले सम्बोधन गर्न नसकेकाले जनताको यी राज्य संस्थाप्रतिको विश्वास (People's Trust on State) दिन प्रतिदिन घट्दै गइरहेको छ। नेपाली राज्यलाई कमजोर बनाउनमा विभिन्न तत्वहरू जिम्मेवार रहेका छन्, जसमा आन्तरिक र बाह्य दुवै कारण सम्मिलित छन्। दोश्रो बहुदलीय अभ्यास (सन् १९९०-२००५) ताका मुलुकमा भएका भ्रष्टाचार र कुशासनका गतिविधि, माओवादी जनयुद्धताका राज्य र माओवादी लडाकुबीचको भिडन्त (सन् १९९६-२००६) जस्ता कुराहरू आन्तरिक कारणहरूभित्र पर्दछन्। वि.सं. २०६२/६३ को आन्दोलनपश्चात् नेपाली राजनीतिमा देखापरेका र मुलुकका विभिन्न भागमा चलेका पहिचानको राजनीति (Identity of Politics) मा आधारित आन्दोलन- मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, थारु र दलित आन्दोलन, जातीय र राजनीतिक अतिवाद (Ethnic and Political Extremism), सङ्घीयता र पहिचानमा आधारित राजनीति (Identity politics) ले मुलुकमा नयाँ सामाजिक सद्भाव र समावेशीकरणका प्रयास त्यति सफल भएका देखिँदैनन्। सामाजिक शक्ति (Social Forces) बीच विद्यमान विभिन्न विवाद, आर्थिक, धार्मिक र राजनीतिक शक्तिबीचको नवीन विवादले कमजोर नेपाली राज्य अझ कमजोर बन्न पुगेको छ र राज्यको सक्षमता घट्न पुगेको (Deteriorating capability of Nepalese State) छ। अन्तर्राष्ट्रिय राज्य र गैर राज्य शक्ति (International State and Non-State Actors/Agencies) ले पनि नेपाली राज्यलाई कमजोर बनाउन निर्णायक भूमिका निर्वाह गरेको छ। नेपालको वर्तमान भूराजनीतिक अवस्थिति (Geo-Strategic Position) का कारण नेपाल विश्व र क्षेत्रीय राजनीतिको केन्द्र बन्न पुगेको छ। चीनको दोश्रो अन्तर्राष्ट्रिय शक्तिका रूपमा उदय र महाशक्ति राष्ट्र बन्ने तयारीका कारण चीन र संयुक्त राज्य अमेरिकाबीच अन्तर्राष्ट्रिय राजनीति र नेपालमा भएको प्रतिस्पर्धा, स्वतन्त्र तिब्बत (Free Tibet) का नाममा नेपाली भूमिबाट भएका चीन विरोधी गतिविधि, भारत र चीनबीच विश्व राजनीति क्षेत्रीय र नेपाली राजनीतिमा भएको तीब्र प्रतिस्पर्धाजस्ता गतिविधिले कमजोर नेपाली राज्यका लागि थप चुनौति खडा गरिदिएको छ। नेपाली राजनीतिक नेतृत्वसँग यी नवीन समस्यासँग जुध्ने तीव्र राजनीतिक इच्छाशक्ति (Political Willpower and Political Commitment) नभएका कारण राज्य यी नवीन परिस्थितिसँग जुध्न र आफ्नो राष्ट्रिय हित सम्बर्द्धन गर्न असक्षम सावित भएको छ। मुलुकमा भएका क्रान्तिकारी परिवर्तनलाई संस्थागत गर्न नसकिनु, एकल पहिचानमा आधारित सङ्घीयताको वकालत, राज्यभन्दा नेपाली समाज अगाडि हुनु र राज्य र समाजमा तालमेल नहुनाले र सबै सामाजिक शक्तिले राज्यलाई चुनौती दिँदै असहयोग गरेकाले राज्य थप कमजोर बन्न गएको छ।

नेपाली राज्यको वर्तमान अवस्था हेर्ने क्रममा नेपाली सरकारका तीन अङ्गको सक्षमताका विषयमा चर्चा गर्नुपर्ने हुन्छ।

**नेपाली कार्यपालिका नेतृत्व (Executive Leadership)** ले नेपाली राज्यलाई सवल बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। तर, राजनीतिक विवादमा नै मुछिएका सन् १९९० पछिका नेपाली प्रधानमन्त्रीहरूले नेतृत्व गरेका मन्त्रिमण्डलले नेपाली राज्यलाई सवल बनाई क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको स्वतन्त्र अन्तर्राष्ट्रिय व्यक्तित्व (Independent International Personality) निर्माण गर्ने कार्यमा पूर्ण असफल रहे। सन् २००८-२०१२ को अवधिमा प्रथम संविधानसभामार्फत् मुलुकका लागि एक लोकतान्त्रिक संविधानसभा निर्माण गर्न गम्भीर पहल गर्ने कार्यमा नेपाली कार्यपालिका र कार्यपालिका नेतृत्व (Executive Leadership) असक्षम सावित भयो। राष्ट्र प्रमुखका रूपमा रहने राष्ट्रपतिले यस क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने संवैधानिक सम्भावना छैन। नेपालका **राजनीतिक दल र सरकारी नेतृत्व (Executive leadership)** मा बसेका व्यक्तिहरू स्वयम्ले लोकतान्त्रिक मूल्य र मान्यता (Democratic Norms and Values) लाई सम्वर्धन गर्न नसक्नाले र अलोकतान्त्रिक पद्धतिबाट कार्य गर्नाले नेपाली राज्य र लोकतन्त्र कमजोर बन्न पुग्यो। प्रथम

"[१] Minimalist state is a state that restricts its activities to providing only goods that the free market cannot produce. Positive state is a state that helps provide the goods, services and conditions for a prosporous equitable society" (Wiki.answers.com).

संविधानसभा (सन् २००८-२०१२) ताका वैधता (Legitimacy) पाएको थलो संसद्लाई तिरस्कार गरी केही दलीय नेतृत्वले संविधानसभा बाहिर गतिविधि सञ्चालन गर्नाले निर्वाचित, न्यायोचित र वैध जनप्रतिनिधि निकाय पङ्गु मात्र बनेन यसले तानाशाही प्रवृत्तिलाई समेत प्रश्रय दियो। राजनीतिक दल र कार्यपालिका नेतृत्व नातावाद, कृपावाद, भ्रष्टाचार, डन संस्कार, कमिसनतन्त्रजस्ता कुराबाट माथि उठ्न नसक्नाले राज्य र लोकतन्त्रप्रति जनआस्था घट्नाले राज्य र लोकतन्त्र दुवै कमजोर बन्न पुग्यो। दलीय प्रभावमा पारेर अदालतलाई समेत गुमराहमा राख्ने प्रयास गरियो। प्रधानन्यायाधीशलाई अन्तरिम चुनावी सरकारको प्रमुख बनाएर न्यायपालिकाप्रतिको जनताको आस्था र विश्वासलाई समेत डगमगाउने प्रयत्न गरियो। राजनीतिक आस्थाको आधारमा न्यायाधीशको नियुक्ति गरिएको कुरा सञ्चार माध्यममा खुलेआम आए। यी सबै घटनाले राज्य र लोकतन्त्रप्रति जनआस्था घट्नाले राज्य र लोकतन्त्र दुवै कमजोर बन्न पुगे।

**प्रथम संविधानसभा, राज्यको सवलीकरण र लोकतन्त्रको संस्थागत विकास** : नेपाली जनताले मुलुकको निर्वाचित संविधानसभा (२००८-२०१२) ले मुलुकका लागि लोकतान्त्रिक र समावेशी संविधान निर्माण गरेर राजनीतिक सङ्क्रमण (Political transition) काललाई अन्त्य गरी राजनीतिक स्थिरता कायम गराउने र नेपाली राजनीतिलाई नियमित लोकतान्त्रिक लाइनमा ल्याउने विश्वास गरेका थिए। आफ्नो चार वर्षे कार्यकालमा संविधानसभाले विभिन्न सकारात्मक, उपलब्धि हासिल गरेको, राज्यको पुनसंरचना (State restructuring), सङ्घीयता र शासकीय स्वरूपजस्ता अति नै संवेदनशील र राजनीतिक दृष्टिकोणले विवादास्पद विषयमा साझा राजनीतिक सहमति (Common political consensus) को विकास गर्न नसके तापनि लगभग ८० प्रतिशत विषयवस्तुमा संविधान निर्माण गरिसकेको थियो। यसबाहेक विभिन्न नौ विषयगत समितिले नेपालमा विभिन्न नवीन कुराको सुरुवात गरेका हुन् तर पनि राजनीतिक दलहरूको संविधानसभामा कम उपस्थिति[२] र सहभागिता रहेकाले पनि संविधानसभा नकारात्मक रूपमा प्रभावित हुनपुग्यो। **व्यवस्थापकीय भूमिका**समेत भएकाले संविधानसभाले संविधान निर्मातृसभा र जनप्रतिमुलक कानून निर्मातृसभा व्यवस्थापिका संसद दुवैका रूपमा कार्य गरेको थियो। नेपाली संविधानसभा (सन् २००८-२०१२) ले आफ्ना चार वर्षको अवधिमा मुलुकका लागि तोकतान्त्रिक संविधान निर्माण गर्न नसकेर **व्यवस्थापकीय असक्षमता (Legislative Incapability)** र **व्यवस्थापकीय नेतृत्वको असफलता (Failure of Legislative Leadership in Nepal)** प्रदर्शन गरेको छ। संविधान निर्माण भएर यसको कार्यान्वयन भएको भए मुलुकमा राजनीतिक स्थिरता आउने थियो। मुलुकको राजनीतिले कुनै निश्चित गति लिने थियो र मुलुकको सबै कुरा व्यवस्थित हुने सम्भावना बढी थियो। तर यस्तो हुन नसकेकाले नेपाली राज्य संयन्त्रलाई कमजोर पार्न संविधानसभा र व्यवस्थापिका संसद्ले पनि निर्णायक भूमिका निर्वाह गर्न पुगे। संविधानसभाका सदस्यले नै व्यवस्थापिका संसद्को भूमिका निर्वाह गरेकाले यसले राज्य सवलीकरणमा उल्लेख्य योगदान गर्न सकेन। बरु राज्य संयन्त्रप्रति जनताको अनास्था बढ्दै गयो, जसले राज्य संयन्त्रलाई कमजोर बनाउने प्रयास गऱ्यो। संविधानसभा र संविधान लेखन प्रक्रिया "गैरलोकतान्त्रिक, अपारदर्शी, असमावेशी र अनुत्तरदायी तरिका" भएको अनुसन्धानकर्ताको ठहर छ (मार्टिन चौतारी, २०६९ : १०-११) संविधानसभाले गर्ने कार्य प्रमुख दलहरूद्वारा संविधानसभा बाहिर सम्पन्न गरेकाले निर्वाचित निकायलाई हस्सिमजाक गर्ने र उडाउने कार्यसमेत गरियो।

सरकारको न्यायपालिका अङ्गले राज्य र लोकतन्त्रलाई बलियो पार्नमा महत्त्वपूर्ण भूमिका निभाउनु पर्ने देखिन्छ। वहालवाला प्रधानन्यायाधीशलाई अन्तरिम चुनावी सरकारको प्रमुख बनाएर सर्वोच्च अदालतजस्तो गैरराजनीतिक र स्वतन्त्र न्यायालयलाई समेत विवादमा मुछ्ने र राजनीतिकरण गर्ने प्रयास गरियो। न्यायाधीशहरूको नियुक्तिमा पार्टीकरण भएको (भागबण्डाको राजनीतिबाट अभिप्रेरित भइ) ले न्यायालयको निस्पक्षता र सक्षमतामासमेत प्रश्न उठेको छ। राज्य सवलीकरण र लोकतन्त्रको संस्थागत विकासका लागि यस्ता तत्त्व सहयोगी भने अवश्य पनि होइनन्। परम्परागत शैलीमा आधारित, अपर्याप्त साधन र श्रोत भएको नेपाली कर्मचारी संयन्त्र समेत पार्टीकरण भएकाले कर्मचारी संयन्त्रको एकता र विश्वसनीयता (Integrity and reliability) माथि गम्भीर प्रश्नवाचक चिन्ह खडा भएको छ। नेपालमा सरकारी वित्तीय र आर्थिक संस्था- नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक, सहकारी, नेपाल बीमा संस्थान आदिले पनि मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याएर आर्थिक दृष्टिकोणले नेपाली राज्यलाई सवलीकरण गर्न र नेपालको लोकतन्त्रलाई संस्थागत विकास गर्न अति महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। तर मुलुकको बदलिँदो परिस्थिति र नेपाली जनताको बढ्दो इच्छा र आकाङ्क्षालाई पूर्णरूपमा सम्बोधन गर्न असक्षम भएकाले यी संस्थाको नेपाली

---

[२] प्रमुख राजनीतिक दलहरूमध्ये ने.क.पा. एमालेको उपस्थिति ६७ प्रतिशत, रा.प्र.पा. को ६४.०४ प्रतिशत, ने.का. को ६३.५४ प्रतिशत, एमाओवादीको ६१.२९ प्रतिशत र त.म.लो.प. को ५९.१४ प्रतिशत रहेको अनुसन्धानले देखाएको छ। त्यस्तै राजनीतिक दलका प्रमुख नेताहरूको उपस्थिति पनि संविधानसभामा उत्साहजनक देखिएन। चार वर्षको अवधिमा बढी उपस्थिति हुने नेतामा अग्नी खरेल (ने.क.पा. एमाले ९६.७२ प्रतिशत), लक्ष्मणप्रसाद घिमिरे, (ने.का. ९५.०८ प्रतिशत), सूर्यबहादुर सेन (ए.ने.क.पा. (माओवादी) ९१.८० प्रतिशत), भीमप्रसाद आचार्य, (एमाले ९१.६८ प्रतिशत), ध्यानगोविन्द रंजित (ने.का. ९१.८० प्रतिशत), राजेन्द्र खेतान (माले ९०.६८ प्रतिशत), कल्याणी रिजाल, (ने.का. ९०.१६ प्रतिशत) र गोपाल सिंह बोहरा (ने.क.पा. (एमाले) ९०.१६) प्रतिशत रहेका छन्। बढी उपस्थिति हुने हिसाब यी व्यक्तिहरूको अध्ययन गर्दा कूल १० व्यक्तिमध्ये ने.का., एमाले, एमाओवादी क्रमश: प्रथम, द्वितीय र तृतीय स्थानमा देखिन्छन् (मार्टिन चौतारी, २०६९ : ३-४)।

राजनीतिमा उल्लेखनीय भूमिका भएको छैन। राज्य र लोकतन्त्रलाई बलियो पार्न सञ्चार माध्यमको अहम् भूमिका हुने गर्दछ। नेपाली सरकारी सञ्चार माध्यम- गोरखापत्र, द राइजिङ नेपाल र नेपाल टेलिभिजनले सञ्चार जगत्मा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै नेपाली राज्य सवलीकरण र लोकतन्त्रको संस्थागत विकास गर्न सकारात्मक सहयोग पुऱ्याउँदै आएका छन् तापनि समयानुसार यी संस्थाले आफूलाई परिवर्तन गर्न नसकेका कारण जनताका इच्छा आकाङ्क्षालाई वर्तमान अवस्थामा पूर्णरूपमा सम्बोधन गर्न यी सञ्चार माध्यम पूर्ण सफल भएको देखिएको छैन। यी सरकारी सञ्चार साधन (Government Media) बाहेक निजी सञ्चार साधन (Private Media) ले पनि नेपाली राज्यलाई सवलीकरण गर्न र लोकतन्त्रको सफलताका लागि सकारात्मक भूमिका निर्वाह गर्न सक्नुपर्ने थप आवश्यकता देखा परेको छ।

नेपालका सरकारी विश्वविद्यालयहरू[३] विशेषत: मुलुकको सबभन्दा पुरानो ठूलो अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको विश्वविद्यालय त्रिविले मुलुकमा आदर्श नागरिक निर्माण गर्नमा, राज्यलाई शैक्षिक दृष्टिकोणले समृद्ध पार्न र लोकतन्त्रको संस्थागत विकास गर्न ठूलो सहयोग पुऱ्याउनु पर्ने समय आएको छ। तर त्रि.वि. स्वयम् नै पार्टीकरण हुँदै गएको र दलीय आधारमा सञ्चालित विद्यार्थी, शिक्षक र कर्मचारी राजनीतिले यो विश्वविद्यालय शैक्षिक संस्थाभन्दा दलका राजनीतिक कार्यकर्ता उत्पादन गर्ने थलोका रूपमा विकसित हुँदै गएकाले यिनीहरूको भूमिकाको विषयमा पनि विभिन्न कोणबाट प्रश्नवाचक चिन्ह खडा हुँदै गएको छ र सम्पन्न परिवारका विद्यार्थी निजी क्षेत्रका देशभित्र र बाहिरका विश्वविद्यालयमा जाने परिपाटीले प्रश्रय पाएको छ। नेपालका सरकारी माध्यमिक र उच्च शिक्षा, दश जोड दुई (१०+ २), सरकारी कलेज आदिले पनि राज्य सवलीकरण गर्न र लोकतन्त्रको संस्थागत विकास गर्न उल्लेख्य योगदान पुऱ्याउनु पर्ने समय आएको छ। तर, माध्यमिक शिक्षा (प्राथमिक, निम्नमाध्यमिक शिक्षा समेत) र त्यसमाथिका शैक्षिक संस्था अत्यधिक पार्टीकरण भएकाले र शिक्षक प्रत्यक्ष राजनीतिमा प्रत्यक्ष संलग्न हुनाले माध्यमिकस्तरको शिक्षा पनि गम्भीर विवादमा मुछिएको छ। कलेजमा पार्टीकरण (निजी स्तरका बाहेक) शिक्षक, विद्यार्थी र कर्मचारी सबै सङ्गठनमा आबद्ध भएकाले यिनीहरूको भूमिका पनि राज्यलाई बलियो तुल्याउने र लोकतन्त्रको संस्थागत विकास गर्ने कार्यमा त्यति सहयोगी हुन सकेका छैनन्। विश्वविद्यालयभित्र राज्य र सरकारसँग सम्बन्धित विभिन्न जल्दाबल्दा विषयमा अध्ययन अनुसन्धान गर्ने र नीतिगत विश्लेषणमा सहयोग पुऱ्याउन स्थापित चार अनुसन्धान संस्था त्रिविको नीतिका कारण निस्क्रिय संस्थाका रूपमा परिणत हुन वाध्य बनेका छन्। सरकारी सुरक्षा संयन्त्रले पनि राज्यलाई सबल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। राज्य र राज्यभित्रका नागरिकलाई आवश्यक सुरक्षा प्रदान गरेर नेपाली सेना (NA) सशस्त्र प्रहरी (APF), नेपाल प्रहरीले यस्ता भूमिका निर्वाह गरेका छन् र यिनीहरूले राज्य सवलीकरण (Security officials in the Strengthening and Consolidation of Nepali State) र लोकतन्त्रको संस्थागत विकास (Institutionalization) मा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछन्। नेपाली सेनाले गैरराजनीतिक संस्थाका रूपमा कार्य गरेर आफ्नो व्यवसायिक दायित्व वहन गर्दै आए तापनि कटुवाल प्रकरणमा नेपाली सेनालाई विभाजित गर्ने र राजनीतिकरण गर्ने प्रयत्न गरियो। मुलुकको सुरक्षा गर्ने महत्त्वपूर्ण जिम्मा लिएको नेपाली सेनालाई राजनीतिक विवादमा मुछ्ने प्रयास गरेर नेपाली राज्य संयन्त्रलाई कमजोर बनाउने प्रयास गरियो। यस्तैगरी निर्वाचित निकाय गाविस, नपा र जिविसको क्षमता अभिवृद्धि गर्ने मुद्दा (Promotion of Capacity Building of Local Elected Bodies) पनि यसैसँग सम्बन्धित अर्को महत्त्वपूर्ण पक्ष हो।

**नेपाली राज्य सवलीकरण र लोकतन्त्रको संस्थागत विकासका चुनौती :** नेपालमा वर्तमान राज्यको सवलीकरण र लोकतन्त्रको संस्थागत विकासका दिशामा अनेक चुनौती रहेका छन्। यस्ता चुनौतीलाई आन्तरिक र वाह्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ। यस्ता आन्तरिक चुनौतिभित्र राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, संवैधानिक, कानूनी, शैक्षिक, भौगोलिक, वातावरणीय, पर्यावरणीय आदि विविध चुनौतीहरू विद्यमान रहेका छन्, जसले नेपालमा राज्य बलियो बनाउने (Strengthening and Consolidating Nepali State) र लोकतन्त्रको विकास गर्ने कार्यमा समस्या खडा गरिदिएका छन्। यसै सन्दर्भमा लोकतन्त्र र ठोकतन्त्रबीचको अन्तर पनि समेत प्रस्टरूपमा बुझ्नु आवश्यक छ।

**नेपालमा राज्य सवल बनाउन र लोकतन्त्रको संस्थागत विकास गर्नका लागि दिन सकिने सम्भाव्य सुझाव (Recommendations) :** नेपालमा विद्यमान राज्य संयन्त्रलाई मजबुत बनाउन र नयाँ संस्था निर्माण गर्न (Institutional Building) र लोकतन्त्रको संस्थागत विकास गर्न विभिन्न सुझाव दिन सकिन्छ, जसलाई आन्तरिक र वाह्य गरी दुई भागमा विभाजित गर्न सकिन्छ। आन्तरिक/घरेलु सुझावभित्र राजनीतिक आर्थिक, सामाजिक-सांस्कृतिक, जातीय, भाषिक, शैक्षिक, भौगोलिक/पर्यावरणीय, संवैधानिक, कानूनी, प्रशासनिक विषयहरू समेट्न सकिन्छ। मुलुकमा दोश्रो संविधानसभाको निर्वाचनमार्फत् सङ्क्रमणकालको अन्त्य गरी राजनीतिक स्थिरता कायम गर्न सकिन्छ र मुलुकलाई कुनै निश्चित गति दिन सकिन्छ। राजनीतिक दलहरूबीच साझा सवालमा राजनीतिक सहमति कायम गरी राज्य संयन्त्रलाई सुदृढ र लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउन सकिन्छ। आवधिक निर्वाचन र स्थानीय निर्वाचनले जनताको लोकतन्त्रप्रतिको आस्थामा वृद्धि हुन्छ। न्याय सम्पादन गरेर मानवअधिकारको संरक्षण गरेर, संविधान र विद्यमान कानुनप्रति

[३] त्रि.वि., पोखरा, सुदूर पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, पूर्वाञ्चल, नेपाल संस्कृत विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय, सरकारीलगायतका विश्वविद्यालय हुन् भने काठमाडौं विश्वविद्यालय निजीस्तरको नेपालको एकमात्र विश्वविद्यालय हो।

आस्था र सम्मानको भावना अभिवृद्धि गरेर राज्यको सक्षमता अभिवृद्धि आदि गरेर राज्यलाई सम्वृद्ध र सबल बनाउन सकिन्छ। त्यस्तै गरी सरकारका तीन अङ्ग, कर्मचारीतन्त्र, सुरक्षा संयन्त्र आदिलाई बढी क्षमतावान् बनाएर सरकारको क्षमता अभिवृद्धि गर्न सकिन्छ। सरकारी संयन्त्रलाई क्षमतावान् बनाउनले राज्यका वित्तीय संस्थाहरूलाई सम्पन्न बनाउनाले आर्थिक लोकतन्त्रको जग मजवुत पार्ने, सञ्चार माध्यम र नागरिक समाज आदिलाई सवल बनाएर राज्य संयन्त्रको क्षमता अभिवृद्धि गर्न सकिन्छ। सामाजिक-साँस्कृतिक, जातीय, भाषिक आदि मुद्दाको उपर्युक्त सम्बोधन गर्नाले पनि जनताको लोकतन्त्रप्रतिको विश्वास अभिवृद्धि हुन्छ र राज्य र लोकतन्त्र दुवै सवल हुन सक्छ। नेपाली राज्यलाई सबल र सक्षम बनाउन र लोकतन्त्रको संस्थागत विकास गर्ने क्रममा आन्तरिक शान्ति सुरक्षाको स्थिति मजबुत पार्ने, राजनीतिक दलहरूले राष्ट्रिय महत्वका मुद्दा साझा राजनीतिक समझदारीको विकास गर्न र नीति निर्माण गर्न आवश्यक छ। यसै प्रयोजनका लागि **राजनीतिक दलहरूले साझा मञ्च (A Common Forum/Club of Political Parties)** विकास गरेर राष्ट्रिय महत्वका विशेष विषयका नीति निर्माण (जस्तै परराष्ट्र नीति, नजिकका छिमेकी मुलुक, जलश्रोत, वैदेकि सहयोग आदि) गरी मुलुकलाई संवैधानिक प्रक्रियाभित्र ल्याउन र राष्ट्रिय नीति निर्माण गर्न योगदान पुऱ्याउनुपर्ने समय आएको छ। त्यस्तो साझा मञ्चले राज्यका सम्पूर्ण नीति निर्माण र कार्यान्वयनको जिम्मासमेत लिने हो भने यसले राज्यलाई सवल र सक्षम बनाउन र लोकतन्त्रको संस्थागत विकास गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ। साथै सरल र सस्तो न्यायप्रणाली (Cheap and Speedy Justice) को विकास, सबैका लागि न्याय (Justice for all) कानूनी प्रक्रियाप्रति नागरिकहरूको आस्था अभिवृद्धि गर्ने (Preservation and Building of Public Faith in the Legal Due Process) जस्ता कार्य गर्न यस क्षेत्रमा आवश्यक देखिन्छ। साथै नेपालको शान्ति प्रक्रियालाई सम्बर्द्धन गर्ने क्रममा द्वन्द्वसँग सम्बन्धित विषयहरूको उचित सम्बोधन, पूर्वलडाकुहरूको सफल व्यवस्थापन, शान्ति सम्बर्द्धन गर्ने क्रममा सङ्क्रमणकालीन न्यायको कुशल व्यवस्थापन (Management of Transitional Justice), सन् २००६ पछि नेपाली राजनीतिमा उठेका विभिन्न जातीय, क्षेत्रीय प्रश्नहरूको सम्बोधन, राज्यको पुर्नसंरचना, सङ्घीयता र शासकीय स्वरूपसँग सम्बन्धित मुद्दाको उचित सम्बाधेन, द्वन्द्वको मुल कारकको स्थायी समाधान र सम्बोधन (Addressing the Principal Causes of Conflict in Nepal) विद्यमान, विवादको सम्बोधन र निकास, संविधान निर्माण गर्ने कार्यजस्ता कुरा माथि जोड दिनु आवश्यक छ। साथै शान्तिलाई प्रश्रय दिने प्रयोजनले शान्ति नागरिक शिक्षा (Peace and Civic Education), एक स्थायी शान्ति आयोग/संयन्त्रको स्थापना, नयाँ राजनीतिक परिस्थितिमा आधारित राष्ट्रिय एकता, राष्ट्रियता (National Unity and Nationalism), राष्ट्र निर्माणलाई प्राथमिकता, जनताको राज्य, लोकतन्त्र, कानूनी र न्यायिक पद्धतिप्रति आस्था र विश्वास जगाउने कार्य, वर्तमान आवश्यकताअनुसार विद्यमान संस्थाको क्षमता अभिवृद्धि र जनचाहना र अपेक्षा सम्बोधन गर्ने प्रकृतिका नयाँ संस्था निर्माण (Institution Building in Nepal) र यिनीहरूको समयानुचित सुधारले राज्यलाई सक्षम बनाउन सहयोग पुऱ्याउने गर्दछ।

राज्यलाई सबल बनाउने दिसामा **प्रभावकारी न्याय र दण्ड प्रणाली**को विकास, संवैधानिक र अन्य कानुनको सफल कार्यान्वयन र त्यसप्रति जनआस्था अभिवृद्धि गर्ने (Respect for and Observance of Constitutional Laws, Rules and Regulations) भ्रष्टाचार नियन्त्रण गर्ने संयन्त्रको विकास (Capacity Building of State in Combating Corruption) र संवैधानिक निकायको सवलीकरण (Enabling Anti-Corruption Meachanisms and Constitutional Bodies), राज्य विरुद्ध अपराध गर्ने विरुद्ध गोप्य सूचना सङ्कलन संयन्त्रको विकास (Effective Spying Mechanism), नेपाली सेनाको लोकतान्त्रीकरण र आधुनिकीकरण (Democratization and modernization of Nepalese Army) गरी अन्तर्राष्ट्रिय शान्ति कायम गर्नमा सक्षम तुल्याउने जस्ता कार्यले नेपाली राज्यलाई सवल बनाउने कार्यमा सहयोग पुऱ्याउनुका साथै लोकतन्त्रलाई समेत मजबुत तुल्याउनमा योगदान पुऱ्याउन सक्नेछ। साथै, **सफल र सक्षम परराष्ट्र नीतिको विकास (Development of Effective Foreign Policy)** ले पनि राज्यलाई बलियो तुल्याउँछ। नेपाली राज्यलाई सवल र सक्षम बनाउन र नेपालमा लोकतन्त्रको संस्थागत विकास गर्न नेपालले समयानुकुल सक्षम सफल परराष्ट्र नीति र कुटनीतिको विकास गर्नुपर्ने हुन्छ। एक कमजोर मुलुक एक सक्षम र सफल र परराष्ट्र नीति र कुटनीतिमार्फत् नै क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीतिमा आफ्नो स्वतन्त्र अन्तर्राष्ट्रिय व्यक्तित्व निर्माण गर्न र आफ्ना राष्ट्रिय हितलाई सम्बर्धन गर्न सफल हुने गर्दछ। त्यसैले कमजोर राष्ट्रका राजनीतिक दल र शक्तिहरू परराष्ट्र नीति र राष्ट्रिय महत्त्वका विषयमा समान/साझा धारणा निर्माण गर्ने गर्दछन् र क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा एकीकृत र सवल रूपमा प्रस्तुत हुने गर्दछन्। यस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा कुनै सरकारले हस्तक्षेप नगरी यसलाई आदरपूर्वक सम्मान गर्ने हुनाले यस्ता साना राष्ट्रको पनि एक स्वतन्त्र क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यक्तित्व हुने गर्दछ। तर नेपालमा यस्तो दृष्य देखन पाइँदैन। यहाँ दलहरू यस्तो साझा धारणा निर्माण गर्न सकेका छैनन् न त परराष्ट्र मन्त्रालय र नीतिलाई बलियो पार्ने नै उनीहरूको प्राथमिकता रहेको छ। नेपालमा हरेक दलीय सरकारको आफ्नै परराष्ट्रनीति (दलको परराष्ट्र नीति) हुने गर्दछ। विगतका केही वर्षयता दलहरूले भारतसँगको सम्बन्धलाई नै आफ्नो सम्पूर्ण परराष्ट्र नीति मानेको टिप्पणी विज्ञहरू गर्ने गर्दछन्। नेपालको परराष्ट्र नीति र भारत नीति नै नभएकोसमेत गुनासो गरिएको छ। नेपालको विद्यमान कमजोर परराष्ट्र नीतिका विषयमा विज्ञहरूको आफ्नै किसिमको फरक फरक धारणा रहेको देखिन्छ। नेपालका राजनीतिक दलहरूले भारतप्रतिको परराष्ट्र नीतिका विषयमा पुर्नविचार गर्नु आवश्यक छ भन्ने प्रश्नको उत्तरमा एक अन्तर्वार्तामा प्रा.डा. लोकराज बराल (**नागरिक**, जुलाई १२, २०१३/असार २८, २८, २०७० : ७) ले

भन्नु भयो- "नेपालको त परराष्ट्र नीति नै छैन। नेपालको भारत नीति पनि छैन। भारतको चाहिँ नेपाल नीति छ। सन् १९५० को सन्धिबाट भारतको नेपाल नीति निर्देशित भएको पाइन्छ। तर मूलरूपमा चाहिँ सन् १९५० कै सन्धिको दृष्टिकोणबाट भारतले नेपाललाई हेर्ने गरेको छ। भारतको नेपाल नीतिमा खासै केही परिवर्तन भएको पाइँदैन।"

विश्वका १७ अति प्राचीन राज्यमध्येका एक मानिने देश नेपालको सन् १९९० देखिको लोकतान्त्रिक शासन पद्धतिभित्र पनि (नेपाली शिशु लोकतन्त्र अब २३ वर्षे वयस्क भइसकेको छ) एक स्वतन्त्र मुलुकको परराष्ट्र नीतिको विकास हुन नसक्नु र भारत नीतिनिर्माण हुन नसक्नु जस्तो लज्जास्पद र हास्यास्पद कुरा नेपाली नेतृत्वका लागि के हुन सक्छ ? नेपाली नेतृत्व यति गर्न पनि सक्षम देखिँदैन ? एक स्वतन्त्र परराष्ट्र नीति नभएकाले नेपालले क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा एक स्वतन्त्र व्यक्तित्व (Independent Regional and International Personality) निर्माण गर्न सकेको छैन। यो नेपालको लागि अति दुर्भाग्यपूर्ण कार्य हो। यसले नेपाली राज्य र लोकतन्त्र दुवैलाई बलियो बनाउँदैन। नेपाली काङ्ग्रेसका सभापति सुशील कोइरालाले नेपाली राजनीतिक सङ्कट समाधान गर्न र वैध पक्षलाई निर्वाचनमा जान दवाव दिन चिनीया राजदुत उ चुन्ताईलाई आग्रह गरेको, अध्यक्ष वैध र उपाध्यक्ष सी.पी. गजुरेल चीन भ्रमणमा गएको, चीनले नेपाली नेतृत्वलाई चुनावमा जान सल्लाह दिएको, अमेरिकी राजदुत पिटर डब्लु. वोडीले अध्यक्ष खिलराज रेग्मीलाई "ने.क.पा. माओवादीको निर्वाचनको घुर्कीबाट नडराउन सुझाव दिएका जस्ता विभिन्न कुरा प्रकाशनमा आएका छन्। (खनाल, २०७०:७) भारतस्थित नेपाली दूतावासमा राजदुत नियुक्ति नभएको दुई वर्ष भइसकेको, भारत सरकारले नेपाली दूतावास दिल्लीभन्दा सोझै काठमाडौँको बालुवाटार प्रवेश गर्ने गरेको समेत प्रकाशनमा आउन पुग्यो। यस्ता असफल कुटनीतिका कारण "नेपालको सार्वभौमिकता राष्ट्रिय एकता र अखण्डता खतरा" मा परेको विचार समेत व्यक्त गर्न थालिएको छ (खनाल, २०७० : ७)। नेपालको परराष्ट्र नीति र कुटनीति कमजोर भएकै कारण नेपाल विश्वभरी नै बदनाम बन्न पुगेको छ। विदेश भ्रमण गर्ने नेपालीहरूले हरेक स्थानमा हेपिनुपर्ने र "असभ्य र रुखो व्यवहार" को सामना गर्नुपर्ने, विदेश व्यापार गर्न जाँदा अपराध गरेर बच्न आएको जस्तो अनुभूति गर्नुपर्ने" अवस्था श्रृजना हुनपुगेको छ। नेपाली परराष्ट्र नीति र कुटनीतिको यो भन्दा ठूलो असफलता र लज्जाजनक अवस्था अरू के हुनसक्छ ? (इमानसिंह गुरुङ, "विदेशमा यसरी हेपिँदैछन् नेपाली," **नागरिक**, १५ जुलाई २०१३/३१ असार २०७० : ६)।

**सक्षम कुटनीतिको विकास (Development of Effective Diplomacy)** ले नेपाली राज्यलाई मजवुत पार्ने प्रयास गर्नेछ। नेपालजस्तो कमजोर मुलुकले स्वतन्त्र क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यक्तित्व निर्माण गर्नका लागि आफ्नो कुटनीतिलाई अति नै सक्षम र प्रभावकारी बनाउनु पर्छ। अति नै योग्य र सक्षम व्यक्तिलाई राजदूत नियुक्ति गर्नुपर्ने हुन्छ, जसले नेपालको राष्ट्रिय स्वार्थ, हित (Nepal's National Interests) को अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा सफल र दरो गर्न वकालत गर्न सकुन्। प्रभावकारी कुटनीति कमजोर राष्ट्रको अति नै शक्तिशाली हतियार हो। कमजोर राष्ट्रले शक्तिशाली राष्ट्रसँग तीब्र प्रतिस्पर्धा गर्न नसक्ने हुनाले यस्ता राष्ट्रले कुटनीतिलाई सबल बनाउनु पर्छ र कुटनीतिज्ञसँग सौदावाजी/दलाली गर्ने सक्षमता (Bargaining capability) बढी हुनुपर्दछ। **नेपाली कुटनीतिमा देखापरेका कमि कमजोरी** समेत औँल्याउनु पर्ने हुन्छ। **नेपाली कुटनीतिक नेतृत्व (Diplomatic Leadership)** मा विगतका वर्षमा (सन् १९९० पछि) पनि अनेक कमिकमजोरीहरू देखिँदै आएका छन्। परराष्ट्र मन्त्रालयका कर्मचारीको राजनीतिकरण, यस मन्त्रालयलाई सवल र सक्षम बनाउनमा दलको प्राथमिकता नहुनु, "राम्रा मान्छेहरूका सट्टा "हाम्रा मान्छे" लाई प्राथमिकता दिने प्रवृत्ति, राजनीतिक भागवण्डाका आधारमा राजदूतको नियुक्ति, राज्यहरूमा समयमै राजदुतको नियुक्ति नहुनु र राजदूतको पद लामो समयदेखि खाली हुनुजस्ता कुराले अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा नेपाली कुटनीति कमजोर बन्न पुगेको छ। मुलुकमा विद्यमान राजनीतिक अस्थिरता र सङ्क्रमण कालको प्रभाव राज्यको परराष्ट्र नीति र कुटनीतिमा समेत परेकाले नेपालले सं. राष्ट्र संघ र हाल अति कम विकसित राष्ट्रको अध्यक्ष (Chair of the LDCs) भएर यसपूर्वको वंगलादेशले जस्तो सक्रिय भूमिका निर्वाह गर्न सकिरहेको छैन। नेपाली कार्यपालिका र व्यवस्थापकीय नेतृत्व र राजनेताहरूले कुटनीतिक मर्यादा (Diplomatic Protocal and Courtsy) समेत खुला रूपमा तोड्नाले नेपालको कुटनीति नै छैन कि भन्ने भावनाले समेत प्रश्रय पाएको छ।

**राजनीतिक महाकुम्भ**, २०१३ **द्वारिका होटल**, **गौशाला**को घटनालाई चर्चा गर्नु प्रासङ्गिक नै हुने छ। नेपाली कुटनीतिक जगत्मा भारतीय विदेशमन्त्री सलमान खुर्सिदको नौ घण्टे नेपाल बसाइका क्रममा नेपाली नेतृत्वले उल्लङ्घन गरेको **कुटनीतिक मर्यादा (Diplomatic Protocol)** नेपाल सञ्चार माध्यममा विशेष चर्चाको विषय बन्यो। भारत नेपालको निकटतम् छिमेकी मुलुक भएकाले यसका विदेशमन्त्रीलाई सम्मान गर्नुपर्छ, भारतप्रति आदरभाव प्रदर्शन गर्नुपर्छ भन्ने कुरामा कुनै नेपालीले अश्रद्धा प्रदर्शन गर्नुपर्ने/जनाउनुपर्ने कारण छैन, तर नेपाली नेताले निर्धारित कुटनीतिक पद्धति र मान्यतालाई तिरस्कार गरेका छन्। मुलुकको जिम्मेवार निकाय परराष्ट्र मन्त्रालयबाट अनुमति प्राप्त गरी औपचारिक पद्धतिबाट जाने प्रक्रिया आफ्नै किसिमको महत्त्वको रहेको छ। मुलुकका पूर्वप्रधानमन्त्रीहरू (कुनै शक्तिशाली पूर्वप्रधानमन्त्री त यसै प्रयोजनका लागि विदेशबाट समेत हतारिँदै आउनु भयो), प्रभावशाली नेताहरू यस राजनीतिक दर्शनका लागि पङ्क्तिवद्ध र अनुशासित भइ बस्नुभयो। आफू कमजोर भएकाले अरू शक्तिशाली शक्तिमाथि आश्रित हुने कुराले प्रश्रय पायो। यस घटनालाई विभिन्न दृष्टिकोणले प्रतिक्रिया व्यक्त गरिएको छ। एक नयाँ पुस्ताका व्यक्तिले त अति नै तीखो प्रतिक्रिया व्यक्त गर्दै नेपाल भारतको नयाँ उपनिवेश भएको हो कि भन्नेसमेत धारणा व्यक्त गर्नु भयो ("Our Political Leaders Have Proved to the World that Nepal is the newest province of India. We do not deserve such a foolish lot of political leaders", Ktm., Lalitpur in the **Kathmandu**

**Post**, July 12, 2013: 7). उनले यसबारे थप प्रतिक्रिया व्यक्त गर्दै यस्तो कुरूप दृष्य जिन्दगीमा प्रथमपटक देखेको प्रतिक्रिया समेत व्यक्त गरे ("The Complete Disregard for (Diplomatic) Protocol by Quening up to Meet a Mere Indian Foreign Minister by Our Dressed Up Political Leaders was the Ugliest Scene I have seen in Nepal" **Ibid**: 7). पाठक प्रतिक्रिया (Voice of the People) बाट आएको यस्तो आवाज नेपाली जनताको प्रतिनिधिमुलक आवाजका रूपमा रहेको मान्न सकिन्छ। नेपाली जनतालाई आफ्ना नेताले (आफ्नो नेतृत्वले) गरेको यस्तो कार्य मन नपरेकाले **नेपाली जनता र नेतृत्वबीचको खाडल फराकिलो हुँदै गएको** अनुभव गरिँदैछ, जुन नेपाली राज्य र लोकतन्त्र निर्माणका लागि सकारात्मक सङ्केत भने अवश्य पनि होइन। नेपालका **राजनीतिक र कार्यपालिका नेतृत्व (Political and executive leadership)** ले होटल द्वारिकाजमा भारतीय विदेशमन्त्री सलमान खुर्सिदलाई भेट्न गएर कुटनीतिक प्रोटोकल वेवास्ता गरेकोमा राजनीतिशास्त्रका गुरुका पनि गुरु मानिने प्रा.डा. लोकराज बरालले एक अन्तर्वार्ता (**नागरिक**, जुलाई १२, २०१३/असार २८, २०७०: ७) मा भन्नु भयो- “यो प्रवृत्ति (कुटनीतिक प्रोटोकल वेवास्ता गर्ने) पनि देखियो। हाम्रा नेताहरू कुनै एउटा सेमिनारमा बोलाए पनि कुदेर दिल्ली पुग्छन्। उपप्रधानमन्त्री र विदेशमन्त्री नै स-साना कार्यक्रममा दिल्ली कुदिरहेका हुन्छन्। आफूले पनि मर्यादा राख्नुपर्ने हो, त्यो देखिँदैन। कुन नेताले कसलाई भेटे भन्ने कुरा राजदूतलाई नै थाहा हुँदैन”। पूर्वप्रधानमन्त्री डा. भट्टराई भारतीय विदेशमन्त्री सलमान खुर्सिदलाई होटलमा नै भेटेको कुराको भूललाई स्वीकार्नु भएको बताइन्छ। एमाओवादीका उपाध्यक्ष तथा पूर्वउपप्रधान र परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले यसलाई “राष्ट्रिय स्वाधीनतामा नकारात्मक असर परेको” बताउनु भयो। नेकपा एमाले केन्द्रीय सदस्य घनश्याम भुसालले “नेताले मुलुक र जनताको प्रतिनिधित्व त गर्न सकेनन् नै, आफ्नै इज्जत प्रतिष्ठाको पनि ख्याल राख्न सकेनन्” भन्ने विचार व्यक्त गर्दै पार्टीभित्र कुटनीतिक आचारसंहिता बनाउनुपर्ने र यस्ता कुरालाई उल्लङ्घन गर्नेलाई कारबाही गर्नुपर्ने विचार समेत व्यक्त गर्नु भयो (सुन्दर खनाल, “कुटनीतिक मर्यादा भुलेकै हो,” **कान्तिपुर**, जुलाई १२, २०१३/२८ आषाढ २०७० : ३)। जे भए तापनि, एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्रका जननिर्वाचित नेतृत्वले जनइच्छाको कदर गर्दै भोलिका दिनमा मुलुकको कुटनीतिलाई सवल पार्न ठोस योगदान दिँदै नेपाली राज्य र लोकतन्त्र दुवैको विकासका लागि कार्य गर्नुपर्ने समय आइसकेको छ।

**नेपालमा लोकतन्त्रको संस्थागत विकास (Institutionalization of Democrtic Polity in Nepal) :** नेपालमा लोकतन्त्रको संस्थागत विकासका सिलसिलामा नेपाली राज्य संयन्त्र/कर्ता (Staste Actors) र गैरराज्यीय कर्ता (Non-State Actors) दुवैले समान रूपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। आन्तरिक र वाह्य शक्ति दुवैले यसलाई संस्थागत विकास गर्न पहल गर्नुपर्ने बेला आएको छ।

**दोश्रो संविधानसभाद्वारा लोकतान्त्रिक संविधान निर्माणको प्रश्न** : मुलुकमा अन्तरिम संविधान विद्यमान रहे तापनि संविधानसभाले लोकतान्त्रिक संविधान निर्माण गर्न नसक्नाले नेपाली राज्यप्रति नै नेपाली जनताको आस्था कम भएको छ। राज्यलाई बलियो पार्न मुलुकका नागरिकको संविधान र विद्यमान कानुनप्रति पनि विश्वास हुनुपर्ने हुन्छ। संवैधानिक अङ्गहरूले सक्षमतासाथ कार्य गरी जनआस्थालाई सम्बर्द्धन गर्नुपर्ने हुन्छ। सरकारी अङ्गप्रति जनविश्वास हुनु जरुरी हुन्छ। यस्तो नभए राज्य कमजोर र लोकतन्त्र संस्थागत हुन नसक्ने हुन्छ। त्यसैले दोश्रो संविधानसभाले तत्काल संविधान निर्माण गर्नु आवश्यक छ।

**निष्कर्ष** : नेपाली राज्यलाई सशक्त र सबल बनाउन लोकतन्त्रको संस्थागत विकास गर्न र नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्न पहल गर्ने दिशामा नेपालका राज्य र गैरराज्यीय संयन्त्र (State and non-state mechanisms/actors) कर्ता सबैलै आ-आफ्ना स्थानबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सरकारका अङ्ग, राजनीतिक दल, नागरिक समाज, दवाव समूह, सञ्चार माध्यम आदिले यस्ता महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यस बाहेक नजिकका छिमेकी मुलुकसहितका **वाह्य शक्ति (External Forces/Factors)** को पनि यस क्षेत्रमा कम महत्त्वपूर्ण भूमिका रहँदैन। दोश्रो संविधानसभाले मुलुकका लोकतान्त्रिक संविधान निर्माणपश्चात् राजनीतिक सङ्क्रमणकालको अन्त्य गरी राजनीतिक स्थिरता कायम गरेपछि संविधानवाद्का संवैधानिक सिद्धान्त र मान्यताहरू मुलुक शासित हुनेछ। यसपश्चात् मुलुकले निश्चित राजनीतिक गति लिनेछ। यस कार्यमा मुलुकका प्रमुख राजनीतिक दलहरूले विशेष विवेक राजनीतिक सुझबुझ, परिपक्वता, राजनीतिक समझदारी र सहनशीलता प्रदर्शन गर्नुपर्ने समय आएको छ। यी सबै कार्य हुन सके नेपाली राज्य सबल हुनुका साथै लोकतन्त्रको समेत संस्थागत विकास हुनसक्ने छ।

## सन्दर्भसामग्री


खनाल, गोपाल (२०७०/२०१३), “खुर्सिद भ्रमणमा छताछुल्ल कुटनीति,” **कान्तिपुर**, जुलाई १२ : ७।

खनाल, गोपाल (२०७०/२०१३), “वाह्य चलखेल र खस्कँदो कूटनीति,” **कान्तिपुर**, जुलाई १९/४ साउन : ७०।

खनाल, सुन्दर (२०७०/२०१३), “कुटनीतिक मर्यादा भुलेकै हो,” **कान्तिपुर**, जुलाई १२ : ३।

गुरुङ, ईमानसिंह (२०७०/२०१३), “विदेशमा यसरी हेपिँदैछन् नेपाली”, **नागरिक**, १५ जुलाई/असार ३१ : ६।

मार्टिन चौतारी (२०६९), “संविधानसभा क्षयीकरणको अन्त्य”, **जानकारीपत्र**, अङ्क ८, चैत्र, काठमाडौं : १-१२।

Ktm., Lalitpur (2013), "Overriding Protocol," **The Kathmandu Post**, July 12:7.

# निर्वाचन क्षेत्र पुन:निर्धारणका जटिलता

**जनसङ्ख्या बृद्धिसँगै गाँसिएका सामाजिक, ऐतिहासिक, साँस्कृतिक तथा राजनीतिक पक्षहरूलाई पनि समावेश गरी विगतमा छुट्याइएका जिल्लागत निर्वाचन क्षेत्रलाई आधार मानेर निर्वाचन क्षेत्र पुनः निर्धारण गर्ने हो भने जम्मा ४ सय ७४ निर्वाचन क्षेत्र बन्ने अवस्था हुन्थ्यो। त्यसो नगरी २ सय ४० निर्वाचन क्षेत्रमा नै सीमित राखेर केवल जनसङ्ख्यालाई मात्र आधार मानी क्षेत्र विभाजन गर्ने हो भने जनसङ्ख्याको आकारको आधारमा काठमाडौँबाट शुरु भएर ५२ औँ जिल्ला पाँचथरमा पुग्दा सबै २ सय ४० स्थान पूरा भइसक्छन् र बाँकी २३ जिल्लामा निर्वाचन क्षेत्र सून्य बन्ने अवस्था हो। तर, यी कुरालाई ध्यानै नदिई आयोगको जन्म भयो र अहिले उसले यस्तै जटिलताहरू भोगिरहेको छ।**



डा. पद्मप्रसाद खतिवडा

मुद्दाहरू जहाँको तहीँ, प्रसङ्ग पनि जस्ताको तस्तै र अन्य कुनै कुरा परिवर्तन गर्न नहुने तर निर्वाचन क्षेत्र चाहिँ पुन : निर्धारण गर्नुपर्ने मागका साथ अघि बढेको अहिलेको राजनीतिले फेरि पनि निकास नपाउने त निश्चित नै छ। निर्वाचन क्षेत्र निर्धारण गरिरहने प्रसङ्ग किन उठिरहन्छ, र यसले हामीलाई भोलिका दिनमा कहाँ पुऱ्याउछ भन्ने चिन्ता सर्वत्र छाएको बेला फेरि पनि आयोग बनाइएको छ। जनसङ्ख्याको वास्तविक स्थिति नै नबुझिकन, संवैधानिक प्रावधानको विश्लेषण नै नगरिकन हचुवाको भरमा क्षेत्र निर्धारण गर्दा यसले अझ ठूलो संवैधानिक सङ्कट त ल्याउँछ नै। यो एक किसिमले वेइज्जतिपूर्ण अवस्था पनि हो। टाउको दुखेको घाउ शरीरका अन्य भागमा लाउने भने झैँ राजनीतिक दलहरूको अदूरदर्शी निर्णयको परिणाम स्वरुप बनेको आयोगको आलोचना होइन, अबका दिनमा आयोगलाई निर्वाचन क्षेत्र पुन: निर्धारण गर्दा हुने कठिनाइहरू प्रति सजग गराउनु वेश भन्ठानेर नै यो लेख तयार गरिएको छ।

**निर्वाचन क्षेत्र निर्धारणको इतिहास**

नेपालमा निर्वाचन क्षेत्र निर्धारणको अभ्यास २०४७ सालदेखि शुरु भएको पाइन्छ। बहुदलीय प्रजातन्त्र पुर्नस्थापना भए पछि बनेको नयाँ संविधानको आधारमा यस आयोगले पञ्चायतकालमा कायम रहेका १ सय ४० निर्वाचन क्षेत्रबाट बढाएर २ सय ५ निर्वाचन क्षेत्र कायम रहे। त्यसपछि निर्वाचन क्षेत्र निर्धारण आयोगहरू क्रमश : २०५१, २०५९ र २०६३ मा गठन गरिए।

**अघिल्लो निर्वाचन क्षेत्र निर्धारण आयोगको निर्णय र हालको जनसङ्ख्या वृद्धिमा यसको असर**

अघिल्लो संविधानसभा अघि बनेको निर्वाचन क्षेत्र निर्धारण आयोगले तराई क्षेत्रका लागि “९४ हजार ” अङ्कलाई निर्वाचन क्षेत्र निर्धारण गर्ने निर्धारक सङ्ख्या (डिभाइडर) मानेको थियो भने पहाडी क्षेत्रका लागि “१ लाख २ हजार ” लाई निर्धारक सङ्ख्या मानेको थियो। यसैलाई आधार मान्ने हो भने जनगणना २०६८ को जनसङ्ख्यामा यस्तो डिभाइडर खोज्दा “१० लाख ७ हजार ५ सय ७४” हुन सक्छ। यो सङ्ख्या प्रयोग गरेर निर्वाचन क्षेत्र निर्धारण गर्ने हो भने जम्मा २ सय ४६ निर्वाचन क्षेत्र पुनः निर्धारण हुने देखिन्छ। यसमा ठूलो जनसङ्ख्या भएका जिल्लाहरू क्रमश: काठमाडौमा १६, मोरङमा ९, रुपन्देहीमा ८, झापामा ८ हुँदै जम्मा २ सय ४६ निर्वाचन क्षेत्र बन्न सक्छन् तर यसो गर्दा हुम्ला, रसुवा, डोल्पा, मुस्ताङ र मनाङ गरी पाँच जिल्लाहरूमा एउटा पनि निर्वाचन क्षेत्र पर्दैन र यी जिल्लाहरूमा समानुपातिक प्रतिनिधित्व मार्फत निर्वाचन सिट तय गर्नुपर्ने हुन्छ।

अघिल्लो संविधानसभाको निर्वाचन अगाडि गठित उक्त निर्वाचन क्षेत्र निर्धारण आयोगले जनसङ्ख्यालाई मुख्य निर्धारक तत्व मान्दै यसका अलावा सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भाषिक तथा राजनीतिक पक्षहरूलाई पनि आधार मानेको थियो। सोही अनुसार जनसङ्ख्याको डिभाइडरले निर्धारण गर्ने सिट सङ्ख्यामा पनि केही फेरबदल गरेको थियो। यसो भएर नै काठमाडौँमा १२ निर्वाचन क्षेत्र हुनुपर्नेमा १०, रुपन्देहीमा नौ को सट्टा आठ र कैलालीमा सात को सट्टा छ हुँदै सबै जिल्लामा कम्तीमा १ निर्वाचन क्षेत्रको अवधारणालाई आत्मसात गरिएको थियो। यसरी प्रत्यक्षतर्फ २ सय ४० निर्वाचन क्षेत्र कायम गरिएका थिए। विगतका यी सबै अभ्यासले पनि केवल जनसङ्ख्याको आधारमा मात्र क्षेत्र निर्धारण हुन नसक्दा रहेछन् भन्ने देखाउँछ।

जनसङ्ख्या बृद्धिसँगै गाँसिएका सामाजिक, ऐतिहासिक, साँस्कृतिक तथा राजनीीतिक पक्षहरूलाई पनि समावेश गरी विगतमा छुट्याइएका जिल्लागत निर्वाचन क्षेत्रलाई आधार मानेर निर्वाचन क्षेत्र पुन: निर्धारण गर्ने हो भने जम्मा ४ सय ७४ निर्वाचन क्षेत्र बन्ने अवस्था हुन्थ्यो। त्यसो नगरी २ सय ४० निर्वाचन क्षेत्रमा नै सीमित राखेर केवल जनसङ्ख्यालाई मात्र आधार मानी क्षेत्र विभाजन गर्ने हो भने जनसङ्ख्याको आकारको आधारमा

काठमाडौँबाट शुरु भएर ५२ औं जिल्ला पाँचथरमा पुग्दा सबै २ सय ४० स्थान पूरा भइसक्छन् र बाँकी २३ जिल्लामा निर्वाचन क्षेत्र सून्य बन्ने अवस्था हो। तर, यी कुरालाई ध्यानै नदिई आयोगको जन्म भयो र अहिले उसले यस्तै जटिलताहरू भोगिरहेको छ।

**आयोगलाई परेको अप्ठ्यारो**

क्षेत्र निर्धारण गर्दा माथि उल्लेखित सम्भावित प्रयासहरूमा हात हाल्न यस निर्वाचन क्षेत्र निर्धारण आयोगलाई अनुमति छैन किनभने यस आयोगलाई २०६३ को आयोगले थपेका ३५ निर्वाचन क्षेत्रमा मात्र क्षेत्र पुर्ननिर्धारण गर्ने अनुमति छ। यसो गर्दा आयोगले २५ जिल्लाका ३५ निर्वाचन क्षेत्रहरूमा मात्र काम गर्न सक्ने म्याण्डेट देखिन्छ। यो अभ्यास गर्ने हो भने आयोगले कुनै हालतमा पनि निकास दिन सक्दैन किनभने त्यतिखेर क्षेत्र थपिएका २५ जिल्लामा २०५८ को तुलनामा २०६८ मा काभ्रे बाहेक बाँकी २४ जिल्लामा जनसङ्ख्या बढेको देखिन्छ (हेर्नहोस् तालिका १)। यसले कुन जिल्लाको क्षेत्र घटाएर कुनमा थप्ने भन्ने जटिल प्रश्न उब्जाएको छ।

**जनसङ्ख्या अरु जिल्लामा पनि बढेको छ**

जनगणना २०६८ को नतिजाले अघिल्लो आयोगमार्फत निर्वाचन क्षेत्र थप गरिएका कतिपय जिल्लासँगै अन्य कतिपय जिल्लाहरूमा जनसङ्ख्या बढेको देखाएको छ। उदाहरणका लागि ललितपुरमा करिब ३९ प्रतिशतले यसबीचमा जनसङ्ख्या बृद्धि भएको छ भने भक्तपुरमा ३५ प्रतिशत, कालिकोटमा ३०, जाजरकोटमा २७ प्रतिशतले जनसङ्ख्या वृद्धि भएको छ (हेर्नुहोस् तालिका २)।

दलहरूले यी जिल्लाहरूमा चाहिँ क्षेत्र निर्धारण गर्न नहुने निर्णय कसरी गर्न पुगे, अहिलेको गम्भीर सवाल यही नै हो।

**संवैधानिक जटिलता**

नेपालको अन्तरिम संविधान २०६३ को धारा ६३ को उपधारा ३ क मा उल्लेख गरिएको प्रावधान अनुसार "नेपालमा

**तालिका १ : २०६३ मा थपिएका ३५ निर्वाचन क्षेत्रका जिल्लामा जनसङ्ख्या स्थिति**

| जिल्ला | २०५८ को जनसङ्ख्या | २०६८ को जनसङ्ख्या | बढेको सङ्ख्या | बढेको प्रतिशत |
|---|---|---|---|---|
| झापा | ६८८१०९ | ८१२६५० | १२४५४१ | १८.१ |
| मोरङ | ८४३२२० | ९६५३७० | १२२१५० | १४.५ |
| सुनसरी | ६२५६३३ | ७६३४८७ | १३७८५४ | २२.० |
| उदयपुर | २८७६८९ | ३१७५३२ | २९८४३ | १०.४ |
| सप्तरी | ५७०२८२ | ६३९२८४ | ६९००२ | १२.१ |
| सिराहा | ५७२३९९ | ६३७३२८ | ६४९२९ | ११.३ |
| धनुषा | ६७१३६४ | ७५४७७७ | ८३४१३ | १२.४ |
| महोत्तरी | ५५३४८१ | ६२७५८० | ७४०९९ | १३.४ |
| सर्लाही | ६३५७०१ | ७६९७२९ | १३४०२८ | २१.१ |
| काभ्रेपलाञ्चोक | ३८५६७२ | ३८१९३७ | ३७३५ | ०.९ |
| काठमाडौँ | १०८१८४५ | १७४४२४० | ६६२३९५ | ६१.२ |
| मकवानपुर | २९२६०४ | ४२०४७७ | २७८७३ | ७.१ |
| रौतहट | ५४५१३२ | ६८६७२२ | १४१५९० | २६.० |
| बारा | ५५९१३५ | ६८७७०८ | १२८५७३ | २३.० |
| पर्सा | ४९७२१९ | ६०१०१७ | १०३३९८ | २०.९ |
| चितवन | ४७२०४८ | ५७९९८४ | १०७९३६ | २२.९ |
| कास्की | ३८०५२७ | ४९२०९८ | १११५७१ | २९.३ |
| नवलपरासी | ५६२८७० | ६४३५०८ | ८०६३८ | १४.३ |
| रुपन्देही | ७०८४१९ | ८८०१९६ | १७१७७७ | २४.३ |
| कपिलवस्तु | ४८१९७६ | ५७१९३६ | ८९९६० | १८.७ |
| दाङ | ४६२३८० | ५५२५८३ | ९०२०३ | १९.५ |
| बाँके | ३८५८४० | ४९१३१३ | १०५४७३ | २७.३ |
| बर्दिया | ३८२६४९ | ४२६५७६ | ४३९२७ | ११.५ |
| कैलाली | ६१६६९७ | ७७५७०९ | १५९०१२ | २५.८ |
| कञ्चनपुर | ३७७८९९ | ४५१२४८ | ७३३४९ | १९.४ |

*स्रोत : जनगणनाको राष्ट्रिय प्रतिवेदन २०६९*

संविधानसभाको निर्वाचन हुन अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनासङ्ख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य सङ्ख्या बीचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४ क बमोजिम व्यवस्था भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भएको भएबमोजिम २ सय ४० निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले पहिलो हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य" चुनिने व्यवस्था गरिएको पाइन्छ। सहमतिमा बन्ने संविधानले कत्तिको जटिलता निम्त्याउँछ भन्ने कुरा निर्वाचन क्षेत्र निर्धारण आयोगसम्बन्धी भएको व्यवस्थाले स्पष्ट पार्दछ। संविधानको धारा १५४ मा "नेपाल सरकारले महिला, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, मजदुर वा किसानलगायत विविध क्षेत्रको हकहितको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्नेछ" भनिएको छ। तर निर्वाचन क्षेत्र निर्धारण आयोगको स्पष्ट व्यवस्था नगरिएको भन्दै मधेशमा ठूलो

आन्दोलन भयो। यही मागलाई सम्बोधन गर्ने क्रममा अन्तरिम संविधानको पहिलो संशोधनले धारा "१५४ क" थप गरी निर्वाचन क्षेत्र निर्धारण आयोगको व्यवस्था गऱ्यो। यस आयोगमा अध्यक्षसहित पाँच जना रहने व्यवस्था गरिएको छ जसमा भूगोलविद्, समाजशास्त्री, जनसङ्ख्याविद्, प्रशासनविद्, व्यवस्थापनविद्, तथा सरकारीकर्मचारी सहित रहने व्यवस्था संविधानमा छ। सरकारले गठन गर्ने यस्तो आयोगको कार्यविधि पनि सरकारले नै तोक्ने व्यवस्था गरेको छ। यसको अर्थ सरकारले तोकेको काम मात्र आयोगले गर्न पाउने भन्ने नै हो। तर सहमतिकै दस्तावेज संविधान भएको मौका छोप्दै यही धाराको बुँदा नम्वर ११ मा भने "...आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ" भन्ने वाक्य पनि थपिएको छ।

बुँदा नं. ६ मा निर्वाचन क्षेत्र निर्धारण गर्दा सम्बन्धित जिल्लाको जनसङ्ख्या र संविधानसभा सदस्य सङ्ख्याबीचको अनुपात यथासम्भव समान हुने गरी प्रत्येक जिल्लाको जनसङ्ख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने यस्तो सदस्य सङ्ख्या निर्धारण गर्नेछ भनिएको छ। अस्पष्टताका बीचमा नै यसरी राखिएको प्रावधान अनुसार क्षेत्र निर्धारण गर्दा समान जनसङ्ख्या र भौगोलिक अनुकुलता तथा विशिष्टताको आधारमा प्रत्येक प्रशासकीय जिल्लाको सीमाना, भौगोलिक अवस्था, जनसङ्ख्याको घनत्व, यातायातको सुविधा, र त्यस्तो जिल्लामा बसोवास गर्ने वासिन्दाहरूको सामुदायिक तथा साँस्कृतिक पक्षलाईसमेत ध्यान दिनुपर्ने उल्लेख गरिएको छ।

सहमतिमा बनेको संविधानमा उल्लेखित प्रत्येक कुरा एक पछि अर्को थपिँदै जाँदा एक ठाउँमा लेखिएको कुरा अर्को ठाउँमा काटिँदै जाँदो रहेछ भन्ने कुरा यी वाक्यांश आफैँले पनि पुष्टि गर्दछन्। संविधानका यी माथिका वाक्यहरूलाई नियालेर हेर्ने हो भने वास्तवमा क्षेत्र निर्धारण गर्दा कुन चाहिँ विषयलाई ध्यान दिनु पर्दैन भनि खोज्नुपर्ने हुँदो रहेछ।

**तालिका २ : २०६३ मा क्षेत्र नथपिएका जिल्लामा जनसङ्ख्या वृद्धि स्थिति**

| जिल्ला | २०५८ को जनङख्या | २०६८ को जनङख्या | बढेको ङख्या | बढेको प्रतिशत |
|---|---|---|---|---|
| इलाम | २८२८०६ | २९०२५४ | ७४४८ | २.६ |
| ललितपुर | ३३७७८५ | ४६८१३२ | १३०३४७ | ३८.६ |
| भक्तपुर | २२५४६१ | ३०४६५१ | ७९१९० | ३५.१ |
| तनहुँ | ३१५२३७ | ३२३२८८ | ८०५१ | २.६ |
| प्यूठान | २१२४८४ | २२८१०२ | १५६१८ | ७.४ |
| रोल्पा | २१०००४ | २२४५०६ | १४५०२ | ६.९ |
| रुकुम | १८८४३८ | २०८५६७ | २०१२९ | १०.७ |
| सल्यान | २१३५०० | २४२४४४ | २८९४४ | १३.६ |
| सुर्खेत | २८८५२७ | ३५०८०४ | ६२२७७ | २१.६ |
| दैलेख | २२५२०१ | २६१७७० | ३६५६९ | १६.२ |
| जाजरकोट | १३४८६८ | १७१३०४ | ३६४३६ | २७.० |
| डोल्पा | २९५४५ | ३६७०० | ७१५५ | २४.२ |
| जुम्ला | ८९४२७ | १०८९२१ | १९४९४ | २१.८ |
| कालिकोट | १०५५८० | १३६९४८ | ३१३६८ | २९.७ |
| मुगु | ४३९३७ | ५५२८६ | ११३४९ | २५.८ |
| हुम्ला | ४०५९५ | ५०९५८ | १०२६३ | २५.३ |
| बाजुरा | १०८७८१ | १३४९१२ | २६१३१ | २४.० |
| बझाङ | १६७र२६ | १९५१५९ | २८१३३ | १६.८ |
| अछाम | २३१२८५ | २५७४७७ | २६१९२ | ११.३ |
| डोटी | २०७०६६ | २११७४६ | ४६८० | २.३ |
| डडेल्धुरा | १२६१६२ | १४२०९४ | १५९३२ | १२.६ |
| बैतडी | २३४४१८ | २५०८९८ | १६४८० | ७.० |
| दार्चुला | १२१९९६ | १३३२७४ | ११२७८ | ९.२ |

*स्रोत : जनगणनको राष्ट्रिय प्रतिवेदन २०६९।*

सोही धाराको उपधारा ८ मा यस्तो पनि लेखिएको छ, "उपधारा ७ मा जुनसुकै कुरा लेखिएको भए पनि यो संविधान प्रारम्भ हुँदाका वखत निर्वाचन जिल्लामा कायम रहेका क्षेत्रभन्दा कम हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्न सकिने छैन।"

संविधानकै एक महत्वपूर्ण उपधाराको रूपमा यो वाक्य परिसकेपछि अको अर्थमा जनसङ्ख्याको आधारमा क्षेत्र निर्धारण नगर्नु भनि संविधानले नै भनेको ठहर्दैन र ? संविधानमा उल्लेखित क्षेत्र निर्धारणसम्बन्धी यी विभिन्न प्रावधानहरूको आधारमा क्षेत्र निर्धारण गर्न निक्कै कठिन हुने देखिन्छ किनभने संवैधानिक प्रवधानअनुसार २०५८ सालको जनगणनाका आधारमा अघिल्लो जनगणना २०४८ का आधारमा तय भएका २ सय ५ बाट बढाएर २ सय ४० बनाइएको देखिन्छ। यसको अर्थ तत्कालीन प्रतिनिधिसभाको लागि बनाइएका निर्वाचन क्षेत्र २ सय ५ कायमै रहेका, त्यति मात्र होइन, २०४७ सालको संविधान जारी हुनपूर्व कायम रहेका १ सय ४० निर्वाचन क्षेत्र पनि निरन्तर रहेको अवस्था अहिले पनि हो, भलै अहिले ठूलै राजनीतिक परिवर्तन भइसक्यो र जनसङ्ख्या बढेका आधारमा क्षेत्र

पनि बढ्न पर्छ भन्ने माग पनि छ।

यसका साथै निर्वाचन क्षेत्र निर्धारण आयोग २०६३ ले हिमाल र पहाडमा १ सय २४ निर्वाचन क्षेत्र र मधेशमा १ सय १६ निर्वाचन क्षेत्र कायम गर्ने निर्णय गरेको थियो। यदि जनसङ्ख्याकै आधारमा मात्र क्षेत्र निर्धारण गर्ने हो भने मधेश भनिएको क्षेत्रमा हाल ५०.२७ प्रतिशत जनसङ्ख्या छ, त्यसको अर्थ १ सय २० क्षेत्र मधेशले पाउनु पर्ने भयो। एकातिर मोरङ, धनुषा, नवलपरासी, लगायतका जिल्लाका कतिपय भूभागहरू पहाडमा पर्ने र ती सबैलाई मधेश नै भन्नपर्ने, अर्कातिर मधेशमा बस्ने नागरिकका हैसियतले पहाडे र मधेशीको रूपमा विभक्त हुने तर जनसङ्ख्याका आधारमा भने सबै मधेशी हुने, यसकै आधारमा मधेशीले मात्र चुनाव लड्न पर्ने लगायतका हाँसउठ्दो देशको राजनीतिमा हामी नेपालीहरू राजनीतिक दलका नेताका अदूरदर्शी, अपारदर्शी तथा अविवेकी निर्णयहरूको रमिते बन्न बाध्य भएका छौं।

निर्वाचन क्षेत्र निर्धारण आयोग २०६३ ले थपिएका ३५ निर्वाचन क्षेत्र मध्ये पहाडका ५ जिल्लामा ७ निर्वाचन क्षेत्र थपेको थियो भने मधेशका २० जिल्लामा २८ निर्वाचन क्षेत्र निर्धारण गरेको थियो (हेर्नुहोस् तालिका ३)।

निर्वाचन क्षेत्र पुन: निर्धारण आयोग बनाएर हाल देखिएको गतिरोध समाधान गर्न सकिन्छ भन्ने तर्क ठीक होला तर माथि गरिएको विश्लेषणबाट हामीले बुझ्ने कुरा के हो भने प्रत्येक जनगणनापछि निर्वाचन क्षेत्र निर्धारण गर्ने भन्ने भनाइ नै महत्वकाङ्क्षी हो। त्यसैले अन्तरिम संविधानमा राखिएको यो प्रावधानमा पुर्नविचार गर्न आवश्यक छ।

**कस्तो छ अन्तर्राष्ट्रिय अभ्यास ?**

भारतमा अहिले पनि सन् १९७१ को जनगणनाको आधारबाट निर्धारित ५ सय ४३ निर्वाचन क्षेत्र कायमै छन्। त्यहाँ पनि निर्वाचन क्षेत्र निर्धाराण गर्न "डिलिमिटेशन एक्ट" बनेकै हो, जो अहिले पनि कायमै छ। यस ऐनले पनि भारतमा प्रत्येक जनगणना पछि निर्वाचन क्षेत्र पुन: निर्धारण गर्ने नै भन्छ तर, विभिन्न कारणले सन् १९७६ पछि त्यहाँको तत्कालीन सरकारले सन् २००० पछि लिइने जनगणना पश्चात मात्र निर्वाचन क्षेत्र पुन: निर्धारण गर्ने भन्ने निर्णय गऱ्यो।

क्यानडामा सन् १८६७ देखि १ सय ८१ सिट कायम रहेको निर्वाचन क्षेत्र निर्धारणको कार्य लगातार पुन: निर्धारण हुँदै गयो र सन् १९९९ मा आएर ३ सय १ निर्वाचन क्षेत्रमा पुगी रोकिएको अवस्था छ। जर्मनीमा निर्धारण गरिएको अनुपातिक जनसङ्ख्याको आकारमा १५ प्रतिशित घटबढ रहँदासम्म निर्वाचन क्षेत्र पुन: निर्धारण नगर्ने प्रावधान छ तर यस्तो घटबढ २५ प्रतिशित नाघेमा क्षेत्रहरू पुन: निर्धारण गर्ने भनिएको छ। बङ्गलादेशले हालैका वर्षहरूमा ग्रामीण क्षेत्रमा निर्वाचन क्षेत्र थप्नुपर्ने नीति औंल्याएको छ जसका लागि ढाका सहरमा कायम भएका १३ निर्वाचन क्षेत्रलाई घटाएर १० मा सीमित गर्ने योजना बनाएको छ।

कतिपयले संविधानसभाका बेला गरिने क्षेत्र निर्धारण र अन्य निर्वाचनहरूमा हुने क्षेत्र निर्धारणको प्रसङ्ग पनि राख्ने गरेका छन्। हाम्रो पहिलो संविधानसभाले संविधान दिन नसक्नुको कारण क्षेत्र निर्धारणको कुरो नमिलेर होइन भन्ने बुभ्नु यस सन्दर्भमा जरुरी हुन्छ।

**तालिका ३ : निर्वाचन क्षेत्र निर्धारण आयोग २०६३ द्वारा मधेशमा थपिएका २५ निर्वाचन क्षेत्रहरू**

| जिल्ला | २०६३ अघिको क्षेत्र डङ्ख्या | २०६३ ले थपेको डङ्ख्या | जम्मा |
|---|---|---|---|
| झापा | ६ | १ | ७ |
| मोरङ | ७ | २ | ९ |
| सुनसरी | ५ | १ | ६ |
| सप्तरी | ५ | १ | ६ |
| सिराहा | ५ | १ | ६ |
| धनुषा | ५ | २ | ७ |
| महोत्तरी | ४ | २ | ६ |
| सर्लाही | ५ | १ | ६ |
| रौतहट | ४ | २ | ६ |
| बारा | ४ | २ | ६ |
| पर्सा | ४ | १ | ५ |
| चितवन | ४ | १ | ५ |
| नवलपरासी | ४ | २ | ६ |
| रुपन्देही | ५ | २ | ७ |
| कपिलवस्तु | ४ | १ | ५ |
| दाङ | ४ | १ | ५ |
| बाँके | ३ | १ | ४ |
| बर्दिया | ३ | १ | ४ |
| कैलाली | ४ | २ | ६ |
| कञ्चनपुर | ३ | १ | ४ |

***स्रोत : निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा उपलब्ध गराइएको तथ्याङ्क।***

**निष्कर्ष**

अन्तर्राष्ट्रिय क्षेत्रमा अबलम्बन गरिएका यस्ता केही अभ्यासहरूले हाम्रो देशमा निर्वाचन क्षेत्र पुन: निर्धारण गर्न कति सहज कति असहज भन्ने तथ्य इङ्गित गर्छन्। हामी अहिले संविधान बनाउने सन्दर्भमा पुन: हुन लागेको संविधानसभाको निर्वाचनका सन्दर्भमा निर्वाचन क्षेत्र पुरानै कायम राख्ने वा पुन: निर्धारण गर्ने भन्ने बहस गरिरहेका छौं। नेपालको निर्वाचन क्षेत्र निर्धारण कार्य केवल प्राविधिक मात्र नभएर राज्यको पुर्नसंरचनासँग गाँसिएको राजनीतिक विषय पनि हो। यदि हालको जनसङ्ख्यालाई आधार मानेर निर्वाचन क्षेत्र पुन: निर्धारण गर्ने हो भने किन ३५ निर्वाचन क्षेत्रमा मात्र पुर्नर्धारण गर्ने, किन अन्यमा गर्न हुँदैन ?

तालिका ४ : निर्वाचन क्षेत्र निर्धारण आयोग २०६३ द्वारा पहाडमा थपिएका सात निर्वाचन क्षेत्रहरू

| जिल्ला | २०६३ अघि क्षेत्र सङ्ख्या | २०६३ ले थपेको सङ्ख्या | जम्मा |
|---|---|---|---|
| काभ्रे | ३ | १ | ४ |
| काठमाडौँ | ७ | ३ | १० |
| उदयपुर | २ | १ | ३ |
| मकवानपुर | ३ | १ | ४ |
| कास्की | ३ | १ | ४ |

*स्रोत : निर्वाचन क्षेत्र निर्धारण आयोग २०७० द्वारा उपलब्ध गराइएको तथ्याङ्क*

जटिल प्रश्न उब्जन गएको छ। यदि यसमा नै सहमति भएर जनसङ्ख्या बढेका सबै जिल्लामा क्षेत्र थप्ने अर्को हचुवापूर्ण निर्णय भए पनि यसले जनतामा निराशा नै जन्माउने छ किनभने जतिसुकै वैज्ञानिक तथ्यमा आधारित निर्वाचन क्षेत्र पुन: निर्धारण गरे पनि यसको औचित्य के भन्ने गम्भीर प्रश्न अहिले उब्जेको छ। नयाँ क्षेत्र निर्धारणको प्रयोजन केवल दोस्रो पल्ट हुने भनिएको संविधानसभाकै निर्वाचनका लागि हो जसमा जनताको पटक्कै इच्छा जाँगर चलाउन राजनीतिक दलहरूले सकेका छैनन्। यसले निर्धारण गर्ने नयाँ निर्वाचन क्षेत्रहरू २०७८ मा मात्र आयोजना गरिने अर्को जनगणनासम्म कायम रहनै सक्दैनन् किनभने यो बीचमा राज्यको पुन: सरंचना भइसक्नु पर्छ र अहिलेकै जनगणनाको नतिजालाई आधार मानेर पुर्नसंरचित हुने सङ्घीय नेपालको नयाँ निर्वाचन क्षेत्र निर्धारण हुनेछ। यसरी एउटै जनगणनाको नतिजा दुई दुई पटक निर्वाचन क्षेत्र निर्धाराण गर्न प्रयोग गर्नु अनावश्यक प्रक्रियागत झमेला हुन जान्छ। जनगणना भनेको चाहेको बेला जुनसुकै समयमा आयोजना गर्न न त सम्भव छ, न त आवश्यक नै।

यी सबै सन्दर्भ र दृष्टान्तहरूलाई मध्यनजर राख्दै राजनीतिक दलहरूले हाल कायम रहेका २ सय ४० निर्वाचन क्षेत्रहरूलाई नै आधार मानेर संविधानसभाको पुन: निर्वाचन गर्नु श्रेयस्कर हुने थियो। पुन: निर्धारण गर्ने झमेलामा लाग्नु भन्दा निर्वाचन कार्यक्रम तुरुन्त घोषणा गरी संविधान लेखनलाई प्राथमिकता दिनु पर्ने थियो। एकपछि अर्को गर्दै गरिएका अनेक गल्तीका कारण राजनीतिक दलहरूले पाठ सिक्नु पर्छ। अहिलेको हतारो भनेको निर्वाचनमार्फत पुर्नगठित संविधानसभाले चाँडो भन्दा चाँडो सङ्घीयता सहितको लोकतान्त्रिक संविधान बनाएर देशलाई निकास दिने थियो। एकात्मक प्रणालीबाट सिर्जित जिल्ला र गाउँ फुटाएर नयाँ निर्वाचन क्षेत्र निर्धारण गर्ने व्यर्थ कार्यमा लाग्ने कामले संविधानसभाको हुने भनिएको पुननिर्वाचन या त पछि धकेलिनेछ या त यसले व्यापक मतभेद सिर्जना गर्ने निश्चित छ।


## मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- **मानवअधिकार वर्षपुस्तक** (नेपाली र अंग्रेजी)
- **मानवअधिकार सङ्गालो**
- **मानवअधिकारको ऐतिहासिक अवधारणा**
- **मानवअधिकार-प्रहरी-कानुन**
- **मानवअधिकार घोषणापत्र** (सचित्र)
- **नेपालमा जातीय छुवाछूत**
- **राजनीतिक महिला परिचय**
- **प्राची द्वैमासिक**
- **इन्फर्मल**
- **मानवअधिकार स्थितिसूचक** (त्रैमासिक)
- **इन्सेक अभियान** (त्रैमासिक)
- **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान**
- **सुरक्षासम्बन्धी कानुनी प्रावधान**
- **इन्सेक अनलाईन** (www.inseconline.org)
- **मानवअधिकार : ठूला नौ महासन्धि**
- **इन्सेकको दुई दशक**
- **विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा**
- **मध्यमाञ्चल : जनआन्दोलन र मानवअधिकार**
- **उनीहरू कहाँ छन् ?** (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अनुगमन

**मानवअधिकार सम्मेलनको सन्देश, अनुबन्धममा भएको व्यवस्था तथा राज्यको प्रतिबद्धता सँगै यी र यस्ता अधिकारहरूको कार्यान्वयन गर्ने दायित्व राज्यलाई तोकिएको सन्दर्भमा अधिकारहरूको कार्यान्वयन अवस्था थाहा पाउन निरन्तर अनुगमन हुनु जरुरी मानिन्छ। यस सन्दर्भमा यस लेखमा अनुबन्धमा उल्लिखित अधिकारहरूको अनुगमन सम्बन्धमा सामान्य चर्चा गर्ने प्रयास गरिएको छ।**



**श्यामबाबु काफ्ले**
**अधिवक्ता**

**१. पृष्ठभूमि**

मानवअधिकारको प्रमुख लक्ष्य र उद्देश्य प्रत्येक मानवका सबै प्रकारका अधिकारहकोसंरक्षण सँग सम्बन्धित छ। यसको प्रत्यक्ष सम्बन्ध मानव मर्यादा र जीवनसँग हुन्छ। मानव मात्रको अधिकार संरक्षणार्थ आफ्नो सम्पूर्ण श्रोत, साधन र समय खर्चेको हुन्छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको लक्ष्य र उद्देश्यपनि यसभन्दा फरक छैन। यो अधिकारपनि नागरिक तथा राजनीतिक अधिकार झैं महत्वपूर्ण र मानव मर्यादा एवं जीवनको अधिकारसँग सम्बन्धित छ। यसको प्रत्यक्ष सम्बन्ध जीवनको अधिकारसँग छ। सिद्धान्ततः आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार नागरिक तथा राजनीतिक अधिकार जतिकै महत्वपूर्ण अधिकार हो। यो अधिकार विशेषतः गाँस, बास र कपाससँग प्रत्यक्ष सम्बन्धित अधिकार हो। यी सबै अधिकारको सम्बन्ध व्यक्तिको जीवन र मर्यादासँग सम्बन्धित छ। आफ्नो मातृभाषा प्रयोग गर्न पाउने, भोकमरीबाट संरक्षण पाउने, प्राथमिक शिक्षा, स्वास्थ्य एवं पर्याप्त आवासको अधिकार हुने विषयलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार भनि[1] परिभाषित गरिएको पाइन्छ। यद्यपि क्रमशः पूरा गर्दै जाने अधिकारको पक्षमा लिइएको यस अधिकारको प्रयोग सबै राज्यहरूमा समान तरिकाबाट लागु हुने गरेको पाइँदैन।

व्यक्तिको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार गर्भावस्थाबाट नै शुरू हुन्छ। यस अर्थमा राज्यले व्यक्तिको मानवअधिकारको संरक्षणमा गर्भावस्था देखि नै ध्यान दिनु जरूरी छ। शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने र यस्तो अवधिमा काम गर्ने आमाहरूलाई तलबी र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको बिदा दिनुपर्ने[2] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्धको व्यवस्थाले राज्यले व्यक्तिको अधिकारलाई गर्भावस्था देखि नै संरक्षण गर्नुपर्ने कार्यलाई थप पुष्टि गर्दछ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ (यसपछि अनुबन्ध भनिएको) मा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको बारेमा उल्लेख गरिएको छ। अनुबन्धमा स्वतन्त्र रूपमा छानेको वा स्वीकार गरेको काम गर्न पाउने, समान कामकोलागि उचित र समानज्याला, तलबी आवधिक बिदा, ट्रेड युनियन खोल्न पाउने, सामाजिक बीमा र सामाजिक सुरक्षा, प्रत्येक व्यक्तिको पर्याप्त खाना, लुगा तथा अवासको अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, निःशुल्क प्राथमिक शिक्षाको अधिकार, साँस्कृतिक जीवनमा सहभागि हुन पाउने अधिकार, वैज्ञानिक प्रगति तथा सो को उपयोगको फाइदा लिन पाउने लगायतका अधिकारहरू उल्लेख छन्। अनुबन्धले कृषि प्रणालीमा विकास र सुधार गरी खाद्यान्नको उत्पादन, भण्डारण र वितरणको तरिकामा सुधार गर्नुपर्ने दायित्व पनि राज्यलाइ तोकेको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयनकालागि देशभित्र पनि विशेष पहल र कार्यान्वयन हुनुपर्ने सम्बन्धमा सन् १९९३ मा भियनामा सम्पन्न मानवअधिकारको विश्वव्यापी सम्मेलनमा पनि अनुरोध भएको थियो।[3]

मानवअधिकार सम्मेलनको सन्देश, अनुबन्धममा भएको व्यवस्था तथा राज्यको प्रतिबद्धता सँगै यी र यस्ता अधिकारहरूको कार्यान्वयन गर्ने दायित्व राज्यलाई तोकिएको सन्दर्भमा अधिकारहरूको कार्यान्वयन अवस्था थाहा पाउन निरन्तर अनुगमन हुनु जरुरी मानिन्छ। यस सन्दर्भमा यस लेखमा अनुबन्धमा उल्लिखित अधिकारहरूको अनुगमन सम्बन्धमा सामान्य चर्चा गर्ने प्रयास गरिएको छ।

**२. अनुगमनको उद्देश्य**

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषय वस्तुमा केन्द्रित रही व्यवस्थित रूपमा सूचनाको सङ्कलन र

---

[1] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी प्रायः सोधिने प्रश्नहरू,, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय पृष्ठ १

[2] संयुक्त राष्ट्रसंघिय आर्थिक, सामाजिक तथा साँस्कृतिक अकिार विषयक अनुबन्ध १९६६ को धारा १०(२)

[3] www.ohchr.org/EN/ProfessionalInterest/Pages/Vienna.aspx

त्यसको व्यवस्थापन गर्ने कार्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको अनुगमन हो। यस अन्तर्गत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको बारेमा सक्रिय रूपमा सूचना सङ्कलन गर्ने, यसरी सङ्कलन गरिएका सूचनाहरूको जाँच गर्ने र अनुगमन गरिएका विषयबाट देखिएका समस्याको तत्काल सम्बोधन गरी प्रयोग गर्ने कार्यहरू पर्दछन्। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन यी अधिकारको कार्यान्वयन अवस्थाको बारेमा जानकारी लिइ आवश्यक कार्य गर्ने उद्देश्यबाट गरिन्छ। यी विषयहरूको अनुगमनमा पनि मानवअधिकारका अन्य विषयहरू मा झैं अधिकारको सम्मान, संरक्षण एवम् राज्यको दायित्वलाई पुन: बल प्रदान गर्ने उद्देश्य रहेको हुन्छ। अनुगमनको क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुन तथा राष्ट्रिय नीति तथा कार्यक्रमहरूको पालना/कार्यान्वयन भए, नभएको विषयमा सत्य तथ्य पत्ता लगाउने, उल्लङ्घन गर्ने पक्षको पहिचान गर्ने, आवश्यक कारबाहीको वातावरण तयार गर्ने वा आवश्यक सुधारका लागि सिफाशि गर्ने गरिन्छ। यसमा मूलत: मानवअधिकार कानुनले के गर्नु हुन्छ वा हुँदैन भनि तोकेको विषय केन्द्रित रहेको हुन्छ। मानवअधिकार अवस्थाको पहिचान गरी सार्वजनिक गर्न, उल्लङ्घन गर्ने पक्षलाई लज्जा (Shame)को अवस्था सिर्जना गर्न, भइरहेको मानवअधिकार उल्लङ्घन रोक्न, मानवअधिकार उल्लङ्घन हुन लागिरहेको वा हुन सक्ने अवस्था देखिएमा त्यसको रोकथाम गर्न, सरकार र सम्बन्धित पक्षलाई उपचारात्मक र सुरक्षात्मक उपाय अवलम्बन गर्नको लागि सुझाव वा सिफारिश गरी राज्यका सम्बन्धित निकायहरूलाई सहजिकरण गर्न पनि अनुगमन गरिन्छ।

राज्यले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सम्बन्धी कानुन आफ्नो देशभित्र लागु गर्ने प्रतिबद्धता जारी गरिसकेपछि आधारभूत रूपमा त्यस्ता कानुनहको कार्यान्वयन गराउनु पर्दछ। यस सन्दर्भमा राज्यलाई सम्बन्धित कानुनको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने तीन महत्वपूर्ण दायित्वहरू सुम्पिएका हुन्छन्। सम्मान अन्तर्गत राज्यले आफूले देशभित्र लागु गर्न प्रतिबद्धता जनाएको मानवअधिकार सम्बन्धी कानुनमा भएका कुनैपनि व्यवस्थाहरूको उल्लङ्घन नगर्नु, ती कानुनहरूमा भएका व्यवस्थाहलाई राष्ट्रिय कानुनमा स्थान दिनु र सम्बन्धित कानुनको बारेमा प्रचार प्रसार गर्नु लगायतका विषयहरू पर्दछन्। संरक्षण अन्तर्गत सम्बन्धित कानुनले प्रदान गरेका अधिकार उल्लङ्घन हुन लागेको अवस्थामा उल्लङ्घन हुनबाट रोक्नु, उल्लङ्घन भइसकेको छ भने सो अधिकार बहाली गराउने कार्य गर्नु, नागरिकलाई कुनैपनि किसिमको हानी नोक्सानी हुनबाट रोक्नु, उल्लङ्घन भइसकेको अवस्था भएमा उल्लङ्घनकर्तालाई कानुन बमोजिम कारबाही गर्नुपर्ने लगायतका विषयहरू पर्दछन भने परिपूर्ति अर्न्तगत मानवअधिकार उपभोग गर्न आवश्यक सेवा तथा साधन उपलब्ध गराउनु वा गर्ने व्यवस्था मिलाउनु, अधिकार परिपूर्तिका लागि आवश्यक संस्थाहको स्थापना गर्नु लगायतका कार्यहरू पर्दछन्।[४] यस दायित्व अन्तर्गत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रबर्धन गर्ने, अधिकारहलाई पहुँचयोग्य बनाउने र व्यक्ति तथा समूहहले काबु बाहिरको परिस्थितिका कारणहरूले गर्दा आफूसँग भएका माध्ययमद्वारा अधिकारहरूको उपभोग गर्न नसकेमा राज्य आफैंले आवश्यक सेवाहरू प्रदान गर्नु पर्दछ।[५] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमन गर्नुको प्रमुख उद्देश्य यस अनुबन्धले उपलब्ध गराएका अधिकारहरूको राज्यले माथि उल्लेख भए बमोजिम सम्मान, संरक्षण र परिपूर्ति गरेको छ छैन भनी पत्ता लगाउनु पनि हो। यसको उद्देश्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उल्लङ्घनको प्रकृति र समस्याको बारेमा थाहा पाउनु, श्रोत र साधनको कुन ठाउँमा उचित किसिमले प्रयोग गर्नु पर्ने हो सो बारेमा जानकारी प्राप्त गर्नु, थप कार्य गर्नको लागि सुझाव प्रस्तुत गर्नु, आवश्यक नीति निर्माणमा सहयोग गर्नु एवम् दवाव सिर्जना गर्नु लगायत रहेका हुन्छन्।[६]

आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयन/परिपूर्तिको सन्दर्भमा राज्यले चार A र एक Q लाई पूरा गर्नु पर्दछ। यस अन्तर्गत Availability (उपलब्धता), Accessibility (पहुँच), Acceptability (स्वीकार्यता) Adaptability (लचकता) र Quality (गुणस्तर) पर्दछन्।[७] देशको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सहज कार्यान्वयन भए नभएको वास्तविक परिणाम चार A र एक Q को प्रयोग कसरी भइरहेको छ भन्ने सूचकाङ्कले देखाउँदछ। यी पाँच ओटा विषयले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको नागरिकले कुन हदसम्म प्रयोग गरिरहेका छन् भनी प्रष्ट्याउन सहयोग गर्दछ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सहज प्रयोगका लागि उपलब्धता, पहुँच, स्वीकार्यता, लचकता र गुणस्तरीयता महत्वपूर्ण पक्षहरू हुन्। यी अधिकार अवस्थाको अनुगमन यी अवस्थाहरू पत्ता लगाउने उद्देश्यबाट पनि गरिन्छ।

उपलब्धता अनुसार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उपलब्ध भए नभएको विषय हेरिन्छ। उदाहरणको

[४] मर्यादित जीवन, सामाजिक न्याय, विकास र समृद्धिका लागि मानव अधिकार: राष्ट्रिय मानव अधिकार आयोग र लुथरन विश्व फेडेरेशन नेपाल मंसिर २०६९ पृष्ठ ५८ देखि ६३

[५] A User's Guide, Indicators for Monitoring Economic, Social And Cultural Rights in Nepal, National Human Rights Commission, Government of Nepal and United Nations Human Rights Office of the High Commissioner Nepal, September 2011; page 21

[६] विस्तृत जानकारीको लागि हेर्नुहोस् Handsbook for National Human Rights Institutions, Economic, Social and Cultural Rights, Office of the United Nations High Commissioner for Human Rights, United Nations New York and Geneva 2005, Professional traning series No. 12, page 57

[७] मर्यादित जीवन, सामाजिक न्याय, विकास र समृद्धिका लागि मानव अधिकार: राष्ट्रिय मानव अधिकार आयोग र लुथरन विश्व फेडेरेशन नेपाल मंसिर २०६९ पृष्ठ ६३

लागि स्वास्थ्यको अधिकार परिपूर्तिको लागि कुनै गाविसमा स्वास्थ्य चौकीको स्थापना गरिएको भएमा सो स्वास्थ्य चौकीमा आवश्यक चिकित्सक, कर्मचारी, औषधी, स्वास्थ्य उपकरणहरू आदिको उपलब्धता छ, छैन भनि हेरिनु पर्दछ। यदि गाविसमा स्वास्थ्य चौकी तथा अन्य आवश्यक श्रोतहरू उपलब्ध भएका भए त्यसमा स्थानीय बासिन्दाहरूको सो स्थानसम्म पुग्ने पहुँच छ, छैन ? दलित समुदायको व्यक्तिलाई स्वास्थ्य केन्द्रभित्र प्रवेशको पहुँच छ, छैन ? सो क्षेत्रका बासिन्दाहरूले स्वास्थ्य संस्था पाउने सेवा लिनको लागि उनीहरूको आर्थिक पहुँच छ, छैन ? अपाङ्ता भएका व्यक्तिहरूको परिचय पत्र वितरण गर्ने कार्यालयको स्थापना र कार्यालयको संरचनासम्म अपाङ्गता भएका व्यक्तिहरू पुग्नको लागि सहज पहुँच छ, भन्ने जस्ता विषयहरूलाई पनि हेरिनु आवश्यक हुन्छ। यस अन्तर्गत विशेष गरी भौतिक र आर्थिक पहुँचको अवस्थालाई विशेष ध्यान दिनु जरुरी हुन्छ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रचलनको सन्दर्भमा उपलब्धता र पहुँचसँगै त्यसरी उपलब्ध गराइएको सेवा तथा सुविधा सो क्षेत्रका व्यक्ति तथा नागरिकहरूको लागि स्वीकार्य हुनु जरुरी मानिन्छ। यस्तो स्वीकार्यता सामान्यत: साँस्कृतिक र धार्मिक रूपमा हुनुपर्ने मानिन्छ। उदाहरणको लागि देशको कुनै भू भागमा खाद्यान्नको अभाव भयो र त्यहाँ राज्यको तर्फबाट खाद्यान्न उपलब्ध गराउने कार्य भयो भने सो स्थान र समुदायको लागि त्यस्तो खाद्यवस्तु स्वीकार्य हुनु पर्दछ। यदि कुनै हिन्दू धार्मिक समुदाय भएको कुनै स्थानमा कुनै प्राकृतिक विपत्तिको कारण खाद्यान्न वितरण गर्नुपर्ने अवस्था आयो र सो स्थानमा खाद्यान्न वितरण गरियो भने सो समुदायलाई प्याज, लसुन वा चाऊचाउ नै पनि अस्वीकार्य हुन सक्दछ। अर्थात त्यस्तो समुदायमा मासुजन्य खाद्य पदार्थ अस्वीकार्य हुन्छ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार प्रचलनमा उपलब्धता, पहुँच तथा स्वीकार्यतासँगै लचकताले पनि महत्वपूर्ण स्थान राख्दछ। यसको अर्थ यी अधिकारको प्रयोग समानुकुल परिवर्तन हुनु पर्दछ भन्ने हो। यसले समयानुकुल कतिपय प्राप्त गर्न सकिने अधिकारमा परिमार्जन पनि गर्न सकिनु पर्दछ भन्ने हो। उदाहरणको लागि मानवअधिकारमैत्री सम्मत रूपमा समायनुकुल विद्यालय पाठ्यक्रममा गरिने परिमार्जनलाई पनि लिन सकिन्छ। यस्तै यी अधिकारको कार्यान्वयनको अर्को महत्वपूर्ण पक्ष गुणस्तरीयता हो। सबैको लागि उपलब्ध भएको, सबैको पहुँच भएको, सबैकोलागि स्वीकार्य भएको र समायनुकुल परिवर्तन गर्न सकिने आर्थिक, सामाजिक वा साँस्कृतिक अधिकार गुणस्तरीय नभएमा वास्तविक रूपमा अधिकारको प्राप्ति हुन सक्दैन। त्यसैले यी अधिकार प्राप्तिकालागि राज्यबाट उपलब्ध गराउने सेवा र सुविधा जहिलेपनि गुणस्तरीया हुनु अनिवार्य छ। त्यसैले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमनमा यी पाँच विषयहरूलाई केन्द्रबिन्दूमा राखेर हेरिनु पर्दछ।

## ३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका अनुगमनका विषयहरू

अनुबन्धको धारा १ देखि ४ र धारा ६ देखि १५ ले प्रत्याभुत गरेका अधिकारहरू नै अनुगमन गरिनु पर्ने विषयहरू हुन्। यी मध्येबाट राष्ट्रिय मानवअधिकार आयोग, नेपाल सरकार र तत्कालीन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयले पर्याप्त खाद्यको अधिकार, पर्याप्त आवासको अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार र काम गर्न पाउने अधिकारलाई पहिलो प्राथमिकतामा राखी यी अधिकारहको अनुगमन सूचकाङ्क समेत तयार गरेको अवस्था छ। यद्यपि अनुबन्धको अध्ययनले आत्मनिर्णयको अधिकार, समानताको अधिकार र अधिकारको संरक्षण, आपतकालीन स्थितिको समयमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार, आफूले रोजेको काम गर्न पाउने अधिकार, कामको समयमा न्यायिक र सुविधाजनक वातावरण उपभोग गर्न पाउने अधिकार, ट्रेड युनियन खोल्न पाउने अधिकार, सामाजिक बीमासहित सामाजिक सुरक्षाको अधिकार, परिवारको संरक्षणसम्बन्धी अधिकार, उचितस्तरको जीवनयापनको अधिकार, यथासम्भव उच्चस्तरको शारीरिक र मानसिक स्वास्थ उपभोगको अधिकार, शिक्षाको अधिकार र साँस्कृतिक जीवन, वैज्ञानिक अनुसन्धान तथा रचनात्मक क्रियाकलापहरूको अधिकार आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयवस्तुहरू हुन भनि उल्लेख गरेको देखिन्छ।

सिद्धान्तत: अनुबन्धले प्रत्याभूत गरेका अधिकारहको कार्यान्वयन प्रगतिशील रूपमा प्राप्त हुँदै जाने भनिएपनि नेपालको अन्तरिम संविधान २०६३ ले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई संविधानको मौलिक हकमा समावेश गरी त्यस्ता अधिकारको प्रचलनमा अवरोध भएमा सर्वोच्च अदालतबाट संवैधानिक उपचारको हक हुने उल्लेख गरेको छ।[८] तर, संविधानको भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा व्यवस्था गरिएका यी अधिकारहरूको प्रचलन सम्बन्धमा अदालतमा प्रश्न उठाउन नसकिने[९] प्रावधानहरू राखिएका छन्। संविधानको यस भागले यी अधिकारहरूलाई प्रगतिशील रूपमा प्राप्त हुँदै जाने (Progressive Realization) सिद्धान्तलाई नै आत्मसात गर्न खोजेको देखिन्छ। यद्यपि यस सम्बन्धमा सर्वोच्च अदालतबाट यी अधिकारहरू प्रगतिशील रूपमा मात्र प्राप्त हुँदै जाने नभइ न्यायिक अधिकारका विषयहरू पनि हुन भनी व्याख्या गरिसकेको अवस्था छ।[१०] यस सन्दर्भमा आर्थिक, सामाजिक तथा साँस्कृतिक

---

८ नेपालको अन्तरिम संविधान २०६३ को धारा १३, १६, १७, १८, २९ र १०७(२)

९ नेपालको अन्तरिम सविधान २०६३ को धारा ३६

१० विस्तृत जानकारीकोलागि हेर्नुहोस् सर्वोच्च अदालतबाट प्रकाशित *अरुण श्रेष्ठ समेत विरुद्ध प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, नेपाल कानून पत्रिका २०६४ अंक ११ पृ १५१०, चन्द्रकान्त ज्ञवाली विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, नेपाल कानून पत्रिका २०६३ अंक १ पृष्ठ ११०, सोमप्रसाद पनेरु समेत प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, नेपाल कानून पत्रिका २०६३ नि.नं. ७७०५ पृ. ६३१, उतर टमाटा समेत प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, नेपाल कानून पत्रिका २०६४ पृ. १४०८, प्रकाशमणि शर्मा समेत वि. महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय समेत नेपाल कानून पत्रिका २०६४ पृ. १४३५ आदि*

अधिकारसम्बन्धी न्यायालयका फैसलाहरूको कार्यान्वयनको अवस्था पनि अनुगमनका विषयहरू हुन्।

यी र यस्तै विषयहरूको अनुगमन कार्यलाई सहज पार्ने उद्देश्यले नेपालमा मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था र विशेषज्ञहरूसँगको सहकार्य र समन्वयमा राष्ट्रिय मानवअधिकार आयोग र तत्कालीन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयले २०६८ असोज महिनामा "नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहको अनुगमनको लागि सूचकाङ्कहरू" तयार गरेको छ। यस सूचकाङ्कबाट आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको अनुगमनकार्यलाई सहज गराउन सक्ने देखिन्छ। यस लेखमा यसै सूचकाङ्कको आधारमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन सम्बन्धमा सामान्य चर्चा गर्ने प्रयास गरिएको छ।

## ४. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अनुगमनका सूचकाङ्कहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरूको अनुगमनमा विशेषत: संरचनागत, प्रकृयागत र परिणामगत अवस्थालाई प्रमुख सूचकाङ्कको रूपमा लिइन्छ। यी सूचकाङ्कहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा भएका प्रावधानमा आधारित हुन्छन्। अन्य अधिकारका सूचकाङ्कहरू झैँ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयमा गरिने अनुगमन सूचकाङ्कहरू पनि समानता, सहभागिता, उपचार प्राप्त गर्ने प्रकृयामा पहुँच, जवाफदेहीता, अन्तर्निर्भरता लगायतका सिद्धान्तहरूमा आधारित छन्। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले तयार गरेको मानवअधिकार अनुगमन निर्देशिकामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको अनुगमनमा विशेषत: तीन किसिमका सूचकाङ्कहरू प्रयोग हुने उल्लेख गरेको छ। उक्त निर्देशिकाले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार अनुगमनका संरचनागत (Structural), प्रकृयागत (Process) र परिणामगत (Outcome) सूचकाङ्क हुने उल्लेख गरेको छ।[११] यीनै सूचकाङ्कहरूलाई आधार बनाई राष्ट्रिय मानवअधिकार आयोग र तत्कालीन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालले सम्बन्धित सबै सरोकारवालाहरूको समन्वय र सहकार्यमा नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू" तयार गरेका छन्।[१२] यी सूचकाङ्कहरूको आधारमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन सरल र सहज हुने अपेक्षा गरिएको छ। सूचकाङ्कहरू परिमाणगत र गुणस्तरीय दुवै अर्थमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमनसँग सम्बन्धित रहन्छन्।

### ४.१ संरचनागत सूचकाङ्क (Structural indicator)

अनुगमनको क्रममा प्रयोग हुने प्रथम सूचकाङ्कको रूपमा रहेको संरचनागत सूचकाङ्कले हरेक देशको अनुगमन गरिनु पर्ने मानवअधिकारको विषयसँग सम्बन्धित राष्ट्रिय कानुन, अनुगमन गरिनु पर्ने विषयसँग सम्बन्धित सरकारी नीतिहरू एवं आचारसंहिता, सम्बन्धित देश पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको बारेमा समेत अध्ययन गर्दछ। यस सूचकाङ्कमा अधिकार प्रदान गर्नको लागि स्थापना भएका सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरूको सङ्ख्यालाई समेत ध्यान दिन आवश्यक मानिन्छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रचलनको लागि नेपालको प्रचलित संविधान, ऐनहरू, नियमावली, नीतिहरूको निर्माण भएको छ छैन ? नेपालले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयका अन्तर्राष्ट्रिय कानुनहको अनुमोदन गरेको छ, छैन ? अनुमोदन गरेको अवस्था भएमा यी अधिकारहरू प्रचलनको सहजताकोलागि अन्तर्राष्ट्रिय कानुन स्तरको राष्ट्रिय कानुन निर्माण भएको छ, छैन ? लगायतका विषयहरूको अध्ययन गरिनु जरूरी हुन्छ। विशेषत: यस खण्डमा नेपाल कानुनको प्रकृति तथा विषयवस्तुमा सबैभन्दा बढी ध्यान केन्द्रित गर्नु पर्दछ।[१३] उदाहरणको लागि नेपालमा खाद्यान्नको अधिकार अवस्थाको बारेमा अनुगमन गर्नुपर्ने भएमा खाद्य अधिकार सम्बन्धी प्रचलित नेपाल कानुनहरू के के हुन ? र ती कानुनहरूले नेपाली नागरिकहरूलाई के कस्ता अधिकार प्रदान गरेका छन ? नेपाल सन् १९९१ मा नै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्धको पक्ष राष्ट्र भइसकेको सन्दर्भमा हालसम्म उक्त अनुबन्धलाई नेपालमा लागु गर्न के, कस्ता कानुनी र संरचनागत व्यवस्थाहरू गरिएको छ ? नेपाल सरकारको खाद्य नीति र त्यसको कार्यान्वयन अवस्था के कस्तो छ ? उक्त नीति मानवअधिकार मैत्री छ, छैन ? सबै नेपाली नागरिकलाई खाद्यान्नको अधिकार उपलब्ध गराउन स्थापना गरिएका संरचना र संयन्त्रबाट नेपाली नागरिकहरूले खाद्यान्नको अधिकार प्राप्त गर्न सकेका छन् छैनन् ? जस्ता विषयहरूलाई प्राथमिकताका साथ हेरिनु पर्दछ।

### ४.२ प्रकृयागत सूचकाङ्क (Process indictor)

प्रकृयागत सूचकाङ्क अनुगमनकोलागि प्रयोग हुने दोश्रो सूचकाङ्क हो। यस सूचकाङ्कको प्रयोग आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार कार्यान्वयनको लागि राज्यले निर्माण गरेका नीति तथा कानुनहरूले निर्धारण गरेका कार्यक्रमहरूको कार्यान्वयन कसरी भइरहेको छ भनी प्रयोग गरिन्छ। यस सूचकाङ्कले राज्यले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्राप्तिकोलागि आधारभूत आवश्यकताको रूपमा रहेका उपलब्धता,

---

११ United Nations Human Rights Office of the High Commissioner; MANUAL ON MONITORING,MONITORING ECONOMIC, SOCIAL AND CULTURAL RIGHTS, Chapter 20, page 9

१२ विस्तृत जानकारीको लागि हेर्नुहोस् Indicators for Monitoring Economic, Social And Cultural Rights in Nepal, September 2011

१३ नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू, राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय २०६८ पृष्ठ १०



1



2





4





3



# न्याय कहिले ?



शब्द तथा फोटो : बिमलचन्द्र शर्मा

नेपालमा १० वर्षसम्म भएको सशस्त्र द्वन्द्वमा राज्य र विद्रोही दुवै पक्षबाट गरी १३ हजार भन्दा बढीले ज्यान गुमाए । करिब १ हजार मानिसहरू बलपूर्वक बेपत्ता पारिए । शान्ति सम्झौता भएको छ वर्ष पूरा भइसक्दा समेत पीडितका परिवारले आफ्नो मान्छे के कति कारण ले मारिएको हो ? के कारण बेपत्ता पारिएको हो ? जवाफ अहिलेसम्म पाएका छैनन् ।

पीडित परिवारले आफ्ना प्रियजनको हत्या र बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्नलाई कारबाहीको माग गर्दै समय समयमा आन्दोलन पनि गरे तर उनीहरूको पीडाको वास्तविक सम्बोधन हुन सकेन । आफ्ना प्रियजनको हत्या तथा बेपत्ता पर्नेहरू आफ्नै आँखा अगाडि छाती फुलाएर हिँडिरहेका विवश भएर हेरिरहनु परेको छ । उनीहरूको एउटै प्रश्न छ हामीले न्याय कहिले पाउँछौं ?

दण्डहीनताको अन्त्य र भविष्यमा यस्ता घटना दोहरिन नदिन, सम्बन्धित पक्षलाई जिम्मेवार बनाउन अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदन गराउनका लागि इन्सेकको पहलमा विगत १३ वर्षदेखि निरन्तर राज्यलाई दबाब दिन विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। तर सरकार अझै यस विषयमा गम्भीर भएको छैन।

**फोटो क्याप्सन**

१, २, ३ : सशस्त्र द्वन्द्वका पीडितहरू, ४ : सन् २००८ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदनका लागि दबाब दिँदै इन्सेक लगायतका विभिन्न सङ्घ संस्थाका कार्यकर्ताहरू, काठमाडौँको माइतीघर,मण्डलामा



प्राची (साउन २०७०/पूर्णाङ्क ८२)

पहुँचता, स्वीकार्यता, लचकता र गुणस्तरीयता बमोजिम यी अधिकारहरू व्यक्तिहले प्राप्त गर्न सकेका छन्, छैनन र त्यसमा राज्यले के गरिरहेको छ भनी पहिचान गर्न सहज बनाउँछ। उदाहरणको लागि नेपाल सरकारको कुनै गाउँमा शिक्षा सेवा उपलब्ध गराउने कार्यक्रम भएमा सरकारले त्यस्तो सेवा उपलब्ध गराएको हुनसक्छ। त्यस्तो अवस्थामा शिक्षा सेवा उपलब्ध गराउनको लागि स्थापना गरिएको विद्यालय भवन सो क्षेत्रका सबै बालबालिकाको लागि सहज उपलब्ध हुने अवस्था र किसिमको छ, छैन ? विद्यालयमा भएका डेस्क बेन्च बालबालिका मैत्री छन् छैनन् ? विद्यालयमा चाहिने पाठ्यपुस्तक लगायतका आधारभूत आवश्यकताका सामग्रीहरू छन्, छैनन ? विषयगत योग्य शिक्षकको व्यवस्था छ, छैन ? विद्यालयमा सम्बन्धित क्षेत्रका सबै सरोकारवालाहरूको बिना भेदभाव समान पहुँच छ, छैन ? विद्यालयको अध्ययन गुणस्तरीय छ, छैन ? जस्ता विषयहरूलाई अनुगमनको क्रममा हेरिनु पर्दछ। यस क्रममा एक शिक्षक बराबर विद्यार्थीको सङ्ख्या, विद्यालयमा महिला शिक्षिकाको अनुपात, विद्यालयमा भर्ना हुन नसकेको अवस्था जस्ता विषय पनि यस क्रममा हेरिनु पर्दछ।

राज्यले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रयोगकोलागि मानवअधिकार मापदण्डलाई स्वीकार गर्न र परिणाम प्राप्त गर्नकोलागि दिएको प्राथमिकता र कार्यलाई पत्ता लगाउन यो सूचकाङ्कको प्रयोगले सहयोग पुऱ्याउँदछ। यस सूचकाङ्कको प्रयोगबाट राज्यका अदालत, राष्ट्रिय मानवअधिकार संस्था तथा अन्य उजुरी हेर्ने सक्षम निकायबाट[१४] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उल्लङ्घन सम्बन्धमा ती निकायहरूले गरेका अनुसन्धानको सङ्ख्या तथा अनुपात र सरकारबाट भएको प्रभावकारी कार्यान्वयनको अनुपात पत्ता लगाउन सहज हुन्छ। यसले निश्चित अवधिमा भएका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उल्लङ्घन र उल्लङ्घन विरुद्ध राज्यका निकायहरूले चालेका कदमहरू के छन भनी पत्ता लगाउने कार्यमा सहयोग गर्दछ। उदाहरणको लागि हाल नेपालमा सडक विस्तार गर्ने कार्य भइरहेको छ। यसक्रममा व्यक्तिहरूको नीजि घरजग्गा समेत परेका छन्। त्यस्ता कतिपय घरजग्गा धनीले आफ्नो बासस्थानको अधिकारको संरक्षणार्थ अदालत र राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दर्ता गराएका छन्। उजुरी दर्तापछि अदालत र आयोगबाट सरकारको नाउँमा विभिन्न आदेशहरू पनि जारी भएको अवस्था छ। यस अवस्थामा महासन्धिले उल्लेख गरे बमोजिमको पर्याप्त आवासको अधिकार अवस्थाको अनुगमन गरिँदा त्यसरी अदालतले दिएको आदेशबमोजिम सरकारले आदेश कार्यान्वयन गर्न गरेका पहलहरू, अदालतको आदेश पालना भए, नभएको अवस्था, आदेश पालना गरेको भए कति ओटा आदेश भएका थिए र सरकारले कतिओटा आदेशको कार्यान्वयनमा ध्यान दियो भन्ने जस्ता विषयहरू पनि पर्दछन्। यस्ता सूचकाङ्कहरूबाट व्यक्तिको पर्याप्त आवासको अधिकार लगायतका अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षणमा राज्य कति संवेदनशील छ भने तथ्य प्राप्त गर्नलाई सहज हुन्छ।

### ४.३ **परिणामगत सूचकाङ्क** (Outcome Indictor)

परिणामगत सूचकाङ्क सामान्यत: आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्राप्तिको परिणामसँग सम्बन्धित हुन्छ। यस सूचकाङ्कलाई आधार मानेर गरिएको अनुगमनबाट अन्तिम परिणाम प्राप्त हुन्छ। राज्यले आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार प्रचलनका लागि प्रगतिशील रूपमा गरेको वा नगरेको कार्यको परिणाम प्राप्त हुन्छ। राज्यले अधिकार प्रचलनको लागि आगामी दिनमा गर्नुपर्ने सुधारको क्षेत्र पत्ता लगाउन सहयोग पुग्दछ। उदाहरणको लागि परिणामगत सूचकाङ्कको प्रयोगबाट पर्याप्त खाद्य अधिकार अवस्थाको अनुगमन गर्दा सम्पूर्ण कुल जनसङ्ख्यामा अल्पपोषित व्यक्तिहरूको सङ्ख्या, सम्पूर्ण बालबालिकाको जनसङ्ख्यामा कुपोषणको कारण मृत्यु भएका बालबालिकाको सङ्ख्या[१५] थाहा पाउन सहयोग पुऱ्याउँदछ। पर्याप्त आवासको अधिकार अनुगमनबाट देशभर रहेको घरबारबिहीनहको सङ्ख्या, प्रति एकलाख जनसङ्ख्यामा घरबारविहीनको औषत अनुपात[१६], उच्चतम स्तरको शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकारको अनुगमनबाट मातृ मृत्यु दर, प्रजनन दर, पाँच वर्ष मुनिका बालबालिकामा झाडापखालाका घटना, सरकारबाट जारी मानवअधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख भए बमोजिम मानसिक स्वास्थ सेवा पाइरहेकाहरूको सङ्ख्या, मातृ मृत्युदर, प्रजनन् दर[१७] जस्ता परिणामहरू प्राप्त हुन्छन्। शिक्षाको अधिकार अनुगमन गरिएको जिल्लाको साक्षरता दर, प्राथमिक विद्यालय भर्ना दर, उच्च शिक्षामा सीमान्तकृत समुदायको भर्ना प्रतिशत, शैक्षिक सत्र बीचमा विद्यालय छाड्ने विद्यार्थी दर[१८] जस्ता परिणामहरू पनि प्राप्त गर्न सहज हुन्छ। यस्तै परिणाम काम गर्न पाउने अधिकारको अनुगमनबाट पनि प्राप्त हुन्छ। काम गर्न पाउने अधिकारको अनुगमनबाट अनुगमन गरिएको जिल्लाको कूल जनसङ्ख्या मध्येमा बेरोजगारहरूको अनुपात, बालश्रमिकहरूको सङ्ख्या, वैदेशिक रोजगारीमा गएका कामदारहरूको सम्बन्धमा मृत्यु भएका घटनामा क्षतिपूर्ति प्रदान गरिएका पीडितहरूको सङ्ख्या, प्रतिवेदन अवधिमा जिल्लामा रोजगारीमा भएको वृद्धि, दैनिक १ अमेरिकी डलर भन्दा कम आर्जन गर्ने रोजगार र अर्धरोजगारको अनुपात[१९] लगायतका परिणामहरू प्राप्त गर्नलाई सहज हुने गर्दछ। यस सूचकाङ्कको प्रयोगले आर्थिक, सामाजिक साँस्कृतिक अधिकार सम्बन्धमा राज्यको दायित्व पूरा भए, नभएको अवस्थाको बारेमा सहज जानकारी प्राप्त गर्न सकिन्छ। साथै आगामी दिनमा यी

[१४] Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008

[१५] नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरको अनुगमनकोलागि सूचकाङ्क, प्रयोगकर्ता पुस्तिका, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालयले सन् २०११ पृष्ठ ३२

[१६] ऐ. ऐ. पृष्ठ ४०

[१७] ऐ. ऐ. पृष्ठ ४६

[१८] ऐ. ऐ. पृष्ठ ५२

अधिकारको कार्यान्वयन गर्न कुन क्षेत्रलाई प्राथमिकतामा राख्ने भन्ने विषयमा कार्य योजना बनाउन र लागु गर्नको लागि सरकार र सम्बन्धित सरोकारवालालाई सिफारिस, सुझाव वा दवाव दिन पनि सहयोग पुग्दछ।

### ५. अनुगमनका चरणहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र नागरिक तथा राजनीतिक अधिकार अवस्थाको अनुगमन गर्ने विधि, तरिका र रणनीति एकै किसिमका हुन्छन्। यी दुवै विषयमा गरिने अनुगमनको परिणाम भनेको विषयवस्तुको तत्कालीन अवस्था झल्काउने हो। यो अवस्था थाहा पाउनको लागि सामान्यतः मानवअधिकारको अनुगमन क्रममा पाँच चरण पूरा गर्नु पर्दछ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका विषयहरूमा गरिने अनुगमनमा माथि उल्लिखत संरचनागत, प्रकृयागत र परिणामगत सूचकाङ्कहलाई प्राथमिकतामा राखिनु पर्दछ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको क्रममा सोसँग सम्बन्धित कानुन र नीतिहरू, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको क्षेत्रमा छुट्याईएको बजेट, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विशेष घटना उल्लङ्घन तथा यस सम्बन्धमा न्यायिक तथा अर्द्धन्यायिक संयन्त्रहरूबाट भए गरेका कार्यहरूको पनि अनुगमन गरिनु आवश्यक हुन्छ।[२०]

यस प्रकृयाबाट गरिने अनुगमनले सम्बन्धित विषयको कार्यान्वयनको अवस्थालाई आधारभूत रूपमा बुझ्न र थप प्रभावकारी कदम चाल्नको लागि राज्यलाई थप सहयोग पुग्दछ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको अनुगमनका पाँच चरणहरूको बारेमा तल उल्लेख गरिएको छ।

### ५.१ सूचना सङ्कलन

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको अनुगमन गर्ने क्रममा पनि सूचना सङ्कलन गर्ने कार्य गरिनु पर्दछ। सूचना सङ्कलन गर्दा विषयवस्तु वा घटनाको बारेमा विशेष प्राथमिकताका सूचना सङ्कलन गर्नु आवश्यक हुन्छ। अनुगमनमा पूर्व यथार्थपरक ढङ्गबाट सूचनाको सङ्कलन गर्न नसकिएमा यथार्थ तथ्य आउन नसक्ने प्रशस्त सम्भावना रहने भएकोले अनुगमन गरिने विषयको विस्तृत पृष्ठभूमि बारेमा पर्याप्त मात्रामा सूचना सङ्कलन गरिनु पर्दछ। संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अनुगमन सम्बन्धी निर्देशिकामा सामान्य पृष्ठभूमि, ऐन कानुन तथा नीति र आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार अवस्थाको प्रवृत्ति तथा उल्लङ्घन भएका भनिएका विशेष घटनाको सम्बन्धमा प्राथमिक सूचनाहरू लिनुपर्ने उल्लेख।[२१] आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार अनुगमनको क्रममा पनि सूचना सङ्कलन गर्दा अन्य अधिकारको अनुगमन सरह खुला श्रोतको प्रयोग गर्न सकिन्छ। खुल्ला श्रोतलाई अप्रत्यक्ष सूचना सङ्कलन गर्ने कार्य पनि भनिन्छ। यस श्रोत अन्तर्गत सञ्चार श्रोतहरू, मानवअधिकारको सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू तथा जिम्मेवार सरकारी निकायहरू पर्दछन्। उजूरी, सञ्चार माध्यमहरूमा छापिएका वा प्रसारण भएका समाचारहरू, स्थानीय मानवअधिकारकर्मी, स्थानीय सरोकारवाला निकायहरू, प्रशासन, पीडित, घटना एवं अवस्थाको बारेमा जानकार व्यक्तिहरू, स्थानीय जनप्रतिनिधि वा निकाय लगायतका श्रोतहरू अनुगमनका आधारभूत खुल्ला श्रोत हुन्। सक्रिय सूचना सङ्कलनको क्रममा अनुगमनकर्ता वास्तविक रूपमा सक्रिय हुनु पर्दछ। यस क्रममा अन्तर्वार्ता लिने, अवलोकन गर्ने, स्थलगत भ्रमण गर्ने आफ्नो संयन्त्रको विश्वसनीय तरिकाबाट प्रयोग गर्ने कार्य गर्नुपर्दछ। सङ्कलन गरिएका सूचनाहरू जहिले पनि यथार्थ र वस्तुपरक हुनु आवश्यक छ। सूचनाहरूको सधैँ दोहरो परीक्षण र प्रमाणीकरण हुनु आवश्यक छ।

अनुगमनको लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड, नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेखित कार्यक्रमहरू र त्यसको सही कार्यान्वयन भए नभएको विषयमा पनि सूचना सङ्कलन गर्नु आवश्यक हुन्छ। उदाहरणको लागि शिक्षाको अधिकार अन्तर्गत समयमा नै विद्यार्थीहरूले पाठ्यपुस्तक प्राप्त गर्न नसकेको विषयमा अनुगमन गर्नुपरेमा सो सम्बन्धमा आफ्नो संस्थामा दर्ता भएको उजुरी, उजुरी सम्बन्धमा सञ्चार माध्ययमहरूमा प्रकाशित एवम् प्रसारित समाचारहरू, स्थानीय मानवअधिकारकर्मी, सम्बन्धित जिल्ला शिक्षा कार्यालय, शिक्षक सङ्गठनहरू, विद्यार्थी सङ्गठनहरू तथा अभिभावक सङ्घ लगायतका निकायहरूबाट सूचनाहरू प्राप्त गर्न सकिन्छ।

### ५.२ सूचनाहरूको प्रमाणिकरण र समस्याको निर्धारण

पहिलो चरणमा सूचना सङ्कलन गरिसकेपछि दोश्रो चरणको कार्य शुरू गर्नुपर्दछ। यस अवस्थामा पहिलो चरणमा प्राप्त सूचनाहरूको प्रमाणिकरण गर्दै समस्याहरूको पहिचान गरिनु पर्दछ। पहिलो चरणमा सङ्कलन गरिएका सूचनाहरूको सङ्कलनबाट समस्याको निर्धारण यस चरणमा हुन्छ।

अनुगमन के विषयमा गरिनुपर्ने ? कोसँग भेट्नु पर्ने ? जानकारी कोसँग लिनुपर्ने ? कुन निकायको भ्रमण गर्नुपर्ने लगायतका विषयहरूमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। यसले अनुगमन गर्नुपर्ने विषय र समस्याको बारेमा प्रष्ट पार्न सहयोग गर्दछ। माथि उल्लिखित सरोकारवालाहरूसँगको छलफल र आफ्नो अवलोकन तथा अध्ययनसमेतको आधारमा अनुगमन गरिनुपर्ने विषयको समस्या के हो भनी पत्ता लगाउन र विश्लेषण गर्न यस चरणमा गरिएको अनुगमनले सहज बनाउँछ।

यस चरणमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार मध्ये कुन अधिकार उल्लङ्घन भइरहेको वा हुन सक्ने अवस्थामा छ ? उल्लङ्घन कुन किसिमको छ त्यसको बारेमा पनि प्रष्ट हुनु आवश्यक हुन्छ। विभिन्न प्रकारका मानवअधिकारको

---

19 ऐ.ऐ. पृष्ठ ५८

20 थप जानकारीको लागि हेर्नुहोस् www.ohchr.org/Documents/Publications/Chapter20-48pp.pdf

21 www.ohchr.org/Documents/Publications/Chapter20-48pp.pdf page 5

उल्लङ्घन भइरहेको अवस्थामा त्यसको प्रवृति कस्तो छ ? अनुगमन गरिने वा गरिएको विषयमा मानवअधिकार उल्लङ्घन हुने क्रम बढेको वा घटेको अवस्थामा पनि प्रष्ट हुनु पर्दछ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारभित्र पनि स्वास्थ्य, शिक्षा, आवास, खाद्यान्न वा अन्य कुनै विषयमा विभेद भएको वा सेवा उपलब्ध गराउन अस्वीकार गरिएको के छ ? यी विषयहरूमा ध्यान दिइ वास्तविक समस्याको निर्धारण गरिनु पर्दछ।

### ५.३ मूल कारणको पहिचान

अनुगमन गर्ने क्रममा तेश्रो चरणमा समस्याको मूलकारणको पहिचान गर्नुपर्छ। मानवअधिकार अवस्था सन्तोषजनक किन हुन सकेन भन्ने तथ्य यस चरणमा प्राप्त गरिन्छ। मुलकारणको पहिचान गर्ने कार्य सामान्यत: जटिल हुने भएपनि यसको अभावमा अनुगमन पूर्ण हुन सक्दैन। त्यसैले यस चरणमा दोश्रो चरणमा सङ्कलन गरिएका सूचनाहरूको विश्लेषण गरी मानवअधिकार उल्लङ्घन वा अवस्थाको मुलकारण पहिचान गर्नुपर्दछ। मुलकारण पहिचान गर्न नसकिएमा अनुगमन गर्ने निकाय वा टोलीले मानवअधिकारको सम्मान तथा संरक्षण गर्न एवम् राज्यको दायित्वलाई पुन: बल प्रदान गर्न सक्ने अवस्था पनि नहुन सक्दछ।

मुलकारणको पहिचान गर्न नसकिएमा अनुगमनकर्ता माथि विश्वसनीयता कायम रहन नसक्ने हुन्छ। मुलकारणको पहिचान गरी सुझाव एवं सिफारिश गर्न नसक्दा आगामी दिनमा पनि विगतका घटनाहरू दोहोरिइरहने अवस्था आइ नै रहन्छ। त्यसैले अनुगमनका सर्वमान्य सिद्धान्तको आधारमा कारण पहिचान गर्ने कार्यमा अनुगमन टोली सम्पूर्णरूपमा केन्द्रीत रहनु पर्दछ। यस क्रममा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रचलन हुन नसक्नु वा त्यसको उल्लङ्घन हुनुको कारणसम्म पुग्नु पर्दछ। यसले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार हननका परिस्थिति र परिवेश के हो ? अधिकार हनन् हुनुको पछाडि प्रोत्साहन गर्ने तत्वहरू के के हुन् ? कुन परिस्थिति र कारणबाट आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उल्लङ्घन गर्न प्रोत्साहित र उत्प्रेरित भएको हो ? निरन्तर अधिकार हनन् हुनुका कारणहरू के के हुन ? र त्यस्तो उल्लङ्घनको कार्य रोक्नकोलागि अधिकारप्राप्त निकायद्वारा कुनै प्रयास गरेको छ, छैन भन्ने जस्ता विषयहरूमा ध्यान दिनु पर्दछ।

### ५.४ भविष्यमा गरिनु पर्ने कार्यहरूको लागि सुझाव तर्जुमा

तेश्रो चरणसम्म गरिएका कार्यहरू समाप्त भएपछि प्राप्त हुने तथ्यहरूको आधारमा अनुगमनकर्ताले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार आवस्थाको सुधार र आगामी दिनमा गरिनुपर्ने कार्यहरूको लागि सम्बन्धित पक्ष वा निकायका लागि सिफारिश तयार गर्नुपर्दछ। सुझाव एवं सिफारिशहरू तथ्य र कानुनको आधारमा तयार गर्नुपर्दछ। सिफारिश तथा सुझाव तर्जुमा गर्दा सधैं यथार्थपरक र परिणाममुखी हुनु पर्दछ। सिफारिशहरूमा तत्कालीन र दीर्घकाली रूपमा गरिनुपर्ने कार्य र कार्यान्वयन गर्ने निकाय लगायतका विषयहरू खुलाउनु आवश्यक हुन्छ।

आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अनुगमनपछि उल्लङ्घनका घटनाहरूको प्रचलन रोक्ने उपायहरू, पीडितको उपचारको व्यवस्था, पीडकलाई गरिनुपर्ने कानुनी कारबाहीको प्रकार लगायतका विषयहरू महत्वपूर्ण हुन्छन्। सुझाव तथा सिफारिशहरू जहिले पनि लचिलो, लक्षित र समयावधि तोकिएको हुनुपर्छ। सिफारिशमा मापनयोग्य तत्कालीन तथा दीर्घकालीन रूपमा गरिनुपर्ने कार्यहरूको बारेमा उल्लेख गरिनु पर्दछ।

### ५.५ परिवर्तनका लागि कार्य ढाँचा तयार गर्ने

अनुगमनको पाँचौ चरणमा परिवर्तनका लागि कार्य ढाँचा तयार गर्नु पर्दछ। प्राप्त तथ्य र त्यसको विश्लेषणबाट निस्किएको समस्याको समाधानार्थ के गर्ने ? त्यसको कार्य योजना बनाउनु आवश्यक छ। यसरी तयार गरिने ढाँचामा कुन आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उल्लङ्घन भएको हो त्यसको वास्तविक अवस्थालाई सम्बोधन हुने के गर्नुपर्छ भनी ढाँचा तयार गर्नु पर्दछ। यस चरणमा घटना हुनुका कारणहरूलाई सम्बोधन गर्ने उपाय पनि उल्लेख हुनु आवश्यक छ। यसको लागि परिवर्तनको अनुभूति गराउने किसिमले अदालतमा मुद्दा दर्ता गराउने, वकालत गर्ने, वा अन्य के कार्ययोजना बनाई लागु गर्ने प्रष्ट कार्यक्रमको उल्लेख हुनु पर्दछ। साथै आफूले गरिरहेको परिवर्तनको कार्य योजनामा कुन निकाय/संस्थाले के गर्ने स्पष्ट हुनु जरूरी छ। उदाहरणको लागि ध्यानाकर्षण गराउने, सम्बन्धित पक्षलाई नै अनुसन्धान गर भनी अनुरोध गर्ने, क्षतिपूर्ति दिलाउनको लागि पहल र प्रयत्न गर्ने, दोषी माथि कानुनी कारबाही गर्ने, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा ध्यानाकर्षण गराउने वा सहयोग माग गर्ने यी विषयहरू कार्य ढाँचामा तयार गरिनु पर्दछ।

अनुगमनका माथि उल्लिखित चरणहरू पूरा भएपछि आफूले गरेको सिफारिश वा सुझाव कार्यान्वयनको निरन्तर अनुवर्ति कार्य (Follow Up) गरिरहनु पर्दछ। माथि उल्लिखित तथ्यहरूबाट आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अनुगमनमा पनि अन्य अधिकारहरूको सरह संयुक्त राष्ट्रसङ्घीय दस्तावेजहरूमा स्वीकार गरिएका अनुगमन सिद्धान्तहरूको पालना जरुरी हुन्छ।[२२] यी सिद्धान्त अर्न्तगत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमनको लागि आफूले प्राप्त गरेको अधिकार र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी मापदण्डको बारेमा जानकारी र ज्ञान हुनु जरुरी छ। अनुगमनको क्रममा गोपनीयता, सुरक्षा, संवदनशीलता पनि त्यति कै महत्वपूर्ण हुन्छ। व्यवसायिकता, निष्पक्षता, परामर्श, अन्य अधिकारीहरूको सम्मान, विश्वसनीयता, धैर्यता जस्ता विषयहरू पनि अनुगमनका आधारभूत सिद्धान्तहरू हुन्। अनुगमन गर्ने क्रममा व्यावसायिक गुण प्रदर्शन हुनु

[22] http://www1.umn.edu/humanrts/monitoring/chapter5.html

आवश्यक छ। व्यावसायिकताको अभावमा अनुगमनको सही परिणाम प्राप्त हुन नसक्ने हुँदा यसलाई पनि अनुगमनको एक सिद्धान्तको रूपमा लिइन्छ।

अन्त्यमा, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन ती अधिकारको परिपूर्ति, उल्लङ्घनका घटनाहरू र त्यस्ता घटनाहरूको संरक्षणार्थ चालिएका कदम र त्यसबाट देखिएको परिणाम समेत प्राप्तिको लागि हुन्छ। यसबाट राज्यले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रचलनका लागि गरिरहेका, त्यसमा भएको कमजोरी र अगामी दिनमा चालिनु पर्ने कदमसम्बन्धी तथ्य प्राप्त हुन्छ। जसले देशलाई मानवअधिकारमुखी पद्धतिको विकास निर्माण गर्ने कार्यमा सहयोग पुग्दछ। यसले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उपभोगकर्ताको अधिकार प्रचलनमा सहयोग पुऱ्याउने निश्चित छ। तर, अझैपनि यो क्षेत्र अनुगमनको प्राथमिकतामा परेको अवस्था छैन। तसर्थ मानवअधिकार राष्ट्रिय संस्था, मानवअधिकार क्षेत्रमा कार्यरत सबै सङ्घसंस्थाहरू र नागरिक स्तरबाट पनि यस अधिकारको प्रयोग सुनिश्चतताको लागि समान चिन्ता र कार्य आवश्यक देखिन्छ। यी अधिकारकोलागि सरकारको सक्रिय सकारात्मक प्रयास अपरिहार्य छ।

**सन्दर्भ सामग्रीहरू**


आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी प्राय: सोधिने प्रश्नहरू, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय

नेपालको अन्तरीम संविधान २०६३

सर्वोच्च अदालतबाट वि.सं. २०६३ र २०६४ मा प्रकाशित नेपाल कानुन पत्रिकाहरू

नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू, राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय २०६८ ( A User's Guide, Indicators for Monitoring Economic, Social And Cultural Rights in Nepal, National Human Rights Commission, Government of Nepal and United Nations Human Rights Office of the High Commissioner Nepal, September 2011)

मर्यादित जीवन, सामाजिक न्याय, विकास र समृद्धिका लागि मानवअधिकार: राष्ट्रिय मानवअधिकार आयोग र लुथरन विश्व फेडेरेशन नेपाल, मंसिर २०६९

संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अकिार विषयक अनुबन्ध १९६६

Handsbook for National Human Rights Institutions, Economic, Social and Cultural Rights, Office of the United Nations High Commissioner for Human Rights, United Nations New York and Geneva 2005, Professional traning series No. 12,

Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008

United Nations Human Rights Office of the High Commissioner; MANUAL ON MONITORING, MONITORING ECONOMIC, SOCIAL AND CULTURAL RIGHTS, Chapter 20

www1.umn.edu/humanrts/monitoring /chapter5.html

www.ohchr.org/EN/ProfessionalInterest/ Pages/Vienna.aspx



**मानवअधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको**

## मानवअधिकार शिक्षा कार्यक्रम

| क्र.सं. | जिल्ला | रेडियो स्टेन | फ्रिक्वन्सी |
|---|---|---|---|
| १ | झापा | भिजन एफ.एम | ९१.६ |
| २ | मोरङ | पूर्वेली आवाज | ९८.४ |
| ३ | सुनसरी | रेडियो परिवर्तन | ८९.४ |
| ४ | सिराहा | रेडियो समग्र | १०७.८ |
| ५ | रामेछाप | रेडियो तीनलाल | ८८.६ |
| ६ | मकवानपुर | रेडियो मकवानपुर | १०१.३ |
| ७ | काठमाडौं | मेरो एफएम, काठमाडौं | ९३.५ |
| ८ | चितवन | रेडियो चितवन | ९४.६ |
| ९ | कास्की | रेडियो गण्डकी | ९०.२ |
| १० | तनहुँ | रेडियो तनहुँ | ९७.२ |
| ११ | गुल्मी | रेडियो स्काइ | ८८.४ |
| १२ | बाँके | कृष्णसार एफएम, कारकाँदो | ९४ |
| १३ | सुर्खेत | रेडियो भेरी | ९८.६ |
| १४ | डोटी | शैलेश्वरी एफएम | १०५.९ |
| १५ | बझाङ | सेती एफएम | ९३.६ |
| १६ | बाजुरा | रेडियो बाजुरा | १०४ |
| १७ | बैतडी | सौगात एफएम | १०३.६ |
| १८ | डडेल्धुरा | अमरगढी एफएम | ९७.४ |
| १९ | कञ्चनपुर | महाकाली एफएम | ९४.४ |



**रेडियो नेपालबाट प्रत्येक शनिबार विहान ८:२५ बजेदेखि ८:४० बजेसम्म**
**तथा देशभर १९ वटा स्थानीय एफएमहरू**

***हरेक आइतबार विहान ७:३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रशारण भइरहेको छ। सुन्न नभुल्नु होला।***

यो कार्यक्रम आफूले चाहेका बखत
www.insec.org.np र www.nepalmediaonline.com
लग अन गरी संसारका जुनसुकै स्थानमा पनि सुन्न सक्नुहुन्छ।

# नेपालमा शिक्षाको अधिकार

**नेपालमा शिक्षाको अधिकारसम्बन्धी यथेष्ठ कानुनी व्यवस्था देखिए पनि राज्यले स्वीकार गरेको शिक्षा प्रणालीले अपेक्षित सफलता दिन नसकेको अवस्था जगजाहेर छ। भर्खरै २०६९ सालको प्रवेशिका परीक्षाको नतिजाले पनि सबैलाई झस्काएको छ।**



सुशील चौधरी

**परिचय**

विकासको आधार ज्ञान हो। शिक्षाको तहगत मार्गबाट ज्ञान प्राप्ति उक्लँदै जाँदो रहेछ भन्ने कुरा मानवविकासको इतिहास अध्ययन गर्दा स्पष्ट हुन्छ। शिक्षाको आयमको खोजी गर्दा दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक स्वरुप पाउन सकिन्छ। राणाशासन कालमा सुरु भएको शैक्षिक प्रयासमा नियन्त्रित र आफ्ना परिवारका लागि शिक्षा नीति अवलम्बन गरिएको थियो। राणा शासनको अन्त्यपछि एक दशक नेपालमा अन्योलपूर्ण शिक्षाको अवस्था रह्यो भने राजा महेन्द्रले जननिर्वाचित सरकारलाई कू गरी पञ्चायती शासन लादेपछि राजभक्तिपूर्ण शिक्षा सुरु गरियो। राष्ट्र र राजमुकुटप्रति अस्थावान रहनुपर्ने कुरा शिक्षाको नीतिगत उद्देश्यमा समावेश गरियो। ०४६ को परिवर्तनपछि शिक्षामा खुल्ला वातावरण त आयो तर देश सुहाउदो भन्दापनि परावलम्बी शिक्षा सुरु भयो। वि.सं २००४ सालमा चलेको "जयतु संस्कृतम्" होस् की २०३६ सालमा पाकिस्तानका नेता जुल्फीकार अली भुट्टोका फाँसीविरुद्ध भएको विद्यार्थी आन्दोलन होस् शैक्षिक आन्दोलनका रूप थिए।

शिक्षा के हो भन्ने सन्दर्भमा आदिकालदेखि नै चिन्तन मनन र बहस, विमर्श हुँदै आएको देखिन्छ। शिक्षा विद्यालय, महाविद्यालय आदिमा र घरमै पनि नियमित रूपमा अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने काम, ज्ञान दिने वा लिने काम विद्या, सिकेर सुनेर वा अन्य कुनै पनि प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक तथा व्यवहारिक विषयको बोधको रूपमा नेपाली बृहत् शब्दकोशमा अर्थ्याइएको छ। शिक्षाको मूल उद्देश्य जागृति हो, जागिर होइन, जीवन हो जीविका होइन, असल बन्नु हो, सफल बन्नु होइन। त्यसैले त शिक्षाशास्त्रीहरूले "विद्या ददाति विनयं विनयाद्याति पात्रताम्, पात्रत्वात् धनमाप्नोति, धनात् ततः सुखम्" भनी विद्याको महिमा गायन गरेका छन्। शिक्षाको परिभाषा नै फरक देखिन्छ, शिक्षालाई विषयकेन्द्रित नबनाएर जीवनकेन्द्रित बनाउनु पर्दछ। शिक्षालाई बाँच्ने कला मात्र नमानी समग्र जीवनको कलाको रूपमा स्वीकार गर्नुपर्दछ। त्यसैले शिक्षाको औचित्य र आवश्यकता दर्शाउन भनिन्छ "शिक्षासुधारे सकलो सुधार, शिक्षाविकारे सकलो विकार"।

दार्शनिक सुकरातले त्रुटि पहिचान गरी सत्यको खोजी गरिनु शिक्षा हो भनेका छन्। प्लेटोले गणराज्यलाई बलियो बनाउनका लागि राज्यले नागरिकहरूलाई नागरिक शिक्षा दिनुपर्ने बताएका छन्। अर्का चिन्तक इडमर्क बर्कले शिक्षा एक पुस्ताबाट अर्को पुस्तामा संस्कृति फिँजाउने माध्यम हो भनेका छन्। हालसम्मको इतिहास वर्गसङ्घर्षको भएको बताउने विद्वान कार्लमार्क्सले शिक्षालाई समाज परिवर्तनको औजार हो भनेका छन्।

**शिक्षाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा प्रावधानहरू**

शिक्षाको अधिकारका श्रोतहरूको कुरा गर्दा दोश्रो विश्वयुद्धको समाप्तीसँगै जन्मेको संयुक्त राष्ट्रसङ्घको विशेष पहलमा सन् १९४८ मा मानवअधिकारको विश्वव्यावी घोषणापत्रलाई लिन सकिन्छ। घोषणपत्रको धारा २६ मा भनिएको छ - "प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनु पर्दछ। कमसेकम प्रारम्भिक अवस्थामा शिक्षा निःशुल्क हुनु पर्दछ। छोराछोरीलाई दिइने शिक्षाको छनाटै गर्ने पहिलो अधिकार आमा बाबुको हुनु पर्दछ।"

शिक्षाको अधिकारकालागि बलियो आधार आर्थिक, सामाजिक तथा साँस्कृतिक आधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ ले दिन्छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ मा शिक्षाको अधिकारको स्पष्ट व्यवस्था रहेको छ।

बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, पनि शिक्षाको अधिकारको लागि अन्तर्राष्ट्रिय आधार स्तम्भ हो। महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलनसम्बन्धी महासन्धि १९७९, को भाग ३ धारा १० मा "पक्षराष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नको लागि

**तालिका १ : छात्रवृत्तिको प्रावधान**

| छात्रवृत्तिको किसिम | लक्षित मुदाय | रकम |
|---|---|---|
| दलित छात्रवृत्ति | सबै दलित विद्यार्थीहरू | ३ सय ५० प्रति विद्यार्थी प्रत्येक वर्ष |
| छात्रा छात्रवृत्ति | ५०% छात्राहरू (विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ) | ३ सय ५० प्रति विद्यार्थी प्रत्येक वर्ष |
| शहीद छात्रवृत्ति | शहीद परिवारका बच्चाहरू (जिल्ला शिक्षा कार्यालयबाट शहीद परिवार पहिचान गर्ने) | १ हजार प्रति विद्यार्थी प्रत्येक वर्ष |
| कमलहरी छात्रवृत्ति | सबै कमलरी बालबालिकाहरू | १ हजार प्रति विद्यार्थी प्रत्येक वर्ष |
| अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति | सबै अपाङगता भएका बालबालिकाहरू | ५ सय देखि १५ हजार प्रति विद्यार्थी प्रत्येक वर्ष (अपाङ्गताको अवस्था हेरेर) |

*Source: http://www.moe.gov.np/attachments/article/32/SSRP%20English.pdf*

महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदमहरू चाल्नेछन्" भनिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि २००६ को प्रस्तावनामा "सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सर्वव्यपकता, अविभाज्यता, अन्तरनिर्भरता तथा अन्तरसम्बद्धता साथै अपाङ्गता भएका व्यक्तिहरूलाई बिना कुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रत्याभूति दिनुपर्ने उल्लेख गरिएको छ।

संयुक्त राष्ट्रसङ्घीय सहश्राब्दी विकास लक्ष्य २००० का ८ ओटा लक्ष्य मध्ये दोश्रो लक्ष्य "विश्वव्यापी प्राथमिक शिक्षाको उपलब्धता " रहेको छ। नेपाललगायत विश्वका ७ करोड ५० लाख विद्यालय जाने उमेरका बालबालिका विद्यालय बाहिर रहेको तथ्यलाई हृदयङ्गम गर्दै सन् २०१५ सम्ममा सबैलाई विद्यालयसम्म पुऱ्याउने लक्ष्य रहेको छ। र सबैकालागि शिक्षा कार्ययोजना (२००१-२०१५) डकार घोषणाले पूर्व प्राथमिक शिक्षामा पहुँच बढाउने, निःशुल्क र अनिवार्य शिक्षा दिने, लैङ्गिक असमानता घटाउने र गुणस्तर बढाउने लक्ष्य लिएको छ , नेपालले पनि यस कार्ययोजनालाई प्राथमिकताका साथ लागु गरेको छ।

**शिक्षाको अधिकारसम्बन्धी राष्ट्रिय कानुनी प्रावधान**

नेपाल विश्वका दश प्रचीनतम् देश मध्ये एक हो। प्राचीनकालमा वैदिक तथा गुरुकुलीय शिक्षा पद्धति प्रचलित रहेको पाइन्छ। आदिवासी जनजाति समुदायमा परम्परागत शिक्षा परम्परा स्थापित थियो। यो समुदायमा पुस्ता दरपुस्ता भाषा, साहित्य, कला र संस्कृति हस्तान्तरण गर्ने आफ्नै तरिकाहरू थिए। नैतिक शिक्षा र प्रयोगात्मक शिक्षा प्रचलित थियो। बाइसे चौबीसे राजाहरूको अस्तित्व रहेका नेपालमा युद्धकला शिक्षा त्यसबेलाका राज्यका शिक्षाका क्षेत्र थिए। मुख्यतया: जङ्गबहादुर राणाले बेलायत यात्रापछि आफ्ना सन्तान र भाइ भारदारहरूको छोराछोरीहरूलाई शिक्षा दिन विक्रम सम्वत् १९१० मा दरबार स्कुल खोले। यो नै नेपालमा राज्यले सुरुवात गरेको पहिलो शैक्षिक संस्था थियो। त्यसपछि क्रमश: विद्यालय खोल्ने क्रम बढ्यो। सुधारवादी राणा प्रधानमन्त्री देव शमशेरको पालामा धेरै विद्यालयहरू सञ्चालनमा आएको मानिन्छ। त्यसपछि पद्म शमशेरको पालमा पनि धेरै विद्यालय खुलेको भेटिन्छ। कडा मिजासका भएपनि चन्द्र शमशेरले समयको प्रवाहलाई रोक्न नसकी त्रि चन्द्र कलेज स्थापना गरे। उनले त्यो कलेजको उद्घाटन गर्दा आफूले आफ्नो खुट्टामा आफैं बञ्चरो हानेको बताएको प्रसङ्ग स्मरण गरिन्छ। २००४ सालको जयतु संस्कृतम्को आन्दोलनलाई सङ्गठित शैक्षिक आन्दोलन मानिन्छ। २००७ सालको क्रान्तिपछि नेपाल राष्ट्रिय शिक्षा आयोग २००८ गठन भइ शिक्षाको विकासका लागि राज्यतहबाट प्रयास थालिएको देखिन्छ। सर्वाङ्गीण राष्ट्रिय शिक्षा पद्धति २०१८, राष्ट्रिय शिक्षा पद्धति २०२८ गठन भइ शिक्षा विकासका लागि सिफारिसहरू गरिएका थिए। सोही अनुरुप शिक्षा ऐन २०२८ जारी भई शिक्षा क्षेत्रमा कानुनी व्यवस्था शुरु भयो। ऐतिहासिक जनआन्दोलन १९९० पछि जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ ले शिक्षाको हकलाई मौलिक हकको रूपमा मान्यता प्रदान गऱ्यो। त्यसपछि पनि विभिन्न आयोगहरू गठन गरी शिक्षालाई समायानुकुल बनाउन सिफारिसहरू गरिएका छन्। मातृभाषामा शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा जस्ता अनेकौं नीतिहरू, नियम तथा नियमावलीहरू आएका छन्। नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को धारा १७ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हकको व्यवस्था रहेको छ।

अपाङ्गता पुनर्स्थापना ऐन २०३९, विशेष शिक्षा नीति २०५३, दलित, छात्रा, शहीद परिवारका बालबालिका, सीमान्तीकृत समुदायका बालबालिका, जनजाति, मधेशी मुस्लिम समुदायका बालबालिकाका लागि

छात्रवृत्तिको व्यवस्था पनि गरिएको छ। कर्णालीका बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था रहेको छ भने द्वन्द्वपीडित बालबालिकाहरूलाई पनि माध्यमिक विद्यालयसम्म छात्रवृत्तिको व्यवस्था रहेको छ। यसका साथै संस्थागत विद्यालयहरूले पनि १० प्रतिशत कोटा जेहेन्दार तथा गरीब परिवारका बालबालिकालाई छात्रवृत्ती उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। विश्वविद्यालयहरूमा पनि विभिन्न छात्रवृत्तिको व्यवस्था रहेको छ।

सर्वोच्च अदालतले २०६० कार्तिक २८ गते रिट नं ३६६६ बाबुराम महर्जन र रिट नं ३५६८ सुदर्शन सुवेदीले दायर गरेको दुवै मुद्दाको फैसला गर्दै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, शिक्षा मन्त्रालयको नाममा जारी गरिएको आदेशमा अन्धा, अपाङ्गता, बहिरा तथा सुस्तमनस्थिति भएका व्यक्तिहरूलाई नेपालभरीका सम्पूर्ण सार्वजनिक विद्यालय, विश्वविद्यालय तथा तालिम केन्द्रहरूमा निःशुल्क भर्ना गरी गराई निजहरूबाट भर्ना भएपछि कुनै पनि किसिमको सेवा शुःल्क नलिनु, लिन नलगाउनु भनिएको छ।

आर्थिक वर्ष २०७०-०७१ का लागि आएको नीति तथा कार्यक्रममा आधारभूत शिक्षाको पहुँचमा विस्तार, शैक्षिक गुणस्तरमा सुधार, व्यावसायिक शिक्षाको विकास र विद्यालय शिक्षाको नतिजा सुधार गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ। प्रत्येक जिल्लाका उत्कृष्ट दुई सामुदायिक विद्यालयलाई ५ लाखको दरले अनुदान उपलब्ध गराउने र ती विद्यालयले जिल्लाका अन्य विद्यालयलाई अनुभव आदान प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गर्ने उल्लेख छ। यसैगरी जिल्ला शिक्षा कार्यालयका जिम्मेवार व्यक्तिहरूको मूल्याङ्कन विद्यालयको नतिजालाई आधार बनाउने बताइएको छ। यस प्रावधानको व्यवहारिक कार्यान्वयन भएमा जिम्मेवार निकायलाई जवाफदेही बनाउन पक्कै सघाउने छ।

**निष्कर्ष**

नेपालमा शिक्षाको अधिकारसम्बन्धी यथेष्ठ कानुनी व्यवस्था देखिए पनि राज्यले स्वीकार गरेको शिक्षा प्रणालीले अपेक्षित सफलता दिन नसकेको अवस्था जगजाहेर छ। भर्खरै २०६९ सालको प्रवेशिका परीक्षाको नतिजाले पनि सबैलाई झस्काएको छ। ६० प्रतिशत परीक्षार्थी अनुत्तीर्ण हुनुमा को को जिम्मेवार छन् ? यो सवाल शिक्षाको अधिकारसँग तादत्म्य राख्दछ की राख्दैन ? वार्षिक बजेटको सबैभन्दा बढी बजेट खर्च हुने शिक्षा क्षेत्रको यो वेथितिले विद्यार्थीको शिक्षाको अधिकारमा बाधा पुऱ्याउँछ की पुऱ्याउँदैन ? शिक्षा प्रणालीमा देखिएको दोहरोपन, अनुगमनको अभाव, राजनीतिक अस्थिरता र शिक्षा व्यवस्थापनमा राजनीतिक हस्तक्षेप, अभिभावकहरूको उदासिनता शिक्षा क्षेत्रका मुख्य समस्या हुन्। मातृभाषामा शिक्षा नीति विधिवत रूपमा स्वीकार गरिएपनि कार्यान्वयनतर्फको उदासीनताले खासै उपलब्धी हासिल हुन सकेको अवस्था छैन। पूर्व प्राथमिक शिक्षामा पहुँच बढाउने, निःशुल्क र अनिवार्य शिक्षा दिने, लैङ्गिक असमानता घटाउने र गुणस्तर बढाउने जस्ता महत्वपूर्ण लक्ष्य लिएर थालनी गरिएको सबैको लागि शिक्षा कार्ययोजनाले जुनरूपमा उपलब्धी हासिल हुनुपर्ने हो नभएको तथ्य पनि हामीसँग छ। शिक्षा विभागको पछिल्लो तथ्याङ्कअनुसार अझै ५ प्रतिशत विद्यालय जाने उमेर पुगेका बालबालिकाले विद्यालयको ढोका टेक्न पाएका छैनन् भने पनि शिक्षा क्षेत्रका जानकारहरू करिब १० प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेको दावी गर्छन्। सन् २०१५ सम्म सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाको यो पनि एक चुनौति छ। यसका साथै विद्यालय भर्ना भएका विद्यार्थीहरूलाई विद्यालयमा टिकाउन झनै कठिन रहेको कुरा तथ्याङ्कहरूले देखाएका छन्। विद्यालयको भौतिक पूर्वाधार। श्रोत साधनको व्यवस्था, शिक्षक विद्यार्थीको अनुपात र सामुदायिक विद्यालयले निर्वाह गर्नुपर्ने दायित्व र सिकाई उपलब्धीमा पनि सुधार गर्ने जस्ता महत्वपूर्ण पक्षमा ध्यान दिने कुरा शिक्षा निर्देशिका २०७० मा उल्लेख गरिएको छ। समाजशास्त्री चैतन्य मिश्रका अनुसार ०४६ पछि सापेक्षिक विकास भएको क्षेत्र शिक्षा हो र नीजि क्षेत्रको शिक्षाले विशेष मोड लिएको छ। तर पनि शिक्षामा यति विधि बेथिति किन ? प्रश्न गम्भीर छ।

**सन्दर्भ सामग्री सूचिः**


१. नेपालको अन्तरिम संविधान २०६३

२. शिक्षा ऐन २०२८ (संशोधन सहित )

३. शिक्षा नियमावली २०५९

४. http://www.doe.gov.np/homePage-bmg= बहुभाषिक शिक्षा कार्यक्रम कार्यन्वयन निर्देशिका २०६६

५. इन्सेक, काठमाडौंः। मानवअधिकार ठूला नौ महासन्धि। २०६९, असार

६. www.hrtmcc.org

७. INSEC, Kathmandu: Human Rights Education in Nepal's School Curricula and Textbooks (Inclusion and Implementation Status) Research Report, 2013

८. इन्सेक। नेपाल मानवअधिकार वर्षपुस्तक २०१३। पाँचथरमा मातृभाषामा आधारभस्त शिक्षा, पृष्ठ ( १२५-१३४)

९. योगी,चिन्तामणिः जननी मासिक साउन २०७०: काठमाडौं

१०. तामाङ, अमृत योञ्जन। बहुभाषिक शिक्षाका कुरा। तामाङ समाज, जापान, टोकियो, २०६९, वैशाख

११. मिश्र, चैतन्य। बदलिंदो नेपाली समाज : शैक्षिक क्षेत्रका ज्वलन्त चुनौती , जेज १५५, फाइन प्रिन्ट, आइएनसी, झम्सीखेल, नेपाल। २०६७

१२. पोखरेल, ईश्वरीप्रसाद, शिक्षा दर्शन र सामाजिक रुपान्तरणका मुद्दा, शिक्षा-परीक्षा सामग्री केन्द्र (इएमसी), २०६९, काठमाडौं।

# खाद्यअधिकार, कृषि नीति र साना किसान

**सर्वोच्च अदालतले खाद्यअधिकारलाई सम्मानित रूपमा बाँच्न पाउने अधिकारसँग जोड्दै जनतालाई भोकमरीबाट बचाउने दायित्व राज्यको भएको प्रष्ट्याएको छ। तर व्यवहारमा त्यस्तो देखिन्न। भोकमरीसँग लड्न नसकेर आत्महत्या गरेको दुःखद समाचार यदाकदा आइरहन्छ। बजेटमा कृषिबारे जति राम्रा कुरा आए पनि नेपालमा भोकमरी हट्न सकेको छैन।**



■ कृष्णराज सर्वहारी

**विषय प्रवेश**

अर्थमन्त्री शङ्करप्रसाद कोइरालाले असार ३० गते गरेको बजेट भाषणमा कृषिलाई उच्च प्राथमिकतामा राखिएको भनेका छन्। तर नेपालको कृषि नीति कहिल्यै साना किसान मैत्री भएन। जसका कारण देशमा हरेक वर्ष खाद्य सङ्कटको स्थिति आइपर्छ।

छिमेकी मुलुक भारतले आफ्ना किसानहरूलाई मल, बीउ, कृषि औजार लगायतमा विशेष सहुलियत दिन्छ। यसले गर्दा त्यहाँ उत्पादित खाद्यान्नसँग नेपाली किसानको उत्पादनले प्रतिस्पर्धा गर्न सक्दैन। त्यसैले धान उत्पादनको सिजन होस् या गहुँ। भारतबाटै खाद्यान्न भित्रिँदा यहाँका किसानले उचित मोल पाउँदैनन्। किसान आफैँले मोल तोक्ने अवस्था रहँदैन। यस आलेखमा राष्ट्रिय कृषि नीति २०६१ तथा आर्थिक वर्ष २०७०/७१ मा प्रस्तुत गरेको बजेटमा कृषि क्षेत्रलाई दिइएको प्राथमिकताको आधारमा सरकारको कृषि नीति साना किसान मैत्री भए नभएको बारे चर्चा गरिएको छ।

**राष्ट्रिय कृषि नीति २०६१ मा के छ ?**

राष्ट्रिय कृषि नीति २०६१ मा निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहने भनिएको छ। त्यस्तै, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीमा आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने भनिएको छ। यी बाहेक राष्ट्रिय कृषि नीतिको विभिन्न मुख्य बुँदा यस प्रकार छन्-

- वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैरकृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ। यसो भनिए पनि कृषियोग्य जमिन धमाधम घरघडेरीका लागि प्लटिङ भइरहेका छन्। उल्टै तिनीहरूलाई नै प्रोत्साहित गरिएको छ। पृथ्वीनारायण शाहले "खानी भयाको ठाउँमा बस्ती भया, गाउँ सारी खानी जोगाउनु" भनेर दिव्योपदेशमा भनेका छन्। तर यहाँ कुनै खानी उद्योग भन्दा कम नरहेका हरिया फाँटलाई प्लटिङ कार्यमा जोड दिइएको छ, न की कृषि उद्यममा। पछिल्लो समयमा खासगरी काठमाडौं र त्यस वरपर जग्गा भाडामा लिई व्यावसायिक खेती गर्नेहरू बढेका छन्। तर तिनले पनि सरकारले आफूहरूलाई प्रोत्साहन नगरेको गुनासो गर्दै आएका छन्।
- कृषि उत्पादन तथा व्यवसाय प्रबर्धनमा आवश्यक कृषि ऋण प्रवाहलाई उत्पादन तथा व्यवसायको प्रतिफलसँग आबद्ध गरी सुनिश्चित गरिने भनिए पनि सर्वसाधारण किसानको पहुँचमा कृषि ऋण आकाशको फल, आँखा तरी मर भएको छ।
- कृषि जनशक्ति उत्पादनका लागि कृषि तथा वन विश्वविद्यालय स्थापना र कृषि कलेजहरूको प्रवर्द्धन गरिने नीति लिइएकोमा कृषि कलेजहरूको सङ्ख्या बढ्नु भन्दा घट्दो छ। कषि तथा वनविज्ञान अध्ययन संस्थानमा सीमित कोटाले वास्तविक कृषिमा लागेका कृषकका छोराछोरीहरूलाई भर्ना पाउन गाह्रो छ।
- कृषिका कार्यक्रमहरूको सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संग्लनता एवम् सहभागितालाई ५० प्रतिशत पुऱ्याइने भनिए पनि कृषिका अधिकांश तालिम गोष्ठीमा पुरुष सङ्ख्या नै हावी देखिन्छ।
- शिक्षित बेरोजगार युवाहरूलाई कृषि पेशामा आकृष्ट गर्न कृषि व्यवसाय स्थापनाको लागि स्थानीय स-सानो पूँजी र अन्य श्रोतको परिचालन तथा प्रवर्द्धन गरी सहकारीको संस्थागत विकास गर्न सम्भाव्य कृषक तथा उद्यमीहरूको समूहलाई सहकारीकरण गर्दै लगिने भनिएको छ। यसको अभ्यास पनि नभएको होइन, खासगरी माओवादी सरकारमा रहेको बेला युवा स्वरोजगार कोषअन्तर्गत सहकारीहरूलाई गरिएको ऋण प्रवाह अति राजनीतिकरणको शिकार भयो। त्यसमा गरिएको ऋण लगानी उठ्ने अवस्था देखिन्न।
- जिल्ला तहमा कृषि विकास समिति र गाविस तहमा कृषि समिति रहने तथा यिनले स्थानीय निकायहरूलाई कृषि नीतिको कार्यान्वयन र अनुगमन गर्न सघाउने भनिएको छ। तर जिल्ला तहमा

यस्ता कृषि विकास समिति गठन भई कति सकृय छन् भन्ने लेखाजोखा त छैन भने गाविस तहमा कृषि समिति रहने कुरा झन कागजमै सीमित छ।

**बजेटमा के छ ?**

सरकारले आर्थिक वर्ष २०७०/७१ मा प्रस्तुत गरेको बजेटमा २१ अर्ब ४० करोड ३१ लाख २७ हजार रुपियाँ विनियोजन गर्दै कृषिको रुपान्तरणमा जोड दिएको छ। कृषि अनुसन्धान कार्यक्रमको लागि मात्रै १ अर्ब ७५ करोड रुपियाँ छुट्याएको छ। मल, बीउ, प्रविधि र यान्त्रिकीकरण लागि अनुदान दिन ६ अर्ब ७ करोड विनियोजन गरेको छ।

मकै उत्पादन अभियानलाई १६ जिल्लामा विस्तार गर्ने योजना बजेटमा छ। यद्यपि तराई मधेशका कतिपय जिल्लामा प्रत्येक वर्ष मकैमा घोगा नलागेर टाउकोमा हात राख्नुपर्ने अवस्था किसानहरूले भोग्दै आएका छन्।

उत्कृष्ट कृषकलाई प्रोत्साहित गर्न राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार स्थापना गर्ने भनिएको छ। राष्ट्रिय, क्षेत्रीय, जिल्लागत कसरी पुरस्कृत गर्ने, त्यो भने खुलाइएको छैन।

यस वर्षको बाढीले किसानहरूको तरकारी लगायत अन्य बालीमा करोडौंको क्षति भएको छ। तर ती किसानलाई कस्तो क्षतिपूर्ति दिने यस्तो कोषबारे बजेट मौन छ। एक गाउँ एक उत्पादन कार्यक्रमलाई २१ जिल्लाबाट विस्तार गरी ३२ जिल्लामा पुऱ्याइएको छ। स्थानीय तहबाटै मलको व्यवस्थापन गर्न ४० जिल्लामा गोठ सुधार कार्यक्रम विस्तार गर्ने भनिएको छ।

तराई तथा मध्य पहाडमा माछा उत्पादनको लागि थप ४ सय ७० हेक्टरमा ३ हजार पोखरी निर्माण गर्न अनुदान उपलब्ध गराउने तथा १८ करोड माछाका भुरा उत्पादन गरी वितरण गर्ने लक्ष्य लिइएको छ। मलेखुको माछा लोकप्रिय भएको भनिए पनि, काठमाडौं कालीमाटीमा जनकपुरका माछा पाइने साइनबोर्ड टाँगिए पनि त्यहाँ कलकत्ता लगायत भारतको विभिन्न स्थानबाट माछा आयात हुने गरेको तीतो यथार्थ छ।

स्याउ आत्मनिर्भर कार्यक्रम लागु भएका कालीकोट, मुगु, जुम्ला, हुम्ला, डोल्पा, मनाङ र मुस्ताङमा स्याउ रोप्ने र ३ वर्षसम्म हुर्काउने किसानलाई प्रतिवर्ष प्रतिबोट १ सय रुपियाँका दरले नगद अनुदान दिने व्यवस्था गरिएको छ। साथै, सुन्तला उत्पादनको लागि पश्चिमाञ्चलका आठ जिल्लामा सुन्तला बगैँचा सुदृढीकरण अभियान सञ्चालन गर्ने भनिएको छ।

अहिले नेपालमा २५.४ प्रतिशत नेपाली गरिबीको रेखामुनि छन्। राष्ट्रिय योजना आयोगले गरिबीका रेखामुनि रहेकाहरूको प्रतिशत २१ मा झार्ने गरी तेह्रौं त्रीवर्षीय योजना (२०७०-०७१, तथा २०७२-०७३) ल्याएको छ। धेरै वर्ष पछि पूर्ण आकारको वार्षिक बजेट आएको छ, त्रिवर्षीय योजना पनि आएको छ। तर बजेटको कार्यान्वयनमा धेरै अर्थशास्त्रीहरूले शङ्का व्यक्त गरेका छन्। यस अघिका बजेट पूर्ण खर्च हुन सकेका छैनन्। आगामी मङ्सिर ४ मा चुनाव नभए यो बजेट अझ प्रभावित हुने देखिन्छ।

**दीर्घकालीन कृषि विकास रणनीति**

कृषि मन्त्रालयका प्रवक्ता तथा सहसचिव डा.प्रभाकर पाठकद्वारा २०७० असार १७ गते प्रेषित विज्ञप्तिअनुसार प्राविधिक सहायता टोलीबाट तयार भएको दीर्घकालीन कृषि विकास रणनीतिको अन्तिम प्रतिवेदन कृषिमन्त्री टेकबहादुर थापा घर्तीलाई बुझाइएको छ। नेपाल सरकारले स्वीकृत गरे पश्चात लागु हुने भनिएको यस कृषि विकास रणनीतिमा यस आर्थिक वर्षको विनियोजित बजेट अनुरुप नै आर्थिक वृद्धि, जीविकोपार्जन, खाद्य र पोषण सुरक्षा हासिल गर्न प्रतिस्पर्धी, दिगो, समावेशी र आत्मनिर्भर कृषिको दूरदृष्टि लिइएकोले १० वर्षे कार्ययोजना सहित २० वर्षको लागि मार्गनिर्देश गर्ने भनिएको छ। जसमा हाल औसत वार्षिक ३ प्रतिशत रहेको कृषि वृद्धिदरलाई औसत ५ प्रतिशत हासिल गर्ने लक्ष्य राखिएको छ। यस रणनीतिक दस्तावेजमा उक्त वृद्धि दर हासिल गर्न सुशासन, उत्पादकत्व वृद्धि, नाफामुलक व्यावसायीकरण र प्रतिस्पर्धात्मक गरी चार ओटा रणनीतिक खम्बाहरू व्यवस्था गरिएको छ।

यसैगरी वर्षैभरि सिँचाइ हुने क्षेत्र १८ बाट ८० प्रतिशत पुऱ्याउने, भूमिको उत्पादकतत्व १६ सय अमेरिकी डलरबाट ५ हजार अमेरिकी डलर प्रति हेक्टर पुऱ्याउने, श्रमको उत्पादकतत्व प्रति ८ सयबाट २ हजार अमेरिकी डलर पुऱ्याउने तथा कृषि वस्तुको निर्यात २ सय ५० मिलियन अमेरिकी डलरबाट १ हजार ६ सय मिलियन अमेरिकी डलरमा पुऱ्याउने लक्ष्य प्रस्ताव गरिएको छ। समावेशी, दीगो, बहुक्षेत्रीय तथा सञ्जालीकरणमा आधारित वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, गरिबी निवारण, व्यापारिक बचत, समतामूलक उच्च आम र कृषकको अधिकार सुनिश्चित गर्ने लक्ष्य लिइएको छ।

**आवश्यकताः कृषि मैत्री नीतिको**

कृषिमा बजेट छुट्याइए पनि वास्तविक किसानसम्म त्यसको उपलब्धता नुहँदा धेरैले कृषि पेशाको विकल्प खोज्न थालेका छन्। खेत बाँझो राखेर विदेश जानेको लर्को यसको स्पष्ट उदाहरण हो।

काठमाडौं महानगरपालिकाले यसै वर्षदेखि प्लाष्टिकमुक्त क्षेत्र घोषणा जस्तो महत्वाकांक्षी योजना ल्याएको छ। जुटको झोला यसको महत्वपूर्ण विकल्प हुन सक्छ। कृषिमा आधारित उद्योग भन्दै जुट उद्योगलाई ७० प्रतिशत विद्युत महसुल छुट दिइएको थियो। तर लोडसेडिङको मारले उद्योगीलाई यो "कागलाई बेल पाक्यो हर्ष न विस्मात झैं" भयो। अहिले जुटको कच्चा पदार्थ भारत र बंगलादेशबाट मगाउनु पर्ने अवस्था छ (पोखरेल, २०७०:१०)। यो त भयो ठूलो उद्योगमा आधारित जुट खेतीको कुरा। अहिलेको समस्या समाधान खेतीमा सुधार आवश्यक छ तर यसको समाधान ठूलो वा कर्पोरेट खेती कदापि होइन।

भूमिअधिकारकर्मी जगत देउजाका अनुसार किसान नेतृत्वको सामुदायिक र सहकारी पद्धतिले मात्र समाधान पस्कन्छ, जसको व्यवस्थापन व्यावसायिक घरानाले हैन, किसान स्वयम्ले गर्न सकून्। किसान मिलेर जग्गा वा बालीमा चक्लाबन्दी गरुन्। जहाँ, कुनै एउटा ठालु नबनोस्। जहाँ परिवारको श्रमले खेतीपाती हुन सक्छ, त्यहाँ श्रमशोषणको सम्भावना न्यून रहन्छ। यसको लागि साना र दीगो खेतीपातीको लागि

जमिनको पुर्नवितरण हुनैपर्छ। दीगो खेतीपाती भनेको जमिनमा किसानको स्वामित्व कायम गरेर उसलाई जमिनमा आधारित उत्पादन र उत्पादकतत्व वृद्धि गर्दै आम्दानी बढाउन मद्दत गर्नु हो (देउजा, २०७०: ७)।

नेपालमा काम गर्ने किसानसँग जमिन कम छ भने काम नगर्नेसँग जमिन बढी छ। त्यसैले काम गर्नेलाई जमिन हस्तान्तरण गर्ने आँट राज्यले गर्नुपर्छ। कृषिसँग सम्बन्धित नीति साना किसान मैत्री बनाइनुपर्छ, (भण्डारी, २०७०: ५) न कि ठूला किसानको हितमा। न भए देशबाट कमैया कमलरी, हरूवा चरुवाहरूलाई मुक्तिको घोषणा गरेर मात्रै केही अर्थ राख्दैन। यसका साथै, गाविसमा छुट्याइएको १५ प्रतिशत कृषि बजेट साना किसानको सङ्गठनमार्फत् उत्पादनमूलक क्षेत्रमा अनिवार्य खर्च गर्नुका साथै यसको उचित अनुगमन गर्नुपर्छ। यसका लागि गाविस तहमा कृषि समितिलाई सकृय बनाइनुपर्छ।

यस वर्ष कूल खाद्यान्न उत्पादनमा आठ प्रतिशतले कमी आउने कृषि विकास मन्त्रालयको प्रारम्भिक अनुमान छ। उत्पादन घट्नुको प्रमुख कारण विगतमा जस्तै मौसमलाई दोष दिइएको छ (विलासी, २०७०: १५)। तर अब मौसमलाई मात्र दोष दिएर उम्किने ठाउँ छैन। उत्पादन बढाउन साना किसान मैत्री कृषि नीति सरकारले अख्तियार गर्नु यसको सर्वोत्तम उपाय हो। यसले नै सबैको खाद्यान्न अधिकार सुरक्षित हुन सक्छ।

**खाद्यअधिकार**

सर्वोच्च अदालतले खाद्यअधिकारलाई सम्मानित रूपमा बाँच्न पाउने अधिकारसँग जोड्दै जनतालाई भोकमरीबाट बचाउने दायित्व राज्यको भएको प्रष्ट्याएको छ। तर व्यवहारमा त्यस्तो देखिन्न। भोकमरीसँग लड्न नसकेर आत्महत्या गरेको दु:खद समाचार यदाकदा आइरहन्छ। बजेटमा कृषिबारे जति राम्रा कुरा आए पनि नेपालमा भोकमरी हट्न सकेको छैन। २०७० वैशाख महिनाको पहिलो साता एक दैनिकमा प्रकाशित समाचार अनुसार चितवनमा वीरबहादुर चेपाङको पेटमा अन्न नपरेको ५ महिना भयो। चेपाङ दिनभर जंगली कन्दमूल, गिठ्ठा, भ्याकुर, वन तरुल खोज्छन्। त्यहीले खानाको रुपमा सपरिवार केवल एक छाक मात्र खाने गर्छन्। वीरबहादुरकी जेठी श्रीमती कालीमाया चेपाङले ५ वर्ष पहिले अनिकाल सहन नसकेर आत्महत्या गरिन्। भोक कस्तो हुन्छ भनेर बिर्सिसकेकी उनकी कान्छी श्रीमती सोनीमाया चेपाङ पनि अनिकाल सहन नसकेर हार्देछिन्। कुनै चलचित्रका दृश्यझैँ लाग्ने यी भोकका कथा कति नेपालीहरूले भोगिरहेका होलान् ? सन् २०१० को कृषि मन्त्रालयको एक तथ्याङ्क अनुसार नेपालमा करिब ७० लाख भन्दा बढी मानिस भोकमरी र कुपोषणको चपेटामा छन्। देशका करिब ४३ जिल्ला खाद्य असुरक्षित छन्। तर राज्यले भोक तथा कुपोषणरहित वातावरण सिर्जना गर्न सकेको छैन।

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किमी मध्ये ३० लाख ९१ हजार हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ। १० लाख ३० हजार खेतीयोग्य जमिन बाँझै छ। गरिबी निवारण कोषको एक तथ्याङ्कअनुसार नेपालमा ६५ प्रतिशत जनतालाई तीन महिना मात्र खान पुग्छ। डोल्पा, हुम्ला, मुगु, बाजुरालगायतका जिल्लामा स्थानीय उत्पादनले तीन महिना पनि खान पुग्दैन। ७५ जिल्लामध्ये ३७ जिल्ला मात्र स्थानीय उत्पादनमा निर्भर छन् ( बस्नेत,२०६९: ११)। खाद्य संस्थानले २०२७ सालदेखि कर्णाली क्षेत्रमा सहुलियत दरमा चामल वितरण गरिरहेको छ, जुन अझै जारी छ। अल्पकालीन रूपमा चामल ओसारेर खुवाउने काम सही ठहरिए पनि चार दशकसम्म हेलिकोप्टरमा खुवाउने, पहाडका जनतालाई सेतो चामलको भातको लत लगाउने, तर स्थानीय उत्पादन र उन्नत बीउ बिजन तथा सिँचाइको विकासमा ध्यान नपुऱ्याउने दिवालीयपनबाट सरकार मुक्त हुन जरुरी छ (बस्नेत, २०६९: १२)।

कर्णालीका जनताले चुनाव होइन, चामल माग गर्दैछन्। त्यहीँ उब्जिने फापर, गहुँ, कोदो आदि खाद्यान्नलाई वेवास्ता गर्दै चामलको पछि मात्रै लाग्ने बानीले भोकमरी बढाएको छ। जबकी १०० ग्राम फापरमा प्रोटिनको मात्रा १३ देखि १५ ग्राम हुन्छ भने त्यत्ति नै चामलमा ६ देखि ८ ग्राम मात्र। दातृ संस्थाका अनुदानमा चामल ढुवानी गरी यसरी कर्णालीमा खाद्यान्नमा परनिर्भरता सरकारले नै बनाएको छ। कर्णालीका दुर्गम बस्तीमा, चितवन, मकवानपुरको खोरियामा के उब्जिन सक्छ ? सोही अनुसारको खाद्यान्न उत्पादन बृद्धिमा जोड दिई सरकारले अनिकाललाई टार्ने उपयुक्त वातावरण बनाउनुपर्छ। त्यो भन्दा महत्वपूर्ण कुरा आफ्नो ठाउँमा फल्ने फापरजस्ता खाद्यन्नको पौष्टिक महत्व नबुझी चामलको पछि मात्रै दगुर्नेहरू खाना नपाएर होइन, खान नजानेर कुपोषणको शिकार भइरहेका छन्। धेरै बस्तीमा यसबारे जनचेतना जगाउने अभियान थाल्नु जरुरी छ। खाना कतै फालाफाल, कतै बेहालको स्थितिले नयाँ नेपालको अनुभूति गराउँदैन (सर्वहारी, २०७०: ७)।

**सन्दर्भसामग्री**


कृषि विकास मन्त्रालय। २०७०। प्रेस विज्ञप्ति। जेठ १८।

देउजा, जगत। २०७०। ठूला खेतीको विपक्षमा। *नागरिक,* जेठ २, पृ.७।

पोखरेल, सचिन। २०७०। किसानद्वारा कृषि पेशाको विकल्पको खोजी। *गोरखापत्र,* २७ जेठ, पृ.१०।

वस्नेत, बालकृष्ण। २०६९। खाद्यअधिकार: मानवअधिकार। *प्राची,* कार्तिक, पूर्णाङ्क ९, पृ. ८-१२।

विलासी, सीताराम। २०७०। खाद्यान्न उत्पादन आठ प्रतिशतले घट्ने। *गोरखापत्र,* ३ जेठ, पृ.१५।

भण्डारी, कमल। २०७०। कृषिमा युवा अनाकर्षण। *नयाँपत्रिका,* २३ वैशाख, पृ.५।

राष्ट्रिय कृषि नीति। २०६१। www.lawcommission.gov.np, accessed at 23 July, 2013

सर्वहारी, कृष्णराज। २०७०। कतै फालाफाल: कतै बेहाल, *राजधानी,* २९ वैशाख, पृ. ७।

# आमाको नामबाट नागरिकतासम्बन्धी व्यवस्था र प्रयोग

**विभिन्न बहानामा लाखौँको सङ्ख्यामा भारतीयहरूले सहज रूपमा नेपालको नागरिकता प्राप्त गरी रहेको कुरा दिनदिनै सञ्चार माध्यमहरूमा आइरहेको र यसरी झुठो विवरण दिई नागरिकता लिने-दिने गिरफ्तार भइरहेको वर्तमान सन्दर्भमा आमा नेपाली नागरिक भई नेपालमा स्थायी बसोबास भएको व्यक्तिलाई निजहरूको उन्नति र प्रगतिको लागि उपयुक्त वातावरण निर्माण गरी सहजकर्ताको भूमिका खेल्नु पर्नेमा राज्यले निजहरूलाई कानून बमोजिम नेपालको नागरिकता नदिँदा व्यक्तिको नागरिकता प्राप्त गर्ने तथा मानव अधिकारको उपभोग गर्न पाउने अधिकारको गम्भीर रूपमा उलङ्घन भएको छ र व्यक्तिलाई राज्य विहीनताको अवस्थामा पुऱ्याई कैदी सरह जीवन बिताउन विवश बनाएको छ।**



**टिकाध्वज खड्का**
(एल.एल.एम, अन्तर्राष्ट्रिय कानून)

**प्रारम्भ**

आमाको नामबाट छोरा-छोरीले नागरिकता पाउनुपर्ने पक्ष विपक्षमा यत्रतत्र चर्चा र छलफल हुने गरेको छ। यसको पक्षमा वकालत गर्नेले लैङ्गिक समानता र व्यक्तिको पहिचान तथा हितको संरक्षणको लागि आमाको नामबाट पनि छोराछोरीले नागरिकता पाउनु पर्छ भन्ने तर्क गर्ने गरेका छन् भने यसको विपक्षमा तर्क गर्नेहरूले आमाको नामबाट छोराछोरीलाई नागरिकता दिँदा खास गरी भारतसँग सीमा जोडिएको तराई क्षेत्रका महिलाहरूले भारतीय नागरिकसँग विवाह गर्ने गरेकोले त्यस्ता महिलाको नामबाट निजका सन्तानले नेपालको नागरिकता पाउँदा राष्ट्रियता नै खतरामा पर्ने भन्ने गरेको पाइन्छ।

नागरिकताको प्रमाणपत्रले व्यक्तिको पहिचान दिने र नागरिकताकै आधारमा नागरिकले आर्थिक, राजनीतिक, साँस्कृतिक तथा सामाजिक अधिकार, राज्यबाट प्राप्त हुने सेवा सुविधा तथा अवसरहरू प्राप्त गर्ने भएकोले पनि नागरिकताको अधिकार व्यक्तिको अत्यन्तै महत्वपूर्ण अधिकार हो । र, यसरी राज्यद्वारा प्रदान गरिने अधिकारहरूको प्रदान गर्ने आधार पनि नागरिकता नै भएकोले नागरिकता नभएका व्यक्तिहरूको न पहिचान नै हुन्छ न राज्यद्वारा प्राप्त हुने सुविधाहरू तथा अधिकारहरूको उपभोग गर्ने अवसर नै उनीहरूले पाउँछन्। अत: नागरिकता व्यक्तिको सर्वाधिक महत्त्वको विषय भएकोले पनि यसका विषयमा चर्चा हुनु स्वाभाविक हो।

**आमाको नामबाट नागरिकताको सम्बन्धमा भएको अन्तर्राष्ट्रिय कानुनी व्यवस्था**

**मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८**

- प्रत्येक व्यक्तिलाई नागरिकताको अधिकार छ। कुनै पनि व्यक्तिलाई मनोमानी ढङ्गले निजको नागरिकताको अधिकारबाट वञ्चित गरिने छैन। धारा -१५

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६**

- प्रत्येक शिशुलाई जन्मेपछि दर्ता गरिने तथा निजको नाम राखिने छ। राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ। धारा-२४

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९**

- पक्ष राष्ट्रहरूले बालबालिकाको, राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुष सरह समान अधिकार प्रदान गर्नेछ भन्ने व्यवस्था गरेको छ।
  धारा - ९(२)

**बालअधिकारसम्बन्धी महासन्धि १९८९**

- बालबालिकालाई जन्मनासाथ दर्ता गरिने छ। बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकार पाउनेछन् भन्ने व्यवस्था गरेको छ। धारा-७

वास्तवमा व्यक्तिको आधारभूत मानवअधिकारहरूको उपभोगको लागि पनि नागरिकता आधारभूत र प्राथमिक सर्त हो। उदाहरणका रूपमा उच्च शिक्षा प्राप्त गर्न, रोजगारी पाउन,मतदानमा उम्मेदवार हुन र आफूले रोजेको उम्मेदवारलाई मतदान गर्न,सम्पति किन्न र बेचबिखन गर्न,अन्य देशमा जानको लागि राहदानी बनाउन,विवाह गर्न तथा कुनै पेशा व्यवसाय गर्न पनि नागरिकता नभई नहुने हुँदा,नागरिताविहीन व्यक्तिले कुनै पनि प्रकारका अधिकारहरूको उपभोग गर्न नसक्ने मात्र होइन की निजको पहिचान गुम्न गइ राज्यविहीनताको अवस्थासमेत आउने हुँदा मानवअधिकारसम्बन्धी माथि उल्लेखित संयन्त्रहरूले नागरिकताको अधिकारलाई उच्च प्राथमिकता दिएको पाइन्छ।

नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरिएका माथि उल्लेखित सबै महासन्धिहरूबाट सिर्जना भएको दायित्वलाई नेपालले बिना कुनै आरक्षण स्वीकार गरी सकेकोले नेपाल सन्धि ऐन २०४७ को दफा ९ (१) अनुसार उक्त प्रावधानहरू राष्ट्रिय कानुन सरह लागु हुने व्यवस्था छ। अत: माथि उल्लेखित अन्तराष्ट्रिय कानुनी व्यवस्था बमोजिम समेत आमाको नामबाट निजका छोरा-छोरीले नेपालको नागरिकता पाउनु पर्दछ।

**राष्ट्रिय कानुनी व्यवस्था**

नेपाल पक्ष राष्ट्र भई अनुमोदन

गरिएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूलाई घरेलुकरण गरी अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गरी नागरिकताविहीन हुनबाट व्यक्तिलाई बचाई सम्मानित जीवन यापन गर्ने अवस्थाको सिर्जना गर्नको लागि मुख्य गरी निम्न कानूनी व्यवस्था राज्यले गरेको पाईन्छ :

**नेपालको अन्तरिम संविधान २०६३**

- नेपालमा स्थायी बसोबास भएको व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्ता व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्छ। .....धारा ८ (२) (ख)।
- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने छ। धारा -२२
- सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन। धारा १३ (१)
- सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन। धारा - १३ (२)
- राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन। धारा - (३)
- यसरी देशको मूल कानूनको रुपमा रहेको संविधानले नेपालमा स्थायी बसोबास भएको व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु र आमा दुवै नेपाली नागरिक भएमा मात्र त्यस्ता व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था उल्लेख नगरी केवल बाबु वा आमा अर्थात दुई मध्ये एक नेपाली नागरिक भएको अवस्थामा निजका सन्तानले वंशजका आधारमा नेपालको नागरिकता पाउने व्यबस्था गरेको र उक्त संविधानमा भएका अन्य प्रावधानहरू बमोजिम आमाको नेपाली नागरिकताको आधारमा, लैङ्गिक समानता र बालबालिकाको पहिचानको लागि पनि निजका छोरा-छोरी (बालबालिका)ले नेपालको नागरिकता पाउनु पर्ने देखिन्छ।

**नेपाल नागरिकता ऐन, २०६३**

कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ। -दफा- ३ (१)

यसरी नेपालको अन्तरिम संविधान २०६३ अन्तरगत बनेको नेपाल नागरिकता ऐन ले पनि वंशजको परिभाषा भित्र बाबु अथवा आमा दुई मध्ये एक जना नेपालको नागरिक भए हुने व्यबस्था गरेको छ। वंशजको आधारमा नागरिकता प्राप्त गर्न केवल बाबु नेपालको नागरिक हुनै पर्ने बाध्यात्मक व्यवस्था देखिदैन।

**सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा- ११६ बमोजिम सर्वोच्च अदालतले प्रतिपादन गरेको सिद्धान्त कानुन सरह लागु हुने भएकोले आमाको नामबाट छोराछोरीलाई नागरिकता दिनु पर्ने सम्बन्धमा भएका सिद्धान्त (नजिर)हरू निम्न छन्:-

**क)** अधिवक्ता टेक ताम्राकार वि.श्री ५ को सरकार समेत, ने.का.प. २०६२, अंक ६, पृ.६८० भएको परमादेश समेत मुद्धामा सम्मानित सर्वोच्च अदालतले वादी समुदायका बालबालिका लगायत बाबुको ठेगान नलागेका सबै बालबालिकालाई आमाको नामबाट नेपालको नागरिकता प्रदान गर्ने अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरूलाई नेपालको नागरिकता प्रदान गर्ने सरकारको नाममा परमादेश जारी हुने भनी आदेश गरेको छ।

**ख)** संविना दमाई समेत वि.नेपाल सरकार समेत नेका.प. २०६८ अंक २ पृ.२४७ भएको परमादेश समेत मुद्दामा सम्मानित सर्वोच्च अदालतले बाबु वा आमा मध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने भनी सिद्धान्त प्रतिपादन गरेको छ र उक्त मुद्दामा नै सम्मानित सर्वोच्च अदालतले निवेदिका जस्ता आमा नेपालको नागरिक तर बाबु नेपाली नै भएपनि पत्ता नलागेको वा बाबुको हो भन्ने कुरा आमाले नै यकिन गर्न नसक्ने अवस्थामा नेपालको नागरिक आमाबाट नेपालमा नै जन्मिएका बालबालिकाले नेपालको अन्तरिम संविधानको धारा ८ (२) अनुसार आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था भएकोले आमाको नामबाट सहज तरिकाले नेपालको नागरिकता पाउने बालबालिकाको मौलिक हक र मानवअधिकार हो। तर व्यवहारमा अझै पनि यसको कार्यान्वयन हुन सकेको देखिँदैन र निवेदिकाको जस्तै अवस्था भएका अन्य कुनै व्यक्ति कानुन बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न यस अदालतमा निवेदन गर्न आउन नपरोस भन्नको लागि आमा नेपाली नगारिक भन्ने प्रमाणित भएको बाबुको ठेगान नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नागरिकता ऐन र नियमावलीको रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापी रुपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गृहमन्त्रालयको नाममा निर्देशनात्मक आदेश समेत जारी हुने आदेश गरेको थियो।

**गृहमन्त्रालयको परिपत्र**

सर्वोच्च अदालतको माथि उल्लेखित निर्देशनात्मक आदेश मुताविक गृह मन्त्रालयले देशैभरिका जिल्ला प्रशासन कार्यालयहरूमा मिति २०६८। ५। ५ गते

आमाको नामबाट नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा परिपत्र जारी गरेको छ। उक्त परिपत्रमा आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा नेपाल नागरिकता ऐनको दफा ३(१) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र माग गर्न आउने १६ बर्ष उमेर पूरा भएका ( बाबु नेपाली नागरिक रही नेपालमा नै जन्मिएका सन्तानहरूका हकमा) विभिन्न कारणले गर्दा बाबुको ठेगान पत्ता लाग्न नसकी आवश्यक प्रमाण पेश गर्न नसक्नेहरूका हकमा नेपाल नागरिकता नियमावली,२०६३ को नियम ३ (२) अनुरुपको आवश्यक प्रकृया पूरा गरी जो जे बुझ्नु पर्छ बुझी आमाको नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा आमाको थर, ठेगाना उल्लेख गरी वंशजको आधारमा र बाबु विदेशी भएमा अङ्गीकृत नागरिकताको प्रमाणपत्र जारी गर्ने उल्लेख गरिएको छ।

**निष्कर्ष**

यसरी आमाको नामबाट व्यक्तिले वंशज तथा अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने माथि उल्लेखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू, नेपालको सर्वोच्च अदालतको फैसला तथा गृह मन्त्रालयको परिपत्रका बाबजुद पनि व्यवहारिक रूपमा आमाको नामबाट बालबालिकाले नागरिकता प्राप्त गर्न सकिरहेको पाईदैन। यसले कतै यस सम्बन्धमा राज्यले विभिन्न सन्धिहरूको अनुमोदन मार्फत गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता केवल अन्तर्राष्ट्रिय समुदाय तथा दातृ निकायलाई देखाउनको लागि मात्र हो ? विधायिकाले निर्माण गरेको कानूनहरू तथा देशको मूल कानूनको रूपमा रहेको संविधानको ईमान्दारितापूर्वक पालन गर्नु तथा आफूले विगतमा गरेको प्रतिबद्धता पुरा गर्नु कार्यपालिका अर्थात त्यस अन्तर्गतका सिडिओ कार्यालय, गृह मन्त्रालय जस्ता निकायको कर्तव्य होइन ? यस विषयमा सबै सरोकारवाला पक्षहरूको ध्यान जान आवश्यक छ।

विभिन्न बहानामा लाखौंको सङ्ख्यामा भारतीयहरूले सहज रूपमा नेपालको नागरिकता प्राप्त गरी रहेको कुरा दिनदिनै सञ्चार माध्ययमहरूमा आइरहेको र यसरी झुठो विवरण दिई नागरिकता लिने-दिने गिरफ्तार भइरहेको वर्तमान सन्दर्भमा आमा नेपाली नागरिक भई नेपालमा स्थायी बसोबास भएको व्यक्तिलाई निजहरूको उन्नति र प्रगतिको लागि उपयुक्त वातावरण निर्माण गरी सहजकर्ताको भूमिका खेल्नु पर्नेमा राज्यले निजहरूलाई कानून बमोजिम नेपालको नागरिकता नदिँदा व्यक्तिको नागरिकता प्राप्त गर्ने तथा मानव अधिकारको उपभोग गर्न पाउने अधिकारको गम्भीर रूपमा उलङ्घन भएको छ र व्यक्तिलाई राज्य विहीनताको अवस्थामा पुऱ्याई कैदी सरह जीवन बिताउन विवश बनाएको छ।

अत: वर्तमान सन्दर्भमा प्रमुख जिल्ला अधिकारी तथा नागरिकता प्रदान गर्ने अख्तियार प्राप्त अधिकारी आफ्नो कर्तव्यप्रति इमान्दार, सम्बन्धित पक्षले यस सम्बन्धमा भएको कानुनी प्रावधानबारे जानकारी र यस क्षेत्रमा क्रियाशील सङ्घ-संस्था तथा अधिकारकर्मीहरूले यस विषयमा जागरण पैदा गरी सहजकर्ताको भूमिका गर्न सके नेपाली नागरिकता प्राप्त आमाबाट जन्मेका बालबालिकाले नागरिकता प्राप्त गर्न सहज हुने थियो।

*advocatetika@htomail.com*

## हार्दिक समवेदना



**इन्सेक क्षेत्रीय कार्यालय धनगढीका क्षेत्रीय संयोजक धनगढी नगरपालिका शिवनगर निवासी खडकराज जोशीका बुबा स्व. पदमराज जोशीको ८९ वर्षको उमेरमा २०६९ फागुन २३ गते असामयिक निधन भएकोमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**इन्सेक परिवार**

## हार्दिक समवेदना



**इन्सेक क्षेत्रीय कार्यालय धनगढीका राजकुमार चौधरीकी आमा महारानी देवी चौधरीको ८२ वर्षको उमेरमा २०७० जेठ २७ गते असामयिक निधन भएकोमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**इन्सेक परिवार**

# बालिग मताधिकार र अन्तर्राष्ट्रिय अभ्यास

**नेपालमा वि.स. २०१५ सालमा भएको निर्वाचनमा पहिलो पटक नेपाली जनताले बालिग मताधिकारको उपयोग गर्न पाएको थिए। त्यो भन्दा पहिलेका शासकले आफ्नो इच्छा अनुसार व्यक्तिको चयन गर्ने गरिन्थ्यो। तर जनताले कानुनी रुपमा बालिग अधिकारको प्रयोग गरेको २०१५ मा हो। त्यति बेला बालिग मताधिकारको लागि २१ वर्ष तोकिएको थियो। त्यो भन्दा तलका नेपाली नागरिकले बालिग मताधिकारको उपयोग गर्न पाएका थिएनन्। त्यसपछि ३० वर्षे पञ्चायती व्यवस्थामा निर्वाचन हुने गरे पनि त्यसलाई प्रजातान्त्रिक अभ्यास मान्न सकिँदैन।**



■ लोकराज अवस्थी

**पृष्ठभूमि**

२१ औं शताब्दीको सर्वोकृष्ट शासन व्यवस्था भनेको बहुदलीय लोकतान्त्रिक व्यवस्था हो। जुन व्यवस्था जनताले छानेका प्रतिनिधिहरूद्वारा सञ्चालित हुन्छ। लोकतन्त्रमा आमनागरिकका राजनीतिक, नागरिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारहरूको सम्मान तथा सुनिश्चितता गरिएको हुन्छ। केन्द्रीकृत भन्दा विकेन्द्रीकृत, शहरमुखी भन्दा गाउँमुखी र जनताकेन्द्रित शासन प्रणाली लोकतन्त्रको पहिलो शर्त हो।

लोकतन्त्रको मुख्य आधार भनेको आवधिक निर्वाचन प्रणाली हो। जनताले आफ्नो मतको उपयोग गर्न पाउने, आफूलाई मन पर्ने राजनीतिक दल तथा प्रतिनिधि छान्न वा रोज्न पाउने माध्यम भनेको निर्वाचन हो। यदि बिना त्रास र व्यवधान जनताले मताधिकारको प्रयोग गर्न पाएको छैनन् भने त्यसलाई स्वच्छ प्रजातन्त्र वा लोकतन्त्र मान्न सकिँदैन। निर्वाचनको माध्यमबाट जनताको अभिव्यक्ति प्रकट हुन्छ र प्रतिनिधि आफूलाई निर्वाचन गर्ने जनताप्रति उत्तरदायी हुन्छन्। यो अहरणीय हुन्छ। राज्यले कुनै पनि बाहनामा बालिग नागरिकलाई निर्वाचनमा भाग लिनबाट बञ्चित गराउन पाउँदैन। किनभने बालिगमताधिकार भनेका जनताको नैसर्गिक अधिकार हो।

**मताधिकार महत्व**

मत दिन पाउनु वा मताधिकार भन्नाले नागरिकहरूले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकार हो। नागरिकले नागरिक भएकै कारणले उपभोग गर्न पाउने त्यस्तो राजनीतिक अधिकार हो, जहाँ नागरिकले सरकारमा आफ्नो प्रतिनिधि चयन गरी राज्य व्यवस्थामा परोक्ष रूपले सहभागी बन्ने अवसर पाउँछ। हरेक प्रजातन्त्रिक व्यवस्थामा बालिग मताधिकारको सुनिश्चितता गरिएको हुन्छ। कुनै पनि वाहनामा, लिङ्ग, उमेर, धर्म, भाषा, जात तथा अन्य कारणले सरकारले नागरिकलाई मताधिकारबाट वञ्चित गर्न पाउँदैन। सबै नगारिकलाई मत दिन पाउने अधिकार हुन्छ। जनमुखी कानुन बनाएर सबै नागकिरको मताधिकारको सुनिश्चितता गर्नु राज्यको पहिलो कर्तव्य हो।

**बालिग मताधिकार**

राज्य भित्र बसोबास गर्ने प्रत्येक बालिग नगारिकले जाति, उमेर, धर्म, लिङ्ग आदिको भेदभाव बिना मतादानमा भाग लिन पाउने अधिकार नै बालिग मताधिकार हो। बालिग मताधिकार लोकतन्त्रको लागि चाहिने अत्यावश्यक तत्व हो। आधुनिक लोकतन्त्रमा बालिग मतदाताहरूले निर्वाचनमा भाग लिन्छन्। मतदानमा सहभागी हुन्छन्। बालिग मताधिकारलाई सार्वजानिक बालिग मताधिकार (Universal Adult Franchise) मान्ने गरिएको छ।

बालिग मताधिकार लोकतन्त्र, निर्वाचन प्रणालीको आधारभूत आवश्यकता हो। यो बिना लोकतान्त्रिक व्यवस्था सञ्चालन वा लागु गर्ने कल्पनासमेत गर्न सकिँदैन। भेदभावरहित रूपले बालिग नागरिकहरूको मताधिकार वा रजानीतिमा सहभागी हुने अधिकार सुनिश्चित नगरेसम्म नागरिकले लोकतन्त्रको उपयोग तथा सहभागिता जनाउन पाउँदैनन्। लोकतन्त्रमा जनता वा नगारिकको सहभागिता अनिवार्य र विश्वव्यापी मानिन्छ। यसकारण लोकतन्त्रको सुदृढीकरण, स्थायित्व र सफलताको लागि आमनगारिकको सहभागिता अनिवार्य हुन्छ।

**बालिग मताधिकारको उपयुक्त उमेरको बहस**

नेपालमा वि.स. २०१५ सालमा भएको निर्वाचनमा पहिलो पटक नेपाली जनताले बालिग मताधिकारको उपयोग गर्न पाएको थिए। त्यो भन्दा पहिलेका शासकले आफ्नो इच्छा अनुसार व्यक्तिको चयन गर्ने गरिन्थ्यो। तर जनताले कानुनी रूपमा बालिग अधिकारको प्रयोग गरेको २०१५ मा हो। त्यति बेला बालिग मताधिकारको लागि २१ वर्ष तोकिएको थियो। त्यो भन्दा तलका नेपाली नागरिकले बालिग मताधिकारको उपयोग गर्न पाएका थिएनन्। त्यसपछि ३० वर्षे पञ्चायती व्यवस्थामा निर्वाचन हुने गरे पनि त्यसलाई प्रजातान्त्रिक अभ्यास मान्न सकिँदैन।

२०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको २०४७ सालको संविधानले १८ वर्ष पूरा गरेका नेपाली नागरिकलाई बालिग मान्यो। त्यो नियम संसदीय तथा स्थानीय निर्वाचनमा लागू गरियो। २०६४ मा भएको पहिलो संविधानसभाको निर्वाचनमा पनि १८ वर्ष उमेर समूहलाई बालिग मान्यो। यसले

बेलादेखि नै १६ वर्षकालाई नागरिकता दिएपछि बालिग मताधिकार दिनु पर्छ भन्ने ठूलो बहस चलेको थियो। तर त्यसले सार्थक परिणाम भने ल्याउन सकेन।

प्रजातन्त्रबाट लोकतन्त्र अनि लोकतन्त्रबाट गणतन्त्रसम्म आइपुग्दासम्म नेपालमा वैज्ञानिक रूपमा बालिग मताधिकारको उचित व्यवस्थापन हुन सकेन। आधुनिक विश्वमा भएका परिवर्तन, प्रविधि तथा आर्थिक परिवर्तनलाई आत्मसाथ गर्ने हो भने मानिसको सोच्ने, बुझ्ने तथा अनुसरण गर्ने तौर तरिकाहरू बदलिएका छन्। स्कूल जाने उमेर, उच्च शिक्षा हासिल गर्ने उमेर कम हुँदै गएको छ। अहिले प्रायः १३ देखि १४ वर्ष भित्रमा एसएलसी र १५ देखि १६ वर्ष भित्रमा दश जोड दुई उत्तीर्ण हुन्छन्। यो वास्तविकता हो। सञ्चार तथा प्रविधिको विकासले राजनीतिक तथा सामाजिक मुद्दामा १५-१६ वर्षसम्म आइपुग्दा सचेत तथा जानकार भइसेको हुन्छन्। सचेत नागरिकले आफ्नो बुद्धि प्रयोग गरेर निर्णय लिन सक्छ। यसकारण नेपालको सन्र्दभमा अहिलेको अवस्थालाई आधार मान्ने हो भने १६ वर्ष पूरा गरेका नेपाली नागरिकलाई बालिग मताधिकार दिइनु पर्छ। १६ वर्ष पूरा गरेकालाई नेपाली नागरिकताको प्रमाण पत्र दिइ सकेपछि बालिग मताधिकार नदिनु वा नपाउनु पर्ने कुनै आधार भेटिँदैन।

**नेपालमा युवाको जनसङ्ख्या**

राष्ट्रिय जनगणना २०६८ को अनुसार १६ र १७ वर्षका युवाको जनसङ्ख्याको ११ लाख ८३ हजार ५ सय ४० रहेको छ। निर्वाचन ओयोगको पछिल्लो तथ्याङ्कअनुसार १ करोड ६३ लाख २९ हजार ५ सय ८९ जनसङ्ख्या मतदान गर्न योग्य रहेको जनाएको छ। र, तर हालसम्म निर्वाचन आयोगमा लगभग १ करोड २० जनताले मतादाता परिचय पत्रका लागि विवरण भरेका छन्। बाँकी रहेका ११ लाख ८३ हजार ५ सय ४० जना १८ वर्ष मुनिका र १६ वर्ष माथि अनि लगभग ४० लाख मतदाता विदेशमा रहेका वा मतादाता परिचय पत्र नबनाएका छन्। यस्तो अवस्थामा मताधिकारको उपयोगबाट लगभग ५० लाख जनता बञ्चित हुँदैछन।

| **१६ वर्षका मताधिकार दिने देशहरू** | **१७ वर्षका मताधिकार दिने देशहरू** |
|---|---|
| अष्ट्रीया | इण्डोनेयिा |
| क्यूबा | उत्तरकोरिया |
| ग्रीस | सुडान |
| इज्ले अफ म्यान | पूर्वीटिमोर |
| जर्सी | |
| निकारागुवा | |

राष्ट्रिय जनगणना २०६८ का अनुसार १६ देखि ४० वर्षसम्मका युवाको जनसङ्ख्या १ करोड ६ लाख ९० हजार रहेको छ। जनु कूल जनसङ्ख्याको ४०.४३ प्रतिशत हो।

सबभन्दा खुशीको कुरा त के भने, युवाको कूल जनसङ्ख्याको मध्ये ४९ प्रतिशत युवा १६ देखि २५ वर्षसम्मका रहेका छन्। जुन कूल जनसङ्ख्याको १९.९७ प्रतिशत हो। यो उमेर समूह लगभग २० वर्षसम्म युवा नै रहने छ। यसकारण पनि अहिले जनसङ्ख्याकोको परिणाम सुखद मान्न सकिन्छ। यो उमेर समूहका युवा चलायमान हुन्छन्। यथास्थितिमा बस्न चाहँदैनन्। र, राजनीति, सामाजिक परिवर्तन भन्दा पनि आफ्नो भविष्य तथा करियरसँग मात्र सरोकार राख्छन्। यो उमेर समूह उत्पादनशील भएकाले उपयोग गर्न सके भड्किने खतरा बढी हुन्छ। राजनीतिमा पनि निर्णायक मानिएको युवालाई राजनीतिक स्वार्थका लागि जो कोहीले पनि प्रयोग गर्न सक्ने खतरा पनि ज्यूँकात्यूँ छ। कूल जनसङ्ख्याको लगभग २० प्रतिशत युवाको सहभागिता के र कूल जनसङ्ख्याको ४९ प्रतिशत युवाको संविधानसभामा कति सहभगिता हुन्छ ? त्यसले आगामी राजनीतिको मार्गलाई यसले स्पष्ट पार्दछ। कुनै तर्क र बहस भन्दा पनि तथ्याङ्कलाई आधार मानेर बालिग मताधिकारको उमेरमा पुर्नविचार गर्नु राष्ट्रको हितमा छ।

**नागरिकता १६ मा बालिग १८ मा**

१६ वर्ष पूरा गरी नेपाली नागरिता प्राप्त गरेका युवाले आफू यो देशको नागरिक भएको गर्व गर्ने कुनै आधार भेटिँदैनन्। एसएलसी १४ वर्षमा दिने पाइने तर रोजगारीको लागि १८ वर्ष कुर्नुपर्ने, अनि नागरिकता १६ मा मताधिकार १८ मा नगारिकता प्राप्त गरिसकेपछि वैदेशिक रोजगारीका लागि पासपोर्ट बनाएर विदेश जान नपाइने। अनि सरकारी सेवामा जागिरका लागि निवेदन दिन पनि नपाइने ? नागरिताले राष्ट्रिय पहिचान दिने प्रमाण हो। नागरिता पाउनु भनेको कुनै व्यक्ति राज्यले दिएको जिम्मेवार बहन गर्न सक्ने भएको प्रमाण हो। उ परिपक्व भएको वा वयस्क भएको पुष्टि गर्दछ। राज्यले दिने सहयोग सुविधा तथा अवसरको लागि हकदार मानिन्छ। नागरिक भएपछि हरेक नागरिकले पाउने अधिकार १६ वर्षका युवाले पाउनु पर्छ। राज्य भित्र उमेर वा अन्य आधारमा विभेद गर्न पाइँदैन। उसको अधिकारको सुनिश्चित गर्नु राज्यको दायित्व हो।

**राष्ट्रिय परिचयपत्र की मतदाता परिचय पत्र ?**

निर्वाचन आयोगले विगत दुई तीन वर्षदेखि १६ वर्ष पूरा गरेका तर १८ वर्ष मुनिका नागरिकता लिइसकेका नेपाली नागरिकलाई परिचय पत्र बाँड्दै आइरहेको छ। जसको नाम राष्ट्रिय परिचयपत्र दिएको छ। राष्ट्रिय परिचय पत्र के प्रयोजनका लागि हो भन्ने स्पष्ट छैन। गृहमन्त्रालयले नागरिकता बाँड्ने अनि निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्र बाँड्ने जसमा तात्विक फरक पाइँदैन। यसको पनि खासै प्रयोजन देखिएको छैन। यो आफैँमा अस्पष्ट छ।

**युवालाई राजनीतिक रूपमा लगाइने आरोप**

राजनीति गर्दा गर्दै कपाल फुलेका वा राजनीतिमा आफ्नो पकड नगुमोस् भन्न चाहने राजनीतिज्ञहरूले १६ वर्षका युवालाई बालिग मताधिकार दिन नहुने तर्क अघि सारेको पाइन्छ। कति वर्षका बालिग मान्ने यो विश्वव्यापी बहसको विषय बनेको छ। १६ वर्षकालाई बालिग मताधिकार दिन नहुने तर्क यसरी अघि सारेको पाइन्छ।

**१. राजनीतिक रूपमा अपरिपक्व**

**हुन्छन्**

१६ वर्षे युवा राजनीतिक रूपमा परिपक्व हुँदैनन। उनीहरूलाई राजनीतिको प्रक्रिया तथा सैद्धान्तिक ज्ञान हुँदैन। अर्थात राजनीति बुझ्न सक्दैनन्। उनीहरू मानसिक रूपमा परिपक्व र जिम्मेवार हुँदैनन। अर्थात नेतृत्व लिन सक्दैनन्। समग्रमा युवामा त्यो क्षमता हुँदैन। यी र यस्तै तर्कहरू गरेर तर्कहरू गरेर युवालाई राजनीतिमा सहभागी हुनबाट बञ्चित गरिँदै आइरहेको अवस्था हो। जो आफैँमा सत्य छैन।

**२. बढी अतिवादी मतादाता हुन्**

१६ वर्षे युवाहरू बढी अतिवादी हुन्छन्। तिनीहरू विचार, सिद्धान्त भन्दा पनि भावनामा बढी बग्छन्। उनीहरू सोच वास्तविकता भन्दा पनि कल्पनामा आधारित हुन्छ। वास्तविकता भन्दा पनि फरक खालका इच्छा र आकाङ्क्षा राख्दछन्। यसकारण उनीहरू आफूलाई फरक तरिकाले प्रस्तुत गर्छन्। उनीहरूलाई अरुले सजिलै प्रयोग गर्न सक्ने भएकोले बालिग मताधिकार दिनु हुन्न भन्ने तर्क अघि सार्ने गरेका छन्। जुन आफैँमा विरोधाभाषयुक्त तर्क हो।

**३. युवाहरू आफैँ मत दिन मान्दैनन्**

युवाहरू राजनीतिप्रति त्यति चासो राख्दैनन्। उनीहरूलाई लोकतन्त्र, निर्वाचन, बालिग मताधिकार, राजनीतक शासनसँग खासै मतलव हुँदैन्। उनीहरू मतलाई अनिवार्य शर्त मान्दैनन्। उनीहरूका प्राथमिकता मत भन्दा पनि क्यारियरसँग जोडिएका विषयवस्तुहरू बढी हुन्छन्। उनीहरू जीवनलाई सफल पार्न अरु सम्भावनाको खोजी गर्नमा व्यस्त हुन्छन्। जसले मताधिकार तथा राजनीतिक अधिकारको बारेमा उनीहरूलाई मतलव वा वास्ता हुँदैन। यसकारण उनीहरू नै इच्छुक नभइकन जबरजस्ती बालिग मताधिकार दिनु हुन्न भन्ने तर्क अघि सर्ने गरेको पाइन्छ। जबकी अहिले राजीतिक रूपमा सबै भन्दा सचेत समूह भनेकै युवा हुन्। र, उनीहरू राज्य, राजनीति तथा समाजको बारेमा बढी सचेत तथा जिम्मेवार भएको पाइएको छ।

**१६ वर्षे युवालाई बालिग मताधिकार दिनुपर्ने आधारहरू**

राज्यले बालबालिकाबाट वयस्क भएको प्रमाण नागरिता दिइसकेपछि बालिग मताधिकार दिनुपर्ने यो भन्दा बलियो आधार अरु हुने सक्दैन। तर पनि त्यो भन्दा पनि राजनीतिक, आर्थिक, समाजिक तथा अन्यकारणहरूले पनि १६ वर्ष पूरा गरेका नेपाली नागरिकलाई बालिग मताधिकार दिनुपर्ने आधारहरू यस प्रकार रहेका छन्।

**१. युवा जिम्मेवारी भएर निर्णय लिन सक्छन्**

नेपाली समाजमा ओठमा जुँगाको रेखी बसी सकेपछि परिवारिक जिम्मेवार लिन सक्छ भन्ने मान्यता रहेको छ। जुँगाको रेखी बसी सकेपछि उसलाई परिवारको जिम्मेवार सदस्यको रूपमा लिइन्छ। र, ऊ अरुजस्तै जिम्मेवार हुन्छ। सँगसँगै उ समाजप्रतिको पनि उस्तै उत्तरदायी हुन्छ। जुँगाको रेखी अर्थात १६ वर्ष पुगेपछि शैक्षिक रुपले पनि उसले लगभग दश जोड दुई पास गरिसकेको हुन्छ। यसकारण अरु आफ्नो भविष्य, समाज र परिवारप्रति जिम्मवार हुन्छ। उमेर, शिक्षा, अनुभव तथा सचेतनाको हिसाबले परिपक्व हुँदै जिम्मवार बनी सकेको हुन्छ। त्यसकारण परिवार समाल्न सक्ने आफ्नो भविश्यको बारेमा निर्णय लिन सक्ने तर मताधिकारको सही उपयोग गर्न नसक्ने भन्ने होइन। अर्को कुरा युवा अरुबाट प्रभावित हुने भन्दा पनि घर परिवार तथा समाजलाई प्रभावित गर्न सक्छन्।

**२. युवा राजनीतिप्रति सचेत, इच्छुक र जानकार हुन्छन्**

युवा उमेर आफैँमा सिक्ने उमेर हो। ऊ समाज वा राष्ट्रमा भएका गरेको वा हुने सम्पूर्ण घटनाप्रति सचेत, इच्छुक तथा जानकार हुन्छ। ऊ सबै विषयमा अपडेट हुने गर्दछ। इन्टरनेट, समाजिक सञ्जाल तथा सञ्चारमा भएको विकासका कारण राजनीति प्रति जागरुक र सचेत भइसकेका हुन्छन्। राजनीतिक चेतना र राजनीतिप्रति उच्च चासो भएका कारण युवाहरू राज्य सञ्चालनमा आफू वा आफ्नो प्रतिनिधिहरू चयन गर्न चाहान्छ र अर्को कुरा आफूले छानेको प्रतिनिधिबाट मात्र शासित हुने भएकाले राजनीतिप्रति युवा चासो छैन भन्ने तर्क आफैँमा सत्य छैन।

**३. युवालाई मतदिने अधिकार छ**

राज्यले नागरिकको रूपमा प्रमाण पत्र दिइसकेपछि, ऊ देशको जिम्मेवार नागरिक हो। देश संविधान, कानुन तथा ऐन नियमको आधारमा ऊ योग्य सावित भएपछि मतदिन पाउने उसको अधिकार हो। अधिकारको पनि माउ अधिकार मानिएको राजनीतिक अधिकारबाट बञ्चित गराउन हुँदैन्। नगारिकता पाइसकेपछि ऊ अरु नागरिकले पाउने अधिकार पाउँदछ। उसलाई उमेर वा अन्य बाहनामा विभेद गर्नु न्यायोचित हुन सक्दैन्। यसकारण पनि नगरिकता प्राप्त गरेको युवालाई बालिग मताधिकारको हक रहन्छ। मानवअधिकारको विश्वव्यापी घोषणा पत्र तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि महासन्धिले पनि यसको सुनिश्चिता गरेको छ।

**अन्तर्राष्ट्रिय अभ्यासहरू**

विश्वका विभिन्न देशहरूले १६ वर्षका युवालाई मताधिकार दिएका छन। कुनै देशले संविधानमा नै १६ वर्षका युवा मताधिकार सुनिश्चित गरेका छन भने कुनै देशले कानुन बनाएर सुनिश्चित गरेका छन्। १६ वर्ष युवालाई मताधिकार दिएका विश्वका केही देशहरूको कानुनी प्रवाधानहरू यसप्रकार रहेका छन्।

१. अष्ट्रिया, निकारागुवा, ब्राजिल, इक्वोइडर र इजारायलको संविधान मै व्यवस्था गरेको छ। १६ वर्षकाले सबै निर्वाचनमा मत प्रयोग गर्न पाउने व्यवस्था गरेका छन्।
२. जर्मनीमा ल्याण्डर र राज्यसभाको निर्वाचनमा मतदान गर्ने अधिकार दिइएको छ।
३. हङ्गेरीमा केही मापदण्ड पूरा गरेपछि मात्र मताधिकार दिने व्यवस्था गरेको छ। जस्तै १८ वर्ष भन्दा पहिलो विवाह गरेको छ भने त्यसले बालिग मताधिकार पाउने व्यवस्था छ।
४. स्लोभानियामा १६ वर्ष पूरा गरेको र रोजागरप्राप्त गरेको व्यक्तिलाई बालिग मताधिकारको व्यवस्था छ।
५. नर्वेमा सन २०११ को स्थानीय निर्वाचनमा २० नगरपालिकामा १६ वर्षकालाई मताधिकार दिएको थियो।

जसमा युवाको उल्लेख्य सहभागिता रहेको थियो। नर्वे वर्तमानका नियम कानुनमा परिवर्तन गर्ने प्रक्रियामा रहेको छ।

६. फिनल्याण्डमा सन २०१० मा भएको प्यारिस (स्थानीय निकाय) को निर्वाचनमा १६ वर्षका युवालाई मताधिकार दिएको थियो। जुन कानुनी रूपमा अगाडि आएको छ। प्रजातन्त्रको जननी मानिने वेलायतमा १६ वर्षका युवाले मताधिकार दिने विषयमा संसद्मा बहस भइरहेका छ।

**अन्तर्राष्ट्रिय कानुनमा राजनीतिक तथा नागरिक अधिकार**

संयुक्त राष्ट्रसङ्घले राजनीतिक तथा नागरिक अधिकार सुनिश्चित गर्नका लागि विभिन्न घोषणा तथा महासन्धिहरूमा उल्लेख्य गरी बाध्यकारी बनाएको छ। जुन यसप्रकार रहेको छ।

१. मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २१ मा जनताको इच्छा सरकारको आधार हुनेछ र, यस्तो इच्छा आम तथा सम्मान मतादानद्वारा समय समयमा गरिने निष्पक्ष चुनावमार्फत अभिव्यक्त गरिनेछ। त्यस्तो चुनावमा गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ। अर्थात स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरूमार्फत आफ्नो देशका सरकारमा भाग लिने अधिकार सबै नागरिकलाई हुने भनी उल्लेख गरेको छ।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धी १९६६ को धारा २५ ले पनि उपर्युक्त अधिकारहरको प्रत्याभूति गरेर मताधिकारलाई नागरिकहरूको राजनीतिक अधिकारको रूपमा प्रस्तुत गरेको छ। मताधिकार निर्विवाद रूपमा नागरिकहरूको राजनीतिक अधिकारको रूपमा रहनेछ भन्ने कुरा उल्लेख गरेको छ। नेपाल यस महासन्धीको पक्ष राष्ट्र भएकाले पूर्ण पालना गर्नु उसको कर्तव्य भित्र पर्दछ। संयुक्त राष्ट्रसङ्घ १५ देखि २४ वर्ष उमेर समूहकालाई युवा मानेको कारणले पनि १६ वर्षका युवाले मताधिकार पाउनुपर्छ भन्ने कुरालाई पुष्टि गर्दछ।

**विद्यमान कानुनी व्यवस्था र युवा उमेर**

नेपालमा वर्तमानमा रहेका कानुनहरूमा उमेरलाई फरक फरक रूपमा तय गरेको पाइन्छ। जुन निम्नलिखित छन्।

**राष्ट्रिय युवा नीति २०६६,**

राष्ट्रिय युवा नीति २०६६ नै नेपालको हकमा युवा लक्षित एक मात्र नीति हो। राष्ट्रिय युवा नीतिमा “युवा” भन्नाले १६ – ४० वर्षको उमेर समूहका महिला, पुरूष तथा तेस्रो लिङ्गीहरूलाई जनाउने छ भनेर परिभाषित गरेको छ। सोही नीतिको दफा ४ अन्तरगत दीर्घकालीन सोच र लक्ष्यको उपदफा (१) दीर्घकालीन सोच भन्ने शीर्षकमा “युवाहरूको आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणको माध्यमबाट कलिलो उमेरका संवेदनशीलतालाई समेत दृष्टिगत गरी सामर्थ्यवान, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवम् सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवाहरूलाई नेतृत्वदायी भूमिकामा स्थापित गराउनु यस राष्ट्रिय युवा नीतिको दीर्घकालीन सोच हुनेछ।” भनेर दिर्घकालीन सोच स्पष्ट पारेको छ।

**नेपालको अन्तरिम संविधान २०६३**

नेपालको अन्तरिक संविधान २०६३ को धारा ६३ को उपधारा ७ मा “संविधानसभाको निर्वाचनको प्रयोजनको लागि सम्वत् २०६३ साल मङ्सिर मसान्तसम्म १८ वर्ष पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिमको मतदान गर्ने अधिकार हुनेछ ” भन्ने उल्लेख छ।

**बालबालिकासम्बन्धी ऐन २०४८**

बालबालिकासम्बन्धी ऐन २०४८ दफा २ मा बालबालिकाको परिभाषा अनुसार “बालक” भन्नाले १६ वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ भन्ने उल्लेख गरेको छ। जसको कानुनी मान्यता भनेको १६ वर्ष पूरा गरेपछि वयस्क हुन्छ भन्ने हुन्छ।

**श्रम ऐन २०४८**

श्रम ऐन २०४८ को दफा २ को (झ) “नाबालिग” भन्नाले १६ वर्षको उमेर पुगेको तर १८ वर्षको उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ भनी उल्लेख गरेको छ। सोही दफाको (ञ) “बालिग” भन्नाले १८ वर्ष उमेर पुगेको व्यक्ति सम्झनुपर्छ उल्लेख गरेको छ।

**नेपाल नागरिकता ऐन, २०६३**

नेपाल नागरिकता ऐन २०६३ को २ को (क) “नाबालक” भन्नाले १६ वर्ष उमेर पूरा नभएको व्यक्ति सम्झनुपर्छ भनी उल्लेख गरेको छ। नागरिकता प्राप्तीको सर्न्दभममा उक्त ऐनको दफा ८ मा नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्ने : (१) दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनुपर्छ भनी उल्लेख गरेको छ।

**संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४**

संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा २ को (ञ) “मतदाता” भन्नाले निर्वाचनको लागि प्रचलित कानून बमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

नेपालका उमेरसम्बन्धी कानुनहरू एक अर्कामा बाझिएका देखिन्छन्। नागरिकता ऐन र बालबालिका ऐनमा १६ वर्ष पूर गरेका नेपाली नागरिकलाई वयस्क मानेको छ भने श्रम ऐन मतदाता नामावलीसम्बन्धी ऐनले १८ वर्ष माथिकालाई बालिग मानेको छ। वयस्क भएपछि बालिग हुन्छ। यसकारण फरक फरक उमेरको सीमालाई वैज्ञानिक रूपमा समाधान गरिनुपर्छ।

**अन्तमा,**

पहिलो कुरा, १६ वर्ष पूरा गरेका नेपाली नागरिक जसले नागरिकता पाइसकेका छन् तिनको औँठा छाप, फोटो, पूर्ण विवरण निर्वाचन आयोगसँग अहिले पनि

उपलब्ध छ। त्यसैलाई आधार मानेर राष्ट्रिय परिचय पत्रलाई मतदाता परिचय पत्रमा परिणत गरिनुपर्छ। अहिलेको विद्यमान नियम कानुनमा परिवर्तन गरिनुपर्छ। ११ लाख ८३ हजार ५ सय ४० युवाको मताधिकार सुनिश्चित गरिनुपर्छ।

दोस्रो , १६ वर्ष पूरा गरेका युवाहरू कम्तिमा पनि दश जोड दुई पास गरिसकेका हुन्छन्। शारीरिक, मानसिक तथा बौद्धिक रूपमा परिपक्व तथा सचेत भइसकेका हुन्छन्। उनीहरूको राजनीतिप्रति चासो भएकाले सहभागिताको बाटो खोलिदिनुपर्छ। राजनीतिक तथ नागरिक अधिकारको न्यूनतम आधार मानिएको मताधिकार सुनिश्चित गरिनुपर्छ।

तेस्रो कुरा, राजनीतिक दलहरूका प्राय: युवा तथा विद्यार्थी भातृ सङ्गठनले सहमति जनाइसकेको र निर्वाचन विज्ञले पनि यसको आवश्कता जनाइसकेकाले समयसापेक्ष बालिगको उमेर परिवर्तन गरिनुपर्छ।

चाथौ कुरा, ५०, ६० वर्षकालाई भन्दा १६ वर्षका युवालाई राष्ट्रको माया बढी हुन्छ। उसको भविष्य जोडिएको हुन्छ। ऊ अरुको लागि नभए पनि आफ्नै लागि भए पनि सही निर्णय गर्दछ। युवा आफैँमा निस्वार्थी र सच्चा हुने भएकाले उसले आफ्नो अधिकारलाई सही रूपमा प्रयोग गर्छ। जुन बढी सत्य हो। यसकारण पनि १६ वर्षकालाई मताधिकार दिइनुपर्छ।

र, पाँचौ कुरा, १६ वर्षका नेपाली नागरिकलाई नेपालको नगारिता ऐन नगारिक मानेको, बालबालिका ऐन युवा मानेको, राष्ट्रिय युवा नीति २०६६ ले युवा मानेका कारणले पनि १६ वर्ष पूरा गरेका युवा हुन्।

काननु समयसापेक्ष परिवर्तन गरिनुपर्छ। समाज तथा जनताको चाहना र आवश्कयता अनुसार कानुन परिमार्जित हुँदै जानुपर्छ। जुन लोकतन्त्रको सौन्दर्य पनि हो। यसकारण बालिग मताधिकारको उमेरमा पनि समयअनुसार परिवर्तन गरिनुपर्छ। यो अहिलेको युवाको आवश्कता हो।

*(लेखक : राष्ट्रिय युवा महासङ्घ नेपालका महासचिव हुनुहुन्छ।)*

**सन्दर्भ सामग्रीहरू**


१. राष्ट्रिय युवा नीति २०६६
२. नेपालको अन्तरिम संविधान २०६३
३. मानवअधिकारको विश्व्यापी घोषणापत्र १९४८
४. राजनीतिक तथा नागरिक अधिकार महासन्धि १९६६
५. संविधानसभा निर्वाच ऐन २०६४
६. मतदाता नामावलीसम्बन्धी ऐन २०६४
७. नागरिकता ऐन २०६३
८. श्रम ऐन २०४८
९. बालबालिका ऐन २०४८
१०. नेपाल अधिराज्यको संविधान २०४७
११. स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन २०४८
१२. मिश्र वीरेन्द्र, मतदाताको उमेर १६ कि १८ वर्ष। अन्नपूर्ण वर्ष ११ अङ्क ३३
१३. मायर, थोमस, प्रजातन्त्र प्रजातन्त्रिक अभ्यास एक परिचय,
१४. डा. गोपालकृष्ण शर्माका विभिन्न लेखहरू
१५. अष्ट्रियालगायत विभिन्न देशका संविधान तथा कानुनहरू
१६. युरोपियन युथ काउन्सिलको विभिन्न रिपोर्ट तथा दस्तावेहरू
१७. विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख तथा रिपोर्टहरू
१८. विभिन्न राजनीतिक दल निकट युवा नेताहरूले व्यक्त गरेका विचारहरू

Lowering the voting age 16 Europian Campaign
www.voteat16.com
www.un.org/youth
www.lawcommission.gov.np
www.election.gov.np
www.moys,gov.np



## हार्दिक समवेदना



**इन्सेक क्षेत्रीय कार्यालय धनगढीका कृष्ण वि.क.का बुबा रघुवीर विश्वकर्माको ८९ वर्षको उमेरमा २०६९ पुस २७ गते असामयिक निधन भएकोमा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ।**

**इन्सेक परिवार**

## हार्दिक समवेदना



**विगत लामो समयदेखि मानवअधिकार शिक्षा क्लब (रिलेक नेपाल) मा आबद्ध भई मानवअधिकारको क्षेत्रमा क्रियाशील रुद्रबहादुर खड्काकी आमा कृष्णकुमारी खड्काको २०७० जेठ १४ गते असामयिक निधन भएकोमा शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै मृत आत्माको चीर शान्तिको कामना गर्दछौं।**

**इन्सेक परिवार**

# न्याय माग्दा बगेका आँशु अक्षरमा

*पुस्तकको नाम: पीडाका ५००० दिन*
*लेखक: सावित्री श्रेष्ठ*
*प्रकाशक: उज्जन (भुवन) स्मृति प्रतिष्ठान, लाजिम्पाट काठमाडौँ।*
*पृष्ठ सङ्ख्या: १३७*
*मूल्य: रू. २२५*

कोरा कागजमा केही कुरा कोर्दैमा लेखक हुन गाह्रो हुँदोरहेछ। कुनै विषयमा लेख्नु भनेको जीवनका बारेमा लेख्नु हो। त्यो जीवन चाहे अरूले भोगेको होस् चाहे आफूले। समाजका भिन्न भिन्न व्यक्तिले भिन्न भिन्न तरिकाले भोगेको जीवनलाई नै एउटा डायरीमा कैद गरेर प्रकाशमा ल्याउने हो भने त्यो राम्रो साहित्य बन्छ। हुन त लेख्नका लागि मनमा गुम्सिएका भावनालाई उतार्न सक्ने दरिलो मुटु पनि आवश्यक पर्ने रहेछ। भर्खरै प्रकाशमा आएको न्यायका लागि सबैसँग हार गुहार गरिरहेकी एक निर्दोष महिला सावित्री श्रेष्ठको पुस्तक ... **पीडाका ५००० दिन"** ले त्यही भन्छ।

सावित्रीको पुस्तक भित्र छिर्नु अघि उनको बारेमा थोरै जानकारी राख्नु राम्रो हुन्छ। सावित्री उज्जन कुमार श्रेष्ठकी दिदी हुन्। ओखलढुङ्गा जिल्ला टारकेराबारीस्थित खहरे खोलामा व्यक्तिगत रिसइवीका कारण बालकृष्ण ढुङ्गेल लगायतबाट उज्जनको २०५५ असार १० गते हत्या भयो। हत्यापछि बालकृष्ण माओवादी कार्यकर्ता बनेर गत संविधानसभाको चुनावमा सभासद् समेत बने। आफ्नो भाइको हत्यापछि परिवारले भोगेको यथार्थतालाई उनले पुस्तककार दिएकी छिन्। पुस्तकको अध्ययन पछि जो कोही पाठकले उनलाई भिन्न तरिकाले चिन्नेछन्, एक निर्भिक साहसी महिलाका रूपमा।

मानिसले जीवनमा भोगेका खुसीका रमाइला पलहरू कति चाँडै भुल्छ वा पीडाले त्यो खुसीका पललाई कसरी छोप्छ यो पुस्तकलाई पल्टाउनासाथ आमपाठकले कल्पना गर्नेछन्। प्रारम्भमा सावित्री श्रेष्ठको परिवार सम्पन्न थियो। जीवन चलाउनका लागि कसैसँग पनि आग्रह गर्नुपरेको थिएन। परिवारमा ११ जना सदस्य भएपनि सावित्राका बाबुको मेहनतले सबै जना खुसी थिए। उनको पुस्तकमा प्रवेश गर्नासाथ **खुसीका ती पल** शीर्षकमा आफ्नो भाईको देहावसान हुनु अघिको पारिवारिक अवस्थाबारे उनले उल्लेख गरेकी छिन्।

मानिसको जीवनमा खुसी धेरै समय कहाँ टिक्दो रहेछ र। व्यक्तिगत कामको सिलसिलामा घरबाट बाहिरिने क्रममा उनका भाइ उज्जनको निर्मम तरिकाले हत्या गरियो। बालकृष्ण ढुङ्गेल, पुस्कर गौतम लगायतले उनको व्यक्तिगत रिसइवीको आधारमा हत्या भएको प्रष्ट थियो। यो कुरा सावित्रीले मात्र भनेकी भए उनले विषयगत रूपमा आफ्नै जीवनको परिधिलाई उतारिरहेकी छिन् भन्ने हुन्थ्यो तर नेपालीले हरहमेसा भरोसा गर्ने गरेको निष्पक्ष न्यायालयले बोलेको कुरा हो यो। उनले यस पुस्तकमा उपलब्ध प्रमाण सहित उपरोक्त कुरालाई पुष्टि गर्ने प्रयास गरेकी छिन्।

उज्जनको हत्यापछि पीडितले गर्नुपर्ने धर्म उनको परिवारले निर्वाह गऱ्यो। कुनै घरको निर्दोष व्यक्तिलाई निर्मम तरिकाले मार्दा परिवारको कुन सदस्य चुप लागेर बस्छ र ? यो संसारको कुनैपनि ठाउँमा लागु हुँदैन। पीडित परिवारले न्यायका लागि आवश्यक प्रक्रिया सहित प्रहरी प्रशासनको ढोका ढकढक्यायो। आक्रोशमा मृत्युको बदला मृत्यु भन्दै हिँडेन। तर हत्या गर्ने बालकृष्ण लगायतका मान्छेहरू आफूलाई जोगाउनका लागि माओवादी पार्टीका कार्यकर्ता बने। त्यो बेला माओवादीमा प्रवेश गरेको व्यक्ति प्रहरीमा ल्याउनु निक्कै कठिनको कुरा थियो। सायद बालकृष्णले त्यहीं आफूलाई सुरक्षित महशुस गरे र माओवादी कार्यकर्ता बने। यो घटना पछि जसरी पुस्तकको अर्को अध्याय सुरू हुन्छ त्यसरी नै सावित्रीको परिवारको पनि अर्को अध्याय सुरू हुन्छ। खेतमा काम गरिरहेका उज्जनका दाइ गणेशलाई माओवादी कार्यकर्ता खोज्दै घर आउँछन्। गणेशकी छोरीले आएका व्यक्तिलाई पाहुना सम्झेर खेतसम्म पुऱ्याइदिन्छिन्। काम गरिरहेका उनलाई उज्जनको बारेमा सोधीखोजी गरेको आरोपमा गोली हानेर मारिन्छ। सावित्रीले न्यायका लागि लडेका अर्का एक जना परिवारको दरिलो सदस्य गुमाउँछन्। उनले जीवनमा धेरै शोक भोगिन तर अविस्मरणीय र भावविह्वल बनाइरहने शोकलाई उनले क्रमिक रूपमा केलाउने प्रयास गरेकी छिन् यो पुस्तकमा। गणेशको हत्यालाई उनले दोश्रो शोक शीर्षकमा कैद गरेकी छन्।




उनका दाइ गणेशको पनि हत्या भएपछि उनकी छोरी रचना झन् शोकमा पर्छिन्। बारम्बार आफ्नो बाबाको हत्या मेरै कारणले गर्दा भएको हो भनेर चिन्तित बन्छिन्। यही कारण उनको एसएलसी परीक्षा समेत बिग्रन्छ। उनी झन् तनावमा पर्छिन। परिवारले उनलाई सम्झाउँछन् र अर्को विद्यालयमा भर्ना गरिन्छ। त्यहाँबाट उनले एसएलसी पास गर्छिन्। सायद उनी परीक्षा पास हुँदा समेत खुसी भइनन् किनभने उनको खुसीमा अर्को खुसी थप्ने बाबा उनीसँग थिएनन्। जति परिपक्व हुँदै गइन त्यही उनको मनले एक तमासले सोचिरह्यो, "मेरै कारणले बाबाको ज्यान गयो।" अन्तत: आफ्नो सफलताको कुनै मतलब नगरी उनले आफ्नै जीवन अपर्ण गरिन् २०६५ जेठ २९ गते आफ्नै गलामा पासो लगाएर। सावित्रीले यसलाई आफ्नो पुस्तकमा तेश्रो शोकको शीर्षक दिएर उल्लेख गरेकी छिन्।

न्यायका लागि लड्ने बाध्यता अब सावित्रीको काँधमा आयो। उनी न्यायका लागि सर्वोच्च अदालतसम्म पुगिन्। अन्तत: न्यायालयले उनकै पक्षमा फैसला गऱ्यो। तर प्रहरी प्रशासनकै मान्छेसँग हिँडिरहेको व्यक्ति प्रहरीकै आँखामा फरार अभियुक्त भयो। अदालतको निर्णय कुनै सरकारले पनि कार्यान्वयन गर्न सकेन। जनताको भाग्य र भविष्य कोर्ने भनिएको संविधानसभामा जनताको संविधान लेख्न उनी सभासद चुनिए। केही आशा गरेकी सावित्री र उनको परिवारले झन् पीडा बेहोर्नु पऱ्यो।

सावित्रीले न्याय माग्दा धेरै पटक अन्याय बेहोरिन्। उनले धेरै कुरा पुस्तकमा उल्लेख गरेकी छन्। उनलाई मार्ने धम्कीसमेत बारम्बार आउन थाले। एनेकपा माओवादी लगायत केही राजनीतिक पार्टीबाट बनेको सरकार बालकृष्णको मुद्दा फिर्ताका लागि राष्ट्रपतिलाई सिफारिस गर्न समेतपछि परेन।

न्यायका लागि कुन कुन पक्षले कसरी सहयोग गरे ? नागरिक समाजको भूमिका के रह्यो? भन्ने सबै यथार्थतालाई उनले यस पुस्तकमा केलाउने प्रयास गरेकी छिन्। उनको पक्षमा आएका समाचारहरू, न्यायका लागि गुहार गर्दा सम्बन्धित निकायमा प्रेषित पत्र, प्रेस विज्ञप्ति आदिलाई उनले जस्ताको तस्तै पुस्तकका राखेकी छिन् पुस्तकको दोश्रो परिच्छेदमा। आफ्ना दाजु भाइ तथा परिवारका अन्य सदस्यहरूको फोटाहरूले उनको यो पुस्तकलाई झन मर्मस्पर्शी बनाएको छ।

आम पाठकले पुस्तक पढिसकेपछि कुनै कुनै कुराहरू विस्तृतरूपमा खोज्छन्। उनकी भदै रचनाको आत्महत्या भन्दा अगाडिको अवस्था, उज्जन र गणेशको हत्या पछिको समाजको उनीहरूप्रतिको दृष्टिकोण आदिलाई पाठकले बुझ्न खोज्छन्। तर उनको यो पुस्तक न्यायको ढोका ढकढक्याउँदा आफूले भोगेका भोगाइप्रति मात्रै लक्षित छ। पुस्तक पढिसकेपछि आमपाठकले भन्नेछन्,सावित्राले न्याय माग्दा भोगेका पीडाबाट बगेका आँशुले लेखिएको हो यो पुस्तक।

***प्रस्तुती- विनोद गौतम***

# झुसिल्किरा

– निधि

## लघुकथा

आज शर्मिला म्याम घरमा काम परेर नआउने रे, क्लास थ्रीको फर्स्ट क्लास लिइदिनुपर्ने भयो।

भइहाल्छ नि, सर।

गुड मर्निङ....

शर्मिला म्यामको सट्टा मलाई देखेर उत्सुक भएका विद्यार्थीलाई सम्बोधन गर्दै मैले भने।

गुड मर्निङ (म्याम)

आज शर्मिला म्याम आउनुहुन्न। त्यसैले म आएँ। कहाँसम्म पढाउनुभएको छ म्यामले ?

कक्षा शुरु गरैं।

'अरे रविना, तिमी किन उठिरहेकी ? बसेर किताब खोल न।'

'म्या...म, यो रविना त यस्तै छ। अस्ति पनि उठिरहेको थियो, शर्मिलाले बस भन्दा पनि बसेन अनि म्यामले गाली गरेपछि मात्र बसेको।' जसको पनि कुरा लगाउने छुकछुके सुदीप अगाडिबाट करायो।

मलाई उसले यसरी कुरा गरेको मन परेन शर्मिला म्यामले रविनालाई गाली गरेको भन्ने सुन्दा पनि नमीठो लाग्यो।

'ल, सबै जना च्याप्टर टु शुरुदेखि पढ्न थाल..'

रविना टाउको निहुराएर उठिरहेकी नै थिई। म उसको नजिकै गएँ। के भयो रविना तिमीलाई ? मैले सुस्तरी सोधेँ।

बस्दा मलाई दुख्छ, उसले मुण्टो निहुराएर मसिनो स्वरमा भनी।

'दुख्छ ? कहाँ ?' मैले सोधिहालैं तर जवाफ कुर्नुपरेन। उसको अँध्यारो मुहार, डब्डबाएका आँखा र अस्ति घण्टी लागेपछि ऊसँगको कुराकानी ...।

'तिम्रो ममी कहाँ हुनुहुन्छ ? मलाई उहाँको नम्बर देऊ त।'

मेरो कुराले उसको मुहार केही उज्यालो भएझैँ लाग्यो।

टिनननननन........

घण्टी लाग्यो। झटपट किताब झोलामा हालेर, झोला काँधमा राख्दै सबै विद्यार्थी पिँजडाबाट छुटेको चरा झैं उन्मत्त भएर कक्षाबाट बाहिर हुर्रिन आतुर भए। मैले हाँस्दै उनीहरूलाई आफू अगाडि नै जान अनुमति दिएपछि उनीहरू फुक्का भएर बाहिर दौडिए। म पनि चक, डस्टर सम्हाल्दै ब्याग बोक्न थालैं। कक्षा सुनसानै लागेको थियो। तर लास्ट बेञ्चमा रविना भने टाउको झुकाएर बसिरहेको देखैं।

निदाएकी हो कि, यो केटी केही महिनादेखि एकदमै झोक्राउन थालेकी छ। त्यस्ती चञ्चल, नाच्न र गीत गाउन भनेपछि दोस्रो चोटि भन्न नपर्ने, अरु टिचरले पनि उत्तिकै मन पराउने रविनालाई केही त भएकै छ। टिचर्स रुममा पनि कुरा त चलेकै हो। अरुमा गतिविधि सुस्त भएपनि नाच्न भनेपछि त पटक्कै अगाडि जान्न।

'ए रविना.... आज यतै बस्ने सुर छ कि क्या हो ?' मैले जिस्काउँदै भने। उसले मेरो मुखमा पुलुक्क हेरी अनि फेरि टाउको निहुराई।

उसको व्यवहार सामान्य त होइन। के भयो रविना तिमीलाई ? सञ्चो भएन ?

'आज मम्मीको नाइट ड्युटी छ...' अँध्यारो अनुहार लगाएर उसले भनी।

'ए... आज कोही लिन आउनुहुन्न उसोभए ?'

'अहँ', उसले मुण्टो हल्लाई।

'बाबा त हुनुहुन्छ नि ?' मैले सोधेँ।

उसले फेरि मलाई पुलुक्क हेरी।

मैले भनैं, 'चिन्ता लिनु पर्दैन। आज मलाई तिम्रै घरतिर जानुपर्नेछ। म पुऱ्याइदिउँला नि त। तिम्रो दाइ कहाँ कुरिरहेको छ ?'

हिजो धेरै नै काम पऱ्यो। स्कूलबाट सिधै दाइकोमा गएँ। दाइकी छोरीको जन्मदिन, जानैपऱ्यो। फर्कँदा आफू थाकेर हत्तु। आज त चार पिरियड लिन पनि गाह्रो होला जस्तो।

आइपुग्नुभयो म्याम (म्याडम र मिस), प्रिन्सिपल सरले सोधे।

'हजुर सर।'

# केही छुचुन्द्राहरू

– गोपाल रेग्मी

राष्ट्र च्यात्ने इतिहासमा
मसिहा बन्ने दौडमा
बाघको छाला ओढेर
केही छुचुन्द्राहरू
लिग–लिगको बाटोमा
लाम लागेर
जुठो देशभक्ति
झूटा आलापहरू
बक्दै छन्
अन्तर्राष्ट्रिय सट्टा बजार
अहिले काठमाडौँमै सरेको छ

प्रभुको कृपासँग
स्वाभिमानको
सौदाबाजीको
नेप्से इन्डेक्स
निरन्तर बढ्दो छ

निर्विघ्न र निर्लज्ज
मुलुकको सुनौलो बिहानीमा
आँसी पोल्न खोज्नेहरू
तर होस गर
तिमीले भन्दैमा
मधेसको सम्बन्ध
हिमालसँग टुट्दैन

देश तिम्रा बाबुको विरासत
गैरी खेत हैन
रजौटाको राजा बन्ने तिम्रो सपना
हिमालले छादने
ज्वालामुखीले डढाउने छ
मधेसले ल्याउने आँधीले उडाउनेछ
पहाडले बर्साउने बाढीले बगाउनेछ

याद गर–
माटो मात्र हैन
साझा भावना हो देश
साझा सपना हो देश
साझा भविष्य हो देश !

(साभार : शताब्दी)

# लिक बाहिर गएको राजनीतिलाई लिकमा ल्याउन पनि चुनावको विकल्प छैन

**भोजराज पोखरेल निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त हुनुहुन्छ। माओवादी सशस्त्र द्वन्द्वको विधिवत अन्त्य गर्ने गरी भएको विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुसार सम्पन्न ऐतिहासिक संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन उहाँले निर्वाह गर्नु भूमिका सराहनीय मानिन्छ। पहिलो संविधानसभाको विघटन भइ संविधानसभाको दोश्रो निर्वाचनको मितिसमेत तोकिएको अवस्थामा नयाँ निर्वाचन र यसका चुनौतीका विषयमा रमेश तिमिल्सिनाले श्री पोखरेलसँग गर्नुभएको कुराकानी प्राचीको यस अङ्कमा प्रस्तुत गरेका छौँ।**



**दोस्रो पटक गर्न लागिएको संविधानसभा निर्वाचन– २०७० को तयारी कस्तो पाउनुभएको छ ?**

पहिलेको संविधानसभा किन असफल भयो ? दोस्रो संविधानसभाको निर्वाचन गरेर के उपलब्धि हासिल गर्छौं भन्ने विषय अझै पनि स्पष्ट भइसकेको छैन। हिजोको संविधानसभाले किन बनाउन संविधान सकेन ? कारण के थिए ? कुन तत्व त्यसको लागि जिम्मेवार थियो ? अब ती कमीकमजोरीलाई कसरी व्यवस्थापन गरेर अब आउने संविधानसभाले संविधान दिन्छ भनेर जबसम्म आस्वास्त र विश्वस्त गरिने एउटा वातावरण बन्दैन चुनावको माहौल निर्माण कठिन हुन्छ। तैपनि आशङ्काको बीचमा विभिन्न पक्षले गर्नुपर्ने गरिराख्या छन्। सबैभन्दा बढी चुनाव लाग्ने भनेको राजनीतिक दलहरूलाई हो। राजनीतिक दलहरूमा चुनावको कुरालाई लिएर विवादित मनस्थिति देखिन्छ। चुनावकै पक्षमा लागेका राजनीतिक दलहरूको नेतृत्व तहमा चुनाव हुन्छ र गर्नुपर्छ भन्ने माहौल देखिन्छ। अन्य तहमा कार्यरत कार्यकर्ताहरू भने अझै अलमलमा रहेको अन्यौल्ताले छाडिनसकेको अवस्थामा हुनुहुन्छ। चुनावमा निश्चितता भइनसकेको अवस्था प्रष्टिन्छ। अर्कोतिर चुनाव हाम्रो पनि प्राथमिकता हो तर यथास्थितिमा चुनावमा आउनुहुन्न भन्ने राजनीतिक पाटो छ। त्यो पाटोलाई संवेदनशील भएर चुनावमा ल्याउन गरिनुपर्ने प्रयास पनि पर्याप्त छैन जस्तो देखिएको छ। राजनीतिक क्षेत्र जुन चुनावको लागि सबैभन्दा महत्त्वपूर्ण पाटो हो त्यो आफैं पनि अलिकति अलमलमा भा को हो कि ! भन्ने एउटा देखिन्छ। अर्कोतिर तयारीको कुरा गर्दा निर्वाचन आयोग हो। जसको सम्पूर्ण जिम्मेवारी नै यही हो। त्यसमा आयोगले गरेको काम चित्तबुझ्दो नै छ। यदि खेलाडीहरू मैदानमा आएनन्, खेल्न तयार भएनन् भने त्यो प्राविधिक र कानुनी तयारीले मात्रै निर्वाचन हुँदैन।

**चुनावका लागि बनाइएको सरकार चुनावभन्दा गैर चुनावकेन्द्रित काममा अल्मलिएको छ। चुनावका लागि अर्को भाग भनेको अन्तर्राष्ट्रिय जगत हो। अन्तर्राष्ट्रिय जगत भने भनेकै बेलामा चुनाव गर्नुपर्छ भन्ने कुरामा दृढ रहेको छ। उसप्रति कुनै आशङ्का गर्ने ठाउँ छैन। यी सबै कुराहरूलाई हेरेर भन्न सकिन्छ कि व्यापक आशङ्काहरू छन्। तर, चुनाव मङ्सिरमा हुनुपर्छ, गर्नुपर्छ। लिक बाहिर गएको राजनीतिलाई लिकमा ल्याउन पनि चुनावको विकल्प छैन।**

**भनेपछि चुनावको तयारीमै शङ्का छ ?**

राजनीतिक प्रक्रिया र राजनीतिक दलहरूको तालमेल नमिल्दा आशङ्का पैदा भएको छ। तेस्रो खेलाडी भनेको सरकार हो। यही कामको लागि मात्रै भनेर मुलुकले ठूलै खतरा (रिस्क) लिएर यो सरकार बनाइएको छ। संविधानभन्दा बाहिर गएर बनाइएको यो सरकारको कामकाजले मेरो मुख्य काम चुनाव हो भनेर अनुभूत गराउन नसकेको हो कि भन्ने आमधारणा छ। म त्यो आमधारणाबाट असहमत छैन। किनभने चुनावका लागि बनाइएको सरकार चुनावभन्दा गैर चुनावकेन्द्रित काममा अल्मलिएको छ। चुनावका लागि अर्को भाग भनेको अन्तर्राष्ट्रिय जगत हो। अन्तर्राष्ट्रिय जगत भने भनेकै बेलामा चुनाव गर्नुपर्छ भन्ने कुरामा दृढ रहेको छ। उसप्रति कुनै आशङ्का गर्ने ठाउँ छैन। यी सबै कुराहरूलाई हेरेर भन्न सकिन्छ कि व्यापक आशङ्काहरू छन्। तर चुनाव मङसिरमा हुनुपर्छ, गर्नुपर्छ। लिक बाहिर गएको राजनीतिलाई लिकमा ल्याउन पनि चुनावको विकल्प छैन। राजनीतिक वैद्यताका लागि छलफल चलाउने निर्वाचित संस्था पनि नभएको कारण चुनावको विकल्प खोज्ने कुरै हुँदैन।

**चुनाव हाम्रो पनि प्राथमिकता हो तर यथास्थितिमा चुनावमा आउनुहुन्न भन्ने राजनीतिक शक्तिलाई कसरी चुनावमा समाहित गर्न सकिएला त ?**

चुनाव, चुनावका लागि मात्रै त जस्तोसुकै अवस्थामा पनि गर्न सकिन्छ। २०५६ सालमा पनि माओवादी बाहिर भएका बेलामा हामीले चुनाव गरेकै हो। चुनावमा कोही आउन पनि सक्छ नआउन पनि सक्छ उसको खुसीको कुरा हो। तर, मुलभूत प्रश्न यहाँनेर छ कि यो चुनाव हामी केका लागि गर्दैछौं ? यदि यो चुनावबाट दीर्घकालीन निकास मुलुकले खोजेको हो भने राष्ट्रका सबै शक्तिको मतऐक्य हुनुपर्छ। होइन भने ती कुराहरू विवादित हुनसक्छन्। संविधान बनाउनका लागि संविधानसभाको चुनाव गर्दैछौं र त्यो संविधानसभाले बनाउने संविधान भोलि कसैले मान्छु कसैले मान्दिन भनिदियो भनेदेखि त समस्या भो। मान्छु र मान्दिन भन्ने कुराको निरुपणका लागि संविधानको निर्माण प्रक्रियामा सबैको सहभागिता चाहियो। चुनावै गर्न त उनीहरू नआए पनि सकौंला तर निकास दिँदैन कि भन्ने सबैभन्दा ठूलो डर छ। हिजो सबैको सहभागिताबाट आएको संविधानसभाले त निकास दिन सकेन। शक्ति विभाजित भएपछि त झन जटिलता आउँछ। यसमा दुईमत छैन।

**पहिलेको चुनावको तुलनामा मतदाताको सङ्ख्या घटेको अवस्था छ। यसले चाहिँ कस्तो असर पार्छ त ?**

यसमा पनि विभिन्न पाटाहरू गाँसिएका छन्। ११ बुँदे र २५ बुँदे सहमति सम्झौता गर्दा एउटा बुँदामा मतदातासम्बन्धी विवादलाई निरुपण गर्न भनि तीनओटा स्रोतलाई आधार मान्ने भनिएको छ। तीनओटा भनेको २०६४ को मतदाता नामावली, अहिलेको औँठाछापसहितको नामावली र त्यो सहमतिपछि जारी गरिएका नागरिकताका आधारमा आउने मतदाता हुन्। तर, अहिले निर्वाचन आयोगले प्रकाशन गरेको नामावलीमा त्यस्ता मान्छेहरू छुटे भन्ने दलहरूको विमति रहेको छ। हिजोको नामावलीमा दोहोरो परीक्षणको माध्यम नहुँदा निश्चित रूपमा केही त्रुटिहरू थिए नै। मरेका मान्छेहरूको पनि नाम हुने, दोहोरिने लगायतका कमी कमजोरी थिए। ती कमी कमजोरीलाई कम गर्नका निमित्त नै नयाँ औँठा छापसहितको परिचयपत्र शुरु गरिएको हो। अहिलेको नामावली दर्ता गर्न व्यक्ति स्वयम् आउनुपर्ने भएकाले केही समस्याहरू पनि भएका हुन सक्छन्। लाखौँ मान्छेहरू बाहिर भएका कारणले गर्दा नामावली छुटेको हुनसक्छ। कतिपय मान्छेसँग नागरिकताको प्रमाणपत्र नै छैन। हुन त असारको ७ दिन बाँकी छँदा आयोगले २०६४ को चुनावमा नाम छ र गाविसको सिफारिस भयो भने राखौं भनेर भन्यो। तर, त्यो समय पर्याप्त हुन सकेन। हाम्रो अनिवार्य मतदानको प्रणली नभएकाले पनि जरुरी छैन भन्ने हरूपनि होलान्। त्यो उनीहरूको खुसीको कुरा हो। यस्तै कारणले गर्दा ३५/४० लाख मतदाता छुटेका हुन्। निर्वाचनमा पर्ने असरका विषयमा यति धेरै मतदाता छुटेको अवस्थामा दलहरूको प्रतिक्रिया कस्तो हुन्छ त्यसमा भर पर्छ।

**आफ्नो नीति कार्यक्रममा आकर्षित गर्ने होइन कि प्रलोभन देखाएर आकर्षित हुन बाध्य पार्ने प्रचलनले पनि निस्पक्ष निर्वाचनमा अवरोध पुऱ्याइरहेको हुन्छ। सरकारले यस्ता कुरा निमिट्यान्न पार्न सक्नुपर्छ। सरकारको कारणबाट पनि चुनावजन्य हिंसाहरू छ। चुनावमा धाँधली हुन्छ। जो सत्तामा छ उसले आफ्नो पक्ष वा आफ्नो भनिएको पक्षमा राज्यको साधन र स्रोत लगाउने र अरुलाई अप्ठेरो पार्ने प्रवृत्तिहरू देखापरेको छ। र, त्यस्तो नहोस् भनेर एउटा निस्पक्ष सरकार भइदिए हुन्थ्यो भन्ने चाहना हो। हुन त अहिले स्वतन्त्र सरकार छ। तर, यो सरकार पनि राजनीतिक दलको छाँया भन्दा बाहिर छ भनेर जनताले अनुभूत गर्न सकेनन्। त्यो अर्थले स्वतन्त्र भन्न पनि गाऱ्हो भयो। किनभने आचारसंहिता लागु हुनुभन्दा पहिला रातारात गरेर सरुवा बढुवाको खेल भयो। त्यो जरुरी थिएन।**

**भनेपछि विगतका निर्वाचनमा भन्दा यसपटक हुने निर्वाचन स्वच्छ चाँहि हुन्छ ?**

मतदाताको पहिचानका लागि उसको औँठा छाप पनि छ। तस्वीर पनि छ। यसले गर्दा यो हो कि होइन भन्नलाई सजिलो छ। तर, कसैले धाँधली गरेर मतदान केन्द्र नै कब्जामा लिएर एकछापे लगाउने खालका क्रियाकलापलाई त के गर्ला र ? अरु हिसाबले चाँहि स्वतन्त्र र निस्पक्ष हुन्छ।

**निस्पक्ष निर्वाचनका लागि महत्वपूर्ण तत्वहरू केके हुन ?**

तीन ओटा तत्वहरू हुन्छन्। एउटा तत्व भनेको सबैले आफूले गर्न हुने काम गर्ने र गर्न नहुने काम नगर्ने हो। कानुन छ, कानुनको पालना गरिदिए त त्यहाँ केही समस्या नै छैन नि ! त्यसको आत्मबोध सबैभन्दा पहिला राजनीतिक शक्तिहरूले गर्नुपऱ्यो। दलहरू, उम्मेदवारहरूले आत्मबोध गर्नैपर्छ। हिजोको निर्वाचनलाई अलिकति विवादित बनाउने कारण नै निर्वाचनजन्य हिंसाहरू हो। देखिने र नदेखिने दुवै किसिमका हिंसा। एउटा अध्ययनले देखाएको छ कि हिंसा गर्ने पात्रहरू पनि र हिंसा पीडित पात्रहरू पनि राजनीतिक दलकै बढी छन्। हिंसा गर्ने ६४ प्रतिशत राजनीतिक दलकै छन्। हिंसा खेप्ने ६७ प्रतिशत राजनीतिक दलकै छन्। यसले के देखाउँछ भने ६० प्रतिशत भन्दा बढ्ता हिस्सा चाहिँ राजनीतिक दल, उम्मेदवार र उनीहरूकै वरिपरि छ। जबसम्म त्यो वृत्त शुद्ध हुँदैन तबसम्म शुद्ध निर्वाचनको परिकल्पना गर्न सकिन्न। आममानसिकता छ कि जसरी पनि चुनाव जित्नुपर्छ। चुनाव जसरी पनि जित्ने चिज होइन जनताको मन जितेर जनताले 'जेन्यून' मतदान गरेर जित्ने हो। जसरी पनि चुनाव हुनुपर्छ र जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मानसिकतालाई

हटाउन सकेमा चुनाव स्वतन्त्र र निस्पक्ष हुन्छ। तेस्रो कुरा प्रलोभन हो। अझैपनि चुनाव अगाडि कतिपय ठाउँमा राँगा ढाल्नेलगायत यावत किसिमका प्रलोभनमा आम मतदातालाई पार्ने गरिएको तीतो यथार्थ छ। आफ्नो नीति कार्यक्रममा आकर्षित गर्ने होइन कि प्रलोभन देखाएर आकर्षित हुन बाध्य पार्ने प्रचलनले पनि निस्पक्ष निर्वाचनमा अवरोध पुऱ्याइरहेको हुन्छ। सरकारले यस्ता कुरा निमिट्यान्न पार्न सक्नुपर्छ। सरकारको कारणबाट पनि चुनावजन्य हिंसाहरू छ। चुनावमा धाँधली हुन्छ। जो सत्तामा छ उसले आफ्नो पक्ष वा आफ्नो भनिएको पक्षमा राज्यको साधन र स्रोत लगाउने र अरुलाई अप्ठेरो पार्ने प्रवृत्तिहरू देखापरेको छ। र, त्यस्तो नहोस् भनेर एउटा निस्पक्ष सरकार भइदिए हुन्थ्यो भन्ने चाहना हो। हुन त अहिले स्वतन्त्र सरकार छ। तर, यो सरकार पनि राजनीतिक दलको छाँया भन्दा बाहिर छ भनेर जनताले अनुभूत गर्न सकेनन्। त्यो अर्थले स्वतन्त्र भन्न पनि गाऱ्हो भयो। किनभने आचारसंहिता लागु हुनुभन्दा पहिला रातारात गरेर सरुवा बढुवाको खेल भयो। त्यो जरुरी थिएन।

**त्यसो भए निर्वाचन अझै धेरै स्वच्छ बनाउन पहिला मतदातालाई सचेत गराउनु जरुरी छ ?**

सबैभन्दा मूल कुरा त मतदाता नै हुन्। मतदाताले चाह्यो भने उसले अस्वीकार गर्न सक्छ। स्वीकार गर्न सक्छ। प्रतिकार गर्न सक्छ। प्रलोभनमा पार्न खोज्नेलाई लखेट्न सक्छ। यसले गर्दा सबैभन्दा बलियो हुनुपर्ने नै हाम्रा मतदाता हुन्।

**यो पाटो चाहिँ हाम्रो कमजोर नै छ भन्न खोज्नुभएको हो ?**

हाम्रो सामाजिक परिवेश, समाज जुन छ त्यो भन्दा भिन्न परिकल्पना गर्न सकिन्न। हाम्रो समाजको चित्रण हेर्नुस् न समाज आशामुखी छ। समाजलाई अपेक्षा छ। समाजले नीति भन्दा पनि यो मान्छेले मेरो समस्या बुझ्छ भन्ठान्छ। राजनीतिक दलहरूले आफ्नो नीतिका बारेमा स्पष्ट भन्न सक्नुपर्छ। भन्नुपर्छ। गरीबी र अशिक्षाका कारण मेरो भोट बेचे पनि हुन्छ भन्ने खालका धारणाहरू छन्। मरो भोटको प्रभाव के हो भन्ने सोचको विकास गराउन आवश्यक छ। यसको दोष व्यक्तिलाई दिएर हुँदैन। समाजको परिवेश र परिस्थिति यसमा जिम्मेवार हुन्छ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र तथा राष्ट्रिय कानुनले यस्ता कुरालाई त बन्देज लगाएको छ नि ?**

अरु कानुनतिर जानै पर्दैन आचारसंहिताले नै संसारका सबै सिद्धान्तहरूलाई सम्बोधन गरेको छ। कानुनले यस्तो काममा बन्देज लगाएको छ। तर, समाजमा यस्ता समस्याहरू व्याप्त छन्।

**आचारसंहिता पालना नगर्नेलाई कस्तो कारवाही हुन्छ त ?**

आचारसंहिता जारी भएपछिको अवस्थामा निर्वाचन आयोगले केही गरेन भन्ने चलन छ। तर, विद्यमान कानुन त जहिले पनि छ नि ! आयोगले त सचेत तुल्याउने सिफारिस गर्नेजस्ता काम गर्ने हो। कानुन अनुसारको कारबाही त सरकारले गर्नुपर्छ। यसपटक भने त्यस्ता घटना हुँदैनन् भन्ने आशा गरौँ। भइहाले पनि गैर दलीय सरकारले कानुन अनुसारको कारबाही गर्ने अपेक्षा गरौँ। सञ्चार माध्यमलाई चाहिँ उम्मेदवारी दर्ता गरेपछि मात्रै आचारसंहिता लगाएको भए राम्रो हुने थियो कि भन्ने लाग्छ।

**संविधानसभाको निर्वाचन-२०६४ मा आचारसंहिता विपरीतका काम गर्नेलाई कारबाही भएको थियो ?**

कारवाही नभएको होइन। म शुरुमा जाँदा एउटा नमुना चुनाव गराउँछु भन्ने घमण्ड लिएर गएको थिएँ। यो मुलुकमा राम्रो चुनाव गराएर देखाउँछु भन्ने थियो। त्यो कुरा मैले नबुझिकन बोल्या रहेछु। कालान्तरमा काम गर्दै जाँदा मैले के बुँझे भने म चुनाव गराउन होइन द्वन्द्व व्यवस्थापनका लागि गएको रहेछु। त्यतिखेर तरबारको धारमा बसेर चुनाव गराउनुपर्ने थियो। त्यतिखेरको मुलुकको प्राथमिकता भनेको 'बुलेट' समाएको शक्तिाई 'ब्यालेट' मा ल्याउनु थियो। आयोगका कुनैपनि गतिविधि र कारबाहीले शान्ति प्रक्रियालाई असर गर्छ कि भनेर पाइलै पिच्छे हेर्नुपर्ने थियो। त्यसैले स्वतन्त्र रूपले निर्वाचनका सिद्धान्त एकठाउँमा छन् भने आयोगको कामले कहीँ कतै शान्ति प्रक्रिया त भाँडिदैन भन्ने नै थियो। शान्तिप्रक्रियाका विषयमा अलिकति तलमाथि हुने बित्तिकै मुलुक कहाँबाट कहाँ पुग्छ। त्यसले गर्दा कतिपय अप्ठेरो अवस्था पऱ्यो, कतिपय अवस्थामा सम्झौता गर्नुपऱ्यो। त्यो भनेर केही नभएको भन्न पनि मिल्दैन। मौखिक उजुरी आउने तर लिखित गर्न मान्छेहरू डराउने अवस्था थियो २०६४ सालमा। लेखेर कसैले पनि नदिने अवस्था थियो। कुटपिटलगायतका घटनामा त निर्वाचन आयोगले केही गर्ने होइन विद्यमान कानुन अनुसारका कारबाही गर्ने हो। त्यतातिर सरकारले कुनै चासो देखाएन।

**फौजदारी अभियोग लागेकाहरू पनि निर्वाचनमा उम्मेदवार हुने भए। कस्तो लागिरहेको छ ?**

यहाँ मात्रै होइन संसारभरिकै कुरा के छ भने जबसम्म अभियोग प्रमाणित हुँदैन तबसम्म उ अपराधी सावित हुँदैन। अभियोग त राज्यले चाह्यो भने जसलाई जुनबेला पनि लगाउन सक्छ। अभियोग लागेकै आधारमा कसैको नागरिक अधिकार हरण गर्न मिल्दैन। अदालतबाट अन्तिम फैसला भई अभियोग प्रमाणित भएकाहरूको हकमा त कानुन ले नै भनेको छ। राज्यको कमजोरीका कारण कतिपय मुद्दा लामोसमयसम्म चलिरहेका छन्। बेलैमा फैसला गरिदिएको भए हुन्थ्यो। तर, हुन सकेन। उनीहरूको राजनीतिक अधिकार त छ नि ! त्यो खोस्न मिल्दैन।

**मङ्सिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन हुनेमा यहाँलाई विश्वास छ ?**

होइन मलाई यो चुनावको आशा पनि छैन। निराशा पनि छैन। चुनाव भइदियोस् भन्ने मेरो चाहना छ। सबैतिर 'कन्फ्युज्ड' देख्छु म अब चुनाव गर्ने भनेर हामीले भनिसक्यौँ। चुनावको कार्यक्रम आयोगले ल्याईसक्यो। अन्तिम चरणमा गरिने कामको रुपमा लिइने आचारसंहिता लागु भइसक्यो। मुलुकको संवैधानिक निकायले सबै कुरा नदेखी कामहरू गरिरहेको छ जस्तो मलाई लाग्दैन। खेलाडीहरू सबैले मुलुकको संवेदनशीलतालाई विचार गरेर सबैले आआफ्ना अहम्‌तालाई व्यवस्थापन गरेर सबैको सहभागिता गराएर मङ्सिर ४ गतेको चुनावलाई सफल बनाउन सकियो भने नै यो मुलुकको सफलता हुन्छ।

# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

**मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।**